कात्तिक - २

# सर्वोच्च अदालत बुलेटिन

## पाक्षिक प्रकाशन

वर्ष २७, अङ्क १४ | २०७५, कात्तिक १६-३० | पूर्णाङ्क ६३२



प्रकाशक

**सर्वोच्च अदालत**

रामशाहपथ, काठमाडौं

फोन नं. ४२०००७२८, ४२०००७२९, ४२०००७५० Ext.२५११ (सम्पादन), २५१४ (छापाखाना), २१३१ (बिक्री)

फ्याक्सः ४२०००७४९, पो.व.नं. २०४३८

**Email:** info@supremecourt.gov.np, **Web:** www.supremecourt.gov.np

**सम्पादन तथा प्रकाशन समिति**

| | |
|---|---|
| **माननीय न्यायाधीश श्री हरिकृष्ण कार्की, सर्वोच्च अदालत** | **- अध्यक्ष** |
| **मुख्य रजिष्ट्रार श्री राजनप्रसाद भट्टराई** | **- सदस्य** |
| **नायब महान्यायाधिवक्ता श्री किरण पौडेल, प्रतिनिधि, महान्यायाधिवक्ताको कार्यालय** | **- सदस्य** |
| **रजिष्ट्रार श्री महेन्द्रनाथ उपाध्याय** | **- सदस्य** |
| **अधिवक्ता श्री खम्मबहादुर खाती, महासचिव, नेपाल बार एसोसिएसन** | **- सदस्य** |
| **वरिष्ठ अधिवक्ता श्री खगेन्द्रप्रसाद अधिकारी, अध्यक्ष, सर्वोच्च अदालत बार एसोसिएसन** | **- सदस्य** |
| **प्रा.डा.ताराप्रसाद सापकोटा, डिन, त्रिभुवन विश्वविद्यालय, कानून संकाय** | **- सदस्य** |
| **सहरजिष्ट्रार श्री भद्रकाली पोखरेल, सर्वोच्च अदालत** | **- सदस्य सचिव** |

**सम्पादक :** श्री रामप्रसाद पौडेल

**सम्पादन तथा प्रकाशन शाखामा कार्यरत् कर्मचारीहरू**

शाखा अधिकृत श्री निलकण्ठ बराल
शाखा अधिकृत श्री मन्दिरा शाही
कम्प्युटर अधिकृत श्री विक्रम प्रधान
ना.सु. श्री अर्जुनबाबु सापकोटा
सि.कं. श्री ध्रुव सापकोटा
कम्प्युटर अपरेटर श्री विजय खड्का
कम्प्युटर अपरेटर श्री अर्जुन सुवेदी
कार्यालय सहयोगी श्री राजेश तिमल्सिना

**भाषाविद् :** श्री रामचन्द्र फुयाल

**बिक्री शाखामा कार्यरत् कर्मचारी**

डि.श्री नरबहादुर खत्री

**मुद्रण शाखामा कार्यरत कर्मचारीहरू**

सुपरभाइजर श्री कान्छा श्रेष्ठ
मुद्रण अधिकृत श्री आनन्दप्रकाश नेपाल
सिनियर प्रेसम्यान श्री नरेन्द्रमुनि बज्राचार्य
सिनियर हेल्पर श्री तुलसीनारायण महर्जन
सिनियर प्रेसम्यान श्री योगप्रसाद पोखरेल
सिनियर मेकानिक्स श्री निर्मल बयलकोटी
सहायक डिजायनर श्री रसना बज्राचार्य
सिनियर बुकबाइन्डर श्री रमेश बासुकला
सिनियर बुकबाइन्डर श्री विद्यानन्द पोखरेल
बुकबाइन्डर श्री यमनारायण भडेल
बुकबाइन्डर श्री मीरा वाग्ले
कम्पोजिटर श्री प्रमिलाकुमारी लामिछाने
प्रेसम्यान श्री केशवबहादुर सिटौला
बुकबाइन्डर श्री अच्युतप्रसाद सुवेदी

**विभिन्न इजलासहरुबाट सम्पादन शाखामा प्राप्त भई यस अङ्कमा प्रकाशित निर्णय / आदेशहरू**

| | |
|---|---|
| पूर्ण इजलास | २ |
| संयुक्त इजलास | १२ |
| इजलास नं. १ | २ |
| इजलास नं. २ | ३ |
| इजलास नं. ३ | ८ |
| इजलास नं. ४ | २ |
| इजलास नं. ५ | २ |
| इजलास नं. ६ | १ |
| इजलास नं. ७ | १० |
| इजलास नं. ८ | ८ |
| इजलास नं. ९ | २ |
| जम्मा | ५२ |

| | |
|---|---|
| इजलास नं. १० | २ |
| इजलास नं. ११ | ३ |
| इजलास नं. १२ | १२ |
| इजलास नं. १३ | ४ |
| इजलास नं. १४ | ३ |
| इजलास नं. १६ | २ |
| इजलास नं. १७ | २ |
| इजलास नं. १८ | १ |
| इजलास नं. १९ | ४ |
| एकल इजलास | १ |
| जम्मा | ३४ |

**कूल जम्मा ५२ + ३४ = ८६**

# नेपाल कानून पत्रिका

मा प्रकाशित भएका फैसलाहरू (२०१५ सालदेखि हालसम्म)

हेर्न, पढ्न तथा सुरक्षित गर्न

# www.nkp.gov.np

मा जानुहोला ।

**खोज्ने तरिका**

सर्वप्रथम **www.nkp.gov.np** लगइन गरेपश्चात् गृहपृष्ठमा देखिने **शब्दबाट फैसला खोज्नुहोस्** भन्ने स्थानमा आफूले खोज्न चाहेअनुसारको कुनै शब्द नेपाली युनिकोड फन्टमा टाइप गर्नुहोस् । यसबाट खोजेअनुसारको फैसला प्राप्त गर्न नसकेमा वेबसाइटको दोस्रो शीर्षकमा रहेको **वृहत् खोज** खोलेर विभिन्न किसिमले फैसला खोज्न सकिनेछ। त्यस अतिरिक्त **नेकाप प्रत्येक वर्ष** र **हाम्रो बारेमा** समेत हेर्न सक्नुहुनेछ।

**यस पत्रिकाको इजलाससमेतमा उद्धरण गर्नुपर्दा निम्नानुसार गर्नुपर्नेछः**

**सअ बुलेटिन, २०७..., ... .... – १ वा २, पृष्ठ ....**

**(साल) (महिना)**

**उदाहरणार्थः सअ बुलेटिन, २०७५, कात्तिक – २, पृष्ठ १**

का.जि.द.नं. ३९।०४९।०५०

सर्वोच्च अदालतलगायत मातहतका अदालतहरू एवम् अन्य न्यायिक निकायहरूका कामकारवाहीसँग सेवाग्राहीहरूको कुनै गुनासो, उजुरी र सुझाव भए सर्वोच्च अदालत, प्रधानन्यायाधीशको निजी सचिवालयमा रहेको

**Toll Free Number**

**१६६०–०१–३३३–५५**

वा

**इमेल ठेगाना**

**cjs@supremecourt.gov.np**

मा सम्पर्क गर्न सकिने छ।

**मूल्य रू.२०।–**

**मुद्रकः सर्वोच्च अदालत, छापाखाना**

# विषयसूची


| क्र.सं. | विषय | पक्ष / विपक्ष | पृष्ठ |
|---|---|---|---|
| **पूर्ण इजलास** | | | **१ - २** |
| १. | उत्प्रेषण / परमादेश | प्रदिप के.सी. वि. लोक सेवा आयोग, के.का. अनामनगरसमेत | |
| **संयुक्त इजलास** | | | **२ - ११** |
| २. | उत्प्रेषण | बलबहादुर कटुवाल वि. मालपोत कार्यालय, ताप्लेजुङ | |
| ३. | शिक्षक सेवा प्रवेशका लागि झुठ्ठा अध्यापन अनुमतिपत्र पेस गरी भ्रष्टाचार गरेको | योगेश्वरप्रसाद चौरसिया वि. नेपाल सरकार | |
| ४. | बढुवाका लागि नक्कली प्रमाणपत्र पेस गरी भ्रष्टाचार गरेको | ज्ञानीदेवी शाक्य वि. नेपाल सरकार | |
| ५. | भ्रष्टाचार (नक्कली प्रमाणपत्र) | मेघराज रेग्मी वि. नेपाल सरकार | |
| ६. | भ्रष्टाचार (नक्कली स्थायी अध्यापन अनुमतिपत्र) | सविता कँडेल वि. नेपाल सरकार | |
| ७. | भ्रष्टाचार (नक्कली प्रमाणपत्र) | मनोजकुमार राउत वि. नेपाल सरकार | |
| ८. | उत्प्रेषण / परमादेश | अरूणकुमार भट्टराई वि. प्रहरी प्रधान कार्यालय, नक्साल, काठमाडौंसमेत | |
| ९. | उत्प्रेषण / परमादेश | सुरज लामिछाने वि. उर्जा मन्त्रालय सिंहदरबार, काठमाडौंसमेत | |
| १०. | लागु औषध | मनोजकुमार शाह वि. नेपाल सरकार | |
| ११. | जबरजस्ती करणी | धनकृष्ण कुटुसमेत वि. नेपाल सरकार | |
| १२. | लागु औषध | राजिव महर्जनसमेत वि. नेपाल सरकार | |
| **इजलास नं. १** | | | **११ - १२** |
| १३. | बन्दी प्रत्यक्षीकरण | गणेश दुलाल वि. कारागार कार्यालय, कास्कीसमेत | |
| १४. | भ्रष्टाचार (नक्कली प्रमाणपत्र) | भेजुप्रसाद काफ्ले वि. नेपाल सरकार | |
| **इजलास नं. २** | | | **१३ - १४** |
| १५. | कर्तव्य ज्यान | विष्णु ठकुरी वि. नेपाल सरकार | |
| १६. | बन्दी प्रत्यक्षीकरण | राकेशकुमार शर्मा वि. बाँके जिल्ला अदालत, नेपालगञ्जसमेत | |

| | | |
|---|---|---|
| १७. | गौवध | लक्ष्मणबहादुर सुनार वि. नेपाल सरकार |
| **इजलास नं. ३** | | **१४ - २१** |
| १८. | उत्प्रेषण | शशिकला कैराती वि. पुनरावेदन अदालत, नेपालगञ्ज |
| १९. | उत्प्रेषण / परमादेश | गोपालप्रसाद घिमिरेसमेत वि. गृह मन्त्रालय, सिंहदरबार, काठमाडौंसमेत |
| २०. | उत्प्रेषण / परमादेश | निलहरि काफ्ले वि. उद्योग मन्त्रालय, सिंहदरबार, काठमाडौंसमेत |
| २१. | कुटपिट | लिलादास तत्मा वि. धनजित दास तत्मासमेत |
| २२. | उत्प्रेषण / परमादेश | विद्यालक्ष्मी श्रेष्ठसमेत वि. उच्च अदालत, पाटनसमेत |
| २३. | लागु औषध हेरोइनसमेत | राकेश महर्जन वि. नेपाल सरकार |
| २४. | जबरजस्ती करणी | विक्रम घलान वि. नेपाल सरकार |
| २५. | मोही लगत कट्टा | हरिप्रिया जोशी वि. दानालाल सरदार |
| **इजलास नं. ४** | | **२१ - २२** |
| २६. | अंश नामसारी | गौमती थापा वि. टिकाबहादुर थापा |
| २७. | उत्प्रेषण / परमादेश | ज्ञानुकृष्ण अधिकारी वि. महेश भुषालसमेत |
| **इजलास नं. ५** | | **२२ - २४** |
| २८. | भ्रष्टाचार (घुस / रिसवत) | नेपाल सरकार वि. देवेन्द्रदेव श्रेष्ठसमेत |

| | | |
|---|---|---|
| २९. | उत्प्रेषण / परमादेश | सुमित्रादेवी चौधरी वि. मालपोत कार्यालय, सप्तरी, राजविराजसमेत |
| **इजलास नं. ६** | | **२४ - २५** |
| ३०. | जबरजस्ती करणी | प्रशान्त खत्री वि. नेपाल सरकार |
| **इजलास नं. ७** | | **२५ - ३३** |
| ३१. | बहुविवाह | नेपाल सरकार वि. रमेश परियारसमेत |
| ३२. | जबरजस्ती करणी | सुरेश खत्री वि. नेपाल सरकार |
| ३३. | हातहतियार खरखजाना | मोहम्मद हनिफ जोलाह वि. नेपाल सरकार |
| ३४. | हातहतियार खरखजाना | नेपाल सरकार वि. सरोज भन्ने त्रिभुवन मुराउसमेत |
| ३५. | सरकारी छाप दस्तखत किर्ते | नेपाल सरकार वि. इन्द्रबहादुर राना मगरसमेत |
| ३६. | कर्तव्य ज्यान | अम्बिका खनाल वि. नेपाल सरकार |
| ३७. | कर्तव्य ज्यान | नेपाल सरकार वि. अमिन राजवंशीसमेत |
| ३८. | जबरजस्ती करणी | देवीबहादुर कटुवाल वि. नेपाल सरकार |
| ३९. | मानव बेचबिखन तथा ओसारपसार | नेपाल सरकार वि. एजाजुल मियाँसमेत |
| ४०. | जबरजस्ती करणी | होमनाथ सोती वि. नेपाल सरकार |

| | | |
|---|---|---|
| **इजलास नं. ८** | | **३३ - ३७** |
| **४१.** | निषेधाज्ञा | मैयाँ पाण्डे वि. हेमन्त श्रेष्ठ |
| **४२.** | कर्तव्य ज्यान (साधक) | नेपाल सरकार वि. महेन्द्रप्रसाद कठरीया |
| **४३.** | बन्दी प्रत्यक्षीकरण | प्रेमलाल जैसीसमेत वि. बर्दिया राष्ट्रिय निकुञ्ज कार्यालय, बर्दियासमेत |
| **४४.** | कर्तव्य ज्यान (साधक) | नेपाल सरकार वि. जितबहादुर सुनार |
| **४५.** | जालसाजी | कामेश्वर साह सुडी वि. हेमबहादुर मल्लसमेत |
| **४६.** | किर्ते तथा ठगी | नेपाल सरकार वि. मनोज साहसमेत |
| **इजलास नं. ९** | | **३८ - ३९** |
| | डाँका चोरी | नेपाल सरकार वि. रामबहादुर खड्कासमेत |
| **४७.** | निषेधाज्ञा | अनबहादुर थापासमेत वि. रामवटी पुन मगर्नी |
| **इजलास नं. १०** | | **३९ - ४०** |
| **४८.** | कर्तव्य ज्यान | विजय घिसिङ लामा वि. नेपाल सरकार |
| **४९.** | घरबाट उठाई जग्गा खिचोला चलन | रामप्रसाद रेग्मी वि. किसनराज रेग्मी |
| **इजलास नं. ११** | | **४० - ४३** |
| **५०.** | वैदेशिक रोजगार कसुर | छिरिङ डिकी भुटिया वि. नेपाल सरकार |
| **५१.** | उत्प्रेषण / परमादेश | रामचन्द्र गुप्ता वि. नेपाल विद्युत् प्राधिकरण, के.का. दरबारमार्ग, काठमाडौंसमेत |
| **५२.** | आवेशप्रेरित हत्या कर्तव्य ज्यान | नेपाल सरकार वि. दिपक खत्री |
| **इजलास नं. १२** | | **४३ - ४८** |
| **५३.** | उत्प्रेषण / परमादेश | उमेशकुमार यादव वि. गाउँ विकास समितिको कार्यालय, मुवलवा रौतहटसमेत |
| **५४.** | उत्प्रेषण / परमादेश | देवेन्द्र न्यौपानेसमेत वि. शिक्षा मन्त्रालय, सिंहदरबार, काठमाडौंसमेत |
| **५५.** | कर्तव्य ज्यान | नेपाल सरकार वि. बुद्धिलाल जिमी |
| **५६.** | अंश नामसारी | सोरठी थरूनीसमेत वि. चिन्नु थारू |
| **५७.** | उत्प्रेषण | भकूलादेवी सुडेनीसमेत वि. उच्च अदालत, पाटन, हरिहरभवनसमेत |
| **इजलास नं. १३** | | **४८ - ५१** |
| **५८.** | उत्प्रेषण / परमादेश | गणेश ठकुल्ला वि. पोखरा विश्वविद्यालय लेखनाथ, कास्कीसमेत |
| **५९.** | उत्प्रेषण / परमादेश | निमानन्द खनाल वि. प्रधानमन्त्री तथा मन्त्रिपरिषद्को कार्यालय, सिंहदरबारसमेत |

| | | | |
|---|---|---|---|
| ६०. | उत्प्रेषण / परमादेश | खुशीराज गौतम वि. प्रधानमन्त्री तथा मन्त्रिपरिषद्को कार्यालय, सिंहदरबारसमेत | |
| ६१. | कर्तव्य ज्यान | नेपाल सरकार वि. भोला मण्डल | |
| **इजलास नं. १४** | | | **५१ - ५३** |
| ६२. | बिना इजाजत रूख काटी चोरी निकासी गरेको | सुरेन्द्रबहादुर बम वि. नेपाल सरकार | |
| ६३. | लागु औषध ब्राउन सुगर | नेपाल सरकार वि. सुशील थापासमेत | |
| ६४. | कर्तव्य ज्यान | नेपाल सरकार वि. सुशील कुँवर | |
| **इजलास नं. १६** | | | **५३ - ५४** |
| ६५. | नकबजनी चोरी | नेपाल सरकार वि. विकास खवास थारू | |
| ६६. | जबरजस्ती करणी | पाहुना भन्ने पहना थारू वि. नेपाल सरकार | |
| **इजलास नं. १७** | | | **५४ - ५६** |
| ६७. | बहाल दिलाई घर खाली गराई चलन चलाई पाऊँ | कमान सिंह थारू वि. महेश्वरनाथ योगी | |
| ६८. | करारको यथावत् परिपालना | गणेशबहादुर गुरूङ वि. भौतिक पूर्वाधार तथा यातायात मन्त्रालय, सिंहदरबार, काठमाडौं | |
| **इजलास नं. १८** | | | **५६ - ५७** |
| ६९. | उत्प्रेषण / परमादेश | सचिन के सुनुवार वि. उच्च अदालत (तत्कालीन पुनरावेदन अदालत) पाटन | |
| **इजलास नं. १९** | | | **५७ - ६०** |
| ७०. | नक्कली बाबु बनी नागरिकता दिलाउने उद्योग | कृष्णप्रसाद थपलियासमेत वि. नेपाल सरकार | |
| ७१. | नक्कली बाबु बनी नागरिकता दिलाउने उद्योग | हरिप्रसाद उप्रेती वि. नेपाल सरकार | |
| ७२. | लिखित तथा दर्ता बदर दर्ता | हृदय राउत अहिर वि. बलकेशिया अहिरनीसमेत | |
| **एकल इजलास** | | | **६०** |
| ७३. | उत्प्रेषण / परमादेश | चुडाबहादुर खड्का वि. प्रधानमन्त्री तथा मन्त्रिपरिषद्को कार्यालय, सिंहदरबारसमेत | |

## पूर्ण इजलास

**मा.न्या.श्री दीपककुमार कार्की, मा.न्या.श्री केदारप्रसाद चालिसे र मा.न्या.श्री हरिकृष्ण कार्की,** ०७३-NF-००४५, उत्प्रेषण / परमादेश, *प्रदिप के.सी. वि. लोक सेवा आयोग, के.का. अनामनगरसमेत*

त्रिभुवन विश्वविद्यालय शिक्षाध्यक्षको कार्यालय पाठ्यक्रम विकास केन्द्रको च.नं. ७२९ मिति २०६७।८।१ को पत्रले सम्बन्धित अध्ययन संस्थान तथा संकायहरूका विषय समिति तथा विद्या परिषद्‌बाट विषय खुलाउने सम्बन्धमा लेखिएको पत्रलाई मान्यता दिने भन्ने उल्लेख भएको देखिएबाट डिनको कार्यालयबाट समकक्षता निर्धारण भएको तथा मान्यता पाएको पत्रलाई आधिकारिक मान्नु पर्ने देखिन आयो । यसै सम्बन्धमा आयुर्वेद चिकित्सा परिषद् नेपालले विशेषज्ञ आयुर्वेद चिकित्सक समाज नेपाल नरदेवीलाई TCM उपाधिसम्बन्धमा लेखेको च.नं. ६९ मिति २०७१।९।२ को पत्रमा MM TCM डिग्री आयुर्वेदको स्नातकोत्तर नभएको भनी उल्लेख गरेको देखिए तापनि डिनको कार्यालयबाट उक्त विशेषज्ञ आयुर्वेद चिकित्सक समाज नेपाल नरदेवी काठमाडौंलाई समेत बोधार्थ दिई लेखेको उक्त च.नं. ११८४ मिति २०७१।९।१ को पत्र गलत थियो भनी डिनको कार्यालयलले खण्डन गरी सो पत्रलाई बदर गरेको अवस्था नरहेको र विपक्षीहरूले समेत उक्त पत्र बदर वातिल भएको भनी कुनै तथ्य एवम् प्रमाण पेस गर्न सकेको नदेखिएकोले डिनको कार्यालयको उक्त पत्र कहींकँतैबाट बदर भएको नदेखिँदा सो पत्रलाई अन्यथा भन्न पर्ने अवस्था देखिन नआउने ।

रिट निवेदक प्रदीप के.सी. ले Tianjin University of Traditional Chinese Medicine, Tianjin China बाट प्राप्त गरेको Master of Medicine TCM (Internal Medicine) को शैक्षिक योग्यताको उपाधिलाई त्रिभुवन विश्वविद्यालय चिकित्साशास्त्र अध्ययन संस्थान डिनको कार्यालयले Master of Medicine TCM (Internal Medicine) लाई आयुर्वेदिक विषयको स्नातकोत्तर डिग्रीको उपाधि भनी मान्यता दिएको तथा त्रिभुवन विश्वविद्यालय रजिस्ट्रारको कार्यालय, पाठ्यक्रम विकास केन्द्रले यी रिट निवेदक प्रदीप के.सी. लाई निजले प्राप्त गरेको Traditional Chinese Medicine (MD) तथा Master of Medicine TCM (Internal Medicine) लाई Master's Degree Relevant Subject लाई Regarding Equivalence मा Master Degree भनी मान्यता दिएको देखिनुका साथै डिनको कार्यालयको मिति २०७०।९।१७ को पत्रबाट समेत निजको शैक्षिक योग्यताको उपाधिलाई स्नातकोत्तरसरह मान्यता दिएको भनी उल्लेख भएको देखिन आएकाले निज रिट निवेदकले चीनको Tianjin University of Traditional Chinese Medicine, Tianjin China विश्वविद्यालयबाट प्राप्त गरेको Master of Medicine TCM Internal Medicine को शैक्षिक योग्यताको उपाधिलाई कानूनबमोजिम अधिकारप्राप्त आधिकारिक निकायबाट समकक्षतासमेत निर्धारण भइसकेको अवस्थामा लोक सेवा आयोगबाट प्रकाशित उक्त विज्ञापनको कन्सल्टेन्ट आयुर्वेद विज्ञ, स्वास्थ्य आयुर्वेद जनरल आयुर्वेद समूह नवौं तहको पदको लागि स्वास्थ्य सेवा नियमावली, २०५५ को अनुसूची ६ मा उल्लेख भएबमोजिमको शैक्षिक योग्यता नपुगेको भन्ने आधार नदेखिँदा तोकिएको शैक्षिक योग्यताको उपाधि नभएको भनी निजको दरखास्त फाराम अस्वीकृत गर्ने गरी लोक सेवा आयोगबाट मिति २०७०।१०।९ मा भएको निर्णय मनासिब देखिन नआउने ।

रिट निवेदक प्रदीप के.सी.ले प्राप्त गरेको शैक्षिक योग्यताको उपाधिले आयुर्वेदको स्नातकोत्तर तहसरहको मान्यता प्राप्त गरेको देखिँदा विज्ञापित पदको लागि तोकिएको शैक्षिक योग्यता नपुगेको भनी लोक सेवा

आयोगबाट निजको दरखास्त अस्वीकृत गर्ने गरी मिति २०७०।१०।९ मा भएको निर्णय उत्प्रेषणको आदेशले बदर हुने ठहर्छ । अब उक्त विज्ञापनअनुसारको बाँकी प्रक्रियामा निवेदकलाई सहभागी गराउनु भनी परमादेश जारी गर्नुपर्ने हो कि भन्नेतर्फ हेर्दा उक्त विज्ञापनका सबै प्रक्रिया पूरा भई प्रयोजन नै समाप्त भएको र यी निवेदकले विपक्षी लोक सेवा आयोगसमेतउपर दायर गरेको रिट नं. ०७२-WO-०६३७ मा यस अदालतबाट मिति २०७४।७।१२ मागबमोजिम रिट जारी भई उपचार पाइसकेको देखिँदा सोहीबमोजिम हुने नै भएकोले परमादेश जारी गरिरहन नपर्ने ।

इजलास अधिकृतः दुर्गाप्रसाद खनाल

कम्प्युटरः रामशरण तिमिल्सिना

इति संवत् २०७५ साल साउन ३१ गते रोज ५ शुभम् ।

- यसै लगाउको ०७३-NF-००४६, उत्प्रेषण / परमादेश, *जया सत्याल वि. लोक सेवा आयोग, के.का. अनामनगरसमेत* भएको मुद्दामा पनि यसैअनुसार फैसला भएको छ ।

## संयुक्त इजलास

१

**स.प्र.न्या.श्री सुशीला कार्की र मा.न्या.श्री विश्वम्भरप्रसाद श्रेष्ठ,** ०६७-WO-१२०१, उत्प्रेषण, *बलबहादुर कटुवाल वि. मालपोत कार्यालय, ताप्लेजुङ*

लिलामसम्बन्धी कारबाही हेर्दा पनि पहिलो पटक लिलाम गर्न भनी मिति २०६५।९।१३ मा तारिख तोकेको देखिन्छ । बलबहादुर कटुवालको नाउँको म्याद मिति २०६५।९।७ मा मात्र तामेल भएको छ । लिलाम हुनुभन्दा घटीमा १५ दिनअघि लिलाम बढाबढ गरिने म्याद सूचना दिनुपर्ने जिल्ला अदालत, नियमावलीको ७५(६) को व्यवस्थाअनुसार सो म्याद दिइएको पाइएन । अतः कानूनले तोकेको १५ दिनपछि लिलाम हुने म्याद सूचना समयमै तामेल नगरी सो न्यूनतम अवधि बाँकी नराखी तामेल भएको म्यादलाई आधार मानी भएको भनिएको लिलाम कारबाही र लिलामी मुचुल्का प्राकृतिक न्यायको सिद्धान्तविपरीत भएको र जिल्ला अदालत, नियमावलीको नियम ७५(६) अनुसार भएको नहुँदा सो लिलामी कारबाही र मुचुल्का गैरकानूनी नै देखिने ।

दोस्रो पटक मिति २०६५।१०।२० मा लिलामको लागि तारिख तोकिएको रहेछ । सो तोकिएको तारिखमा निमित्त स्रेस्तेदार उपस्थित नभएकोले लिलाम हुन नसकेको भन्ने बेहोरा तारिख भरपाइमा उल्लेख छ । सो दिनको लिलामको लागि कुनै प्रतिनिधिलाई उपस्थित हुन कार्यालयमा पत्रसमेत पठाएको देखिँदैन । अतः दोस्रो पटक लिलामको लागि तारिख तोके पनि अदालतबाट लिलाम कार्य नभएको भन्ने देखियो । वस्तुतः दोस्रो पटकको लिलामीसम्बन्धी कारबाही प्रक्रिया प्रारम्भ नै नभई लिलाम नै हुन नसकेकोले सो तोकिएको तारिखमा दोस्रो पटक लिलाम भइसकेको भनी लिलामको पटक कायम गर्न नमिल्ने ।

तेस्रो पटक लिलाम गर्नको लागि मिति २०६५।११।२० को तारिख तोकेको तारिख भरपाइमा जनिएको छ । सो मितिमा लिलाम भएको कसैले नसकारेको भन्ने लिलामसम्बन्धी मुचुल्का नै भएको पाइँदैन । लिलामसम्बन्धी के कार्य भयो वा किन लिलाम हुन सकेन भन्ने सम्बन्धमा कुनै मुचुल्का मिसिल संलग्न नदेखिएको अवस्था हुँदा उक्त मिति २०६५।११।२० गतेको लिलामी कार्य कानूनसम्मत रूपमा सम्पन्न भयो भनी भन्न नमिल्ने ।

लिलाम प्रक्रिया कानूनसम्मत रूपमा सम्पन्न नहुँदै मिति २०६५।११।२० मै प्रत्यर्थीहरूले डाँक सकार गरी चलन पुर्जी पाउँ भनी दिएको निवेदनको आधारमा अदालतले मिति २०६५।११।२२ मा प्रत्यर्थीहरूलाई डाँक सकार गराई मिति २०६५।१२।१० मा चलन पुर्जीसमेत दिएको देखियो । यसरी डाँक सकार

गराई चलन पुर्जी दिने कार्य गर्दा जिल्ला अदालत, नियमावली, २०५२ को नियम ७५ को उपनियम (६) र (७) बमोजिमको प्रक्रिया पूरा गरेको देखिएन । उक्त नियमावलीको नियम ७५ को उपनियम (६) मा घटीमा १५ दिनको लिलाम बढाबढ गरिने सूचना सम्बन्धित व्यक्तिलाई दिइनु पर्ने भन्ने व्यवस्था र उपनियम (७) मा अनिवार्य रूपमा २ पटक लिलाम बढाबढ गर्नुपर्ने भन्ने व्यवस्था भएकोमा उक्त व्यवस्थाहरू पालना नगरी प्रत्यर्थीहरूलाई डाँक सकार गराई चलन पुर्जी दिने गरी जिल्ला अदालत, ताप्लेजुङबाट भएको कार्य एवम् सो चलन पुर्जीका आधारमा भएका दर्ता नामसारी तथा हस्तान्तरणसमेतका कार्य गैरकानूनी एवम् त्रुटिपूर्ण नै रहेको देखिने ।

तसर्थ, विवेचना गरिएका आधार र कारणहरूबाट प्रत्यर्थीहरूले गरेका काम कारबाही कानूनअनुकूल भएको नदेखिँदा प्रत्यर्थी नेपाल बैंक लिमिटेड, शाखा कार्यालय ताप्लेजुङले धितो संरक्षण राखेको जिल्ला ताप्लेजुङ, फुङलिङ गा.वि.स. वडा नं. ४ को बलबहादुर कटुवालको नाममा दर्ता स्रेस्ता रहेको कि.नं. १८०१ को घर जग्गा फुकुवा गरी दिनेसम्बन्धी जिल्ला अदालत, ताप्लेजुङबाट मिति २०६४।८।१४ मा भएको पत्राचारको आधारमा प्रत्यर्थी नेपाल बैंक लिमिटेडबाट मिति २०६४।८।१४ मा प.सं. ७०।१६६० बाट फुकुवा गरिदिने गरी भएको पत्राचार एवम् निर्णय तत्पश्चात् ताप्लेजुङ जिल्ला अदालतबाट भएको मिति २०६५।९।१३ को डाँक लिलामसम्बन्धी कार्य तत्पश्चात् सकार गरिपाउँ भनी दिएको निवेदनको आधारमा ताप्लेजुङ जिल्ला अदालतबाट प्रत्यर्थी बलराम भारतीसमेतलाई मिति २०६५।११।२२ मा सकार गरी / गराई निजहरूलाई दिइएको मिति २०६५।१२।१० को चलन पुर्जी र सोको आधारबाट मालपोत कार्यालय ताप्लेजुङले बलराम भारतीसमेतको नाममा गरेको गोश्वारा दर्ता र तत्पश्चात् बलराम भारतीको नाममा भएको दा.खा. नामसारी एवम् मिति २०६६।१०।१० मा गरेको दा.खा. नामसारी निर्णय तथा सो नामसारी भएपछि मिति २०६६।११।१४ मा प्रत्यर्थी नीता श्रेष्ठलाई हक हस्तान्तरण गरेको कार्यसमेत दूषित र गैरकानूनी हुने हुँदा उत्प्रेषणको आदेशद्वारा बदर हुने ।

लेनदेन मुद्दाको फैसलाअनुसार बिगो भरिपाउँ भनी प्रत्यर्थीहरू बलराम भारती, चित्रकुमारी मादेन र लालबहादुर सिवाले दिएको दरखास्तहरूको हकमा कानूनको प्रक्रिया पुऱ्याई बिगो भरिभराउतर्फ कानूनबमोजिम कारबाही गर्नु तथा उल्लिखित कि.नं. १८०१ को घर जग्गा पूर्ववत् रूपमा रिट निवेदकका नाममा कायम गराउनु भनी प्रत्यर्थी ताप्लेजुङ जिल्ला अदालतको नाममा परमादेशको आदेश जारी हुने ।

इजलास अधिकृत: उद्धवप्रसाद गजुरेल

कम्प्युटर: विकेश गुरागाईं

इति संवत् २०७४ साल वैशाख १७ गते रोज १ शुभम् ।

२

**स.प्र.न्या.श्री सुशीला कार्की र मा.न्या.श्री विश्वम्भरप्रसाद श्रेष्ठ,** ०७१-CR-००८१, शिक्षक सेवा प्रवेशका लागि झुट्ठा अध्यापन अनुमतिपत्र पेस गरी भ्रष्टाचार गरेको, *योगेश्वरप्रसाद चौरसिया वि. नेपाल सरकार*

प्रतिवादीले मेरो अध्यापन अनुमतिपत्र फर्जी होइन सक्कली हो भनी सुरू अदालतमा गरेको बयान र यस अदालतमा सोही बेहोराको पुनरावेदन जिकिर लिए पनि उक्त अध्यापन अनुमतिपत्र प्रदान गर्ने कार्यालयबाटै सो प्रमाणपत्र अभिलेखमा नभएको र सक्कल प्रमाणपत्र फेला नपरेको भनी लेखिआएको देखिएबाट उक्त विवादित अध्यापन अनुमतिपत्र नक्कली भन्ने नै देखिँदा पुनरावेदन जिकिरसँग सहमत हुन नसकिने ।

प्रतिवादीले विवादमा आएको अध्यापन अनुमतिपत्रको प्रमाणपत्र २०५९ मा अन्तर्वार्ता परीक्षा दिई पास गरेको भनी बयान गरेको सो प्रमाणपत्र

२०६६ सालमा शिक्षक नियुक्ति हुन पेस गरेकोसमेत देखिएको हुँदा यी प्रतिवादीले सरकारी सेवामा प्रवेश पाउने उद्देश्यले नक्कली अध्ययन अनुमतिपत्रको शैक्षिक योग्यताको प्रमाणपत्र पेस गरी नियुक्ति पाउन लिएको अवस्था देखिएकाले प्रतिवादी योगेश्वरप्रसाद चौरासियालाई झुठ्ठा अध्यापन अनुमतिपत्रको प्रमाणपत्र पेस गरी भ्रष्टाचार निवारण ऐन, २०५९ को दफा १६ को कसुरमा भ्रष्टाचार निवारण ऐन, २०५९ को दफा १६ (१) बमोजिम ६ महिना कैद र रू.१०,०००।- दश हजार रूपैयाँ जरिवाना हुने ठहऱ्याई विशेष अदालत, काठमाडौंबाट मिति २०७०।११।१९ मा भएको फैसला मिलेकै देखिँदा सदर हुने ।

इजलास अधिकृत: ईश्वरीप्रसाद भण्डारी

कम्प्युटर : अमिररत्न महर्जन

इति संवत् २०७४ साल वैशाख १२ गते रोज ३ शुभम् ।

३

**स.प्र.न्या.श्री सुशीला कार्की र मा.न्या.श्री विश्वम्भरप्रसाद श्रेष्ठ,** ०७२-CR-००७१, बढुवाका लागि नक्कली प्रमाणपत्र पेस गरी भ्रष्टाचार गरेको, *ज्ञानीदेवी शाक्य वि. नेपाल सरकार*

निज ज्ञानीदेवी शाक्यले त्रिभुवन विश्वविद्यालय सेवा आयोगको विज्ञापन नं. १।०५७।५८ को बढुवाको लागि मिति २०५७।८।१४ मा भरेको आवेदन फारामसाथ विवादित इन्टरमिडियट तहको प्रमाणपत्र पेस गरेको देखिन्छ । उपर्युक्त पेस भएका प्रमाणपत्र प्रमाणीकरणको लागि पठाउँदा माध्यमिक शिक्षा परिषद् क्षेत्रीय कार्यालय वाराणसीको पत्राङ्क मा.सि.प./क्षे.का.वा./हाइस्कूल/इन्टर/अभिलेख/सत्यापन/१०८३३ दिनाङ्क २७।१२।१३ का पत्रको प्रमाणीकरण विवरणको सि.नं. ११ मा निज ज्ञानीदेवी शाक्यले प्रमाणपत्र सम्बन्धमा कैफियत महलमा यह अनुक्रमाङ्क इन्टर परीक्षा वर्ष १९९० जनपद गोरखपुर मे अनुदानित नहीं है भनी उल्लेख भई आएको देखिन्छ । यसरी आवेदन फारामसाथ बढुवा प्रयोजनको लागि पेस भएका विवादित प्रमाणपत्र निजले परीक्षा दिई उत्तीर्ण गरेको भनिएको संस्थाबाट प्राप्त गरेको भन्ने नदेखिएको र प्रतिवादीले अभियोग दाबी अन्यथा हो भनी सप्रमाण पुष्टि गर्न नसकेकोले विवादित प्रमाणपत्र नक्कली भएको प्रमाणित हुन आउने ।

नक्कली बेहोराको प्रमाणपत्र बनाई सार्वजनिक पद प्राप्त गर्ने अथवा बढुवा प्राप्त गर्ने उद्देश्यले पेस गर्ने कार्य नै आपराधिक कार्य हुने देखिन्छ । भ्रष्टाचार निवारण ऐन, २०१७ को दफा १२ मा योग्यता वा अयोग्यता ढाँटे पनि त्यसको लाभ लिइसकेको भए मात्र अपराध ठहरिने भनिएको छैन । दफा १२ को अपराध हुन योग्यता वा अयोग्यता ढाँट्नु नै पर्याप्त हुन्छ, लाभ लिइसकेको हुनु पर्दैन । प्रत्येक राष्ट्र सेवकबाट संगठनले इमान्दारिता र सत्यताको अपेक्षा गरेको हुन्छ । आफूमा नभएको योग्यता छ भनी ढाँटी वा आफूमा कुनै अयोग्यता छ भने त्यस्तो अयोग्यतालाई लुकाई नभएको योग्यता छ भनी ढाँटी देखाउनुको एक मात्र उद्देश्य भनेको आफूले फाइदा लिनु नै हो । तसर्थ भ्रष्टाचार निवारण ऐन, २०१७ को दफा १२ को सन्दर्भमा पुनरावेदकले इन्टरमिडियट तहको प्रमाणपत्र पेससम्म मात्र गरेको तर त्यसको लाभ लिई नसकेको हुँदा सफाइ पाउनुपर्छ भन्ने जिकिरसँग सहमत हुन नसकिने ।

प्रतिवादी ज्ञानीदेवी शाक्यले त्रिभुवन विश्वविद्यालय सेवा आयोगमा मिति २०५७।०८।१४ मा इन्टरमिडियट परीक्षा पास गरेको प्रमाणपत्र पेस गरेको देखिन्छ । निवेदिकाले २०५९।८।३ मा विभागीय कारबाही गरेको उल्लेख गरे पनि त्रि.वि. शिक्षक कर्मचारीहरूको सेवा प्रयोजनका लागि शैक्षिक प्रमाणपत्र छानबिन समितिबाट छानबिन गरेको प्रमाणपत्र पेस नगरून्जेलसम्म तलब रोक्का गर्न अनुरोध भई आएकोले भनी सूचना प्रकाशित गरी यी प्रतिवादीको तलब रोक्का भएकोमा यसै अदालतमा रिट निवेदन परी कर्मचारीउपर कारबाही गर्नुपर्ने भए

कानूनमा आधारित प्रक्रिया अपनाइ कारबाही गर्नुपर्नेमा सो नगरी प्रशासनिक दबाब दिने बहानामा तलब रोक्का गर्ने कार्य श्रमको उल्लङ्घन हुने हुँदा तलब रोक्का गर्ने मिति २०५९।८।३ को निर्णय उत्प्रेषणको आदेश जारी भई यस अदालतबाट मिति २०६३।६।२४ मा फैसला भएको र सोबाहेक अन्य कारबाही भएको नदेखिँदा विभागीय कारबाही भएको भन्ने देखिन नआउने ।

अभियोग पत्रमा यी प्रतिवादीउपर साबिक भ्रष्टाचार निवारण ऐन, २०१७ को दफा १२ र २९ तथा प्रचलित भ्रष्टाचार निवारण ऐन, २०५९ को दफा १६(१) समेतको सजायको माग दाबी लिएको देखिएकोमा नेपालको संविधानको धारा २०(४) मा कसुर भएको बखत प्रचलनमा रहेको कानूनबमोजिम सजाय हुने संवैधानिक व्यवस्था भएबाट निज प्रतिवादी ज्ञानीदेवी शाक्यले त्रिभुवन विश्वविद्यालय सेवा आयोगमा मिति २०५७।८।१४ मा इन्टरमिडियट परीक्षा पास गरेको प्रमाणपत्र पेस गरेको देखिँदा सो समयमा साबिक भ्रष्टाचार निवारण ऐन, २०१७ क्रियाशील रहेको र अभियोग दाबीमा भ्रष्टाचार निवारण ऐन, २०१७ को दफा १२ र २९ बमोजिमको सजायको समेत माग गरेको देखिएकोले यी प्रतिवादी ज्ञानीदेवी शाक्यले भ्रष्टाचार निवारण ऐन, २०१७ को दफा १२ बमोजिमको कसुर अपराध गरेको फैसलालाई अन्यथा भन्न नमिल्ने ।

तसर्थ, प्रतिवादी ज्ञानीदेवी शाक्यले नक्कली शैक्षिक योग्यताका प्रमाणपत्र पेस गरी साबिक भ्रष्टाचार निवारण ऐन, २०१७ को दफा १२ को कसुर ठहर गरी सोही दफा १२ र २९(२) बमोजिम रू.५००। (पाँच सय) जरिवाना हुने ठहऱ्याई सुरू विशेष अदालतबाट मिति २०७१।१०।२ भएको फैसला मिलेकै देखिँदा सदर हुने ।

इजलास अधिकृत: ईश्वरीप्रसाद भण्डारी

कम्प्युटर: अमिररत्न महर्जन

इति संवत् २०७४ साल वैशाख १२ गते रोज ३ शुभम् ।

४

**स.प्र.न्या.श्री सुशीला कार्की र मा.न्या.श्री विश्वम्भरप्रसाद श्रेष्ठ,** ०७२-CR-१७२५, भ्रष्टाचार (नक्कली प्रमाणपत्र), *मेघराज रेग्मी वि. नेपाल सरकार*

प्रतिवादीले आफ्नो बयानमा विवादित प्रमाणपत्र सक्कली हुन् भने तापनि ती प्रमाणपत्र अनुसन्धानको क्रममा प्रमाणीकरणका लागि सम्बन्धित बोर्डमा पठाउँदा **अनुदानित नहीं है** भनी लेखी आएको र प्रतिवादीले मेरो प्रमाणपत्र सक्कली हो भन्ने बेहोराको पत्र मलाई सम्बन्धित माध्यमिक शिक्षा परिषद् क्षेत्रीय कार्यालय वाराणसीले दिएको छ । पुन: प्रमाणीकरण गरिपाउँ भनी पेस गरेको प्रमाण पत्रसमेत विशेष अदालतबाट प्रमाणीकरणका लागि पठाउँदा "यह अनुक्रमांक माध्यमिक शिक्षा परिषद् क्षेत्रीय कार्यालय वाराणसीके जनपद वस्तीमे अनुदानित नहीं है" non verified भन्ने उल्लेख भई आएकोले प्रतिवादीले पेस गरेको विवादित प्रमाणपत्र नक्कली बेहोराको भन्ने पुष्टि हुन आउने ।

नक्कली बेहोराको प्रमाणपत्र बनाई सार्वजनिक पद प्राप्त गर्ने अथवा बढुवा प्राप्त गर्ने उद्देश्यले पेस गर्ने कार्य नै आपराधिक कार्य हुने देखिन्छ । भ्रष्टाचार निवारण ऐन, २०१७ को दफा १२ मा योग्यता वा अयोग्यता ढाँटे पनि त्यसको लाभ लिइसकेको भए मात्र अपराध ठहरिने भनिएको छैन । सो कुरा पुनरावेदकको जिकिर मात्र हो । दफा १२ को अपराध हुन योग्यता वा अयोग्यता ढाँट्नु नै पर्याप्त हुन्छ, लाभ लिइसकेको हुनु पर्दैन भनी यस अदालतबाट तारा राजभण्डारी (कार्की) विरूद्ध नेपाल सरकार भएको भ्रष्टाचार मुद्धा (ने.का.प. २०६५, अङ्क ६, नि.नं.७९७४) मा प्रतिपादित सिद्धान्त र आफूमा नभएको योग्यता छ भनी ढाँटी वा आफूमा कुनै अयोग्यता छ भने त्यस्तो अयोग्यतालाई लुकाई नभएको योग्यता छ भनी ढाँटी देखाउनुको एक मात्र उद्देश्य भनेको आफूमा नरहेको योग्यतालाई छ भनी र आफूमा रहेको अयोग्यतालाई लुकाई ढाँटी

योग्यता सम्पन्न छ भनी प्रस्तुत गरी फाइदा लिनु नै हो । तसर्थ भ्रष्टाचार निवारण ऐन, २०१७ को दफा १२ को सन्दर्भमा पुनरावेदकले इन्टरमिडियट तहको प्रमाणपत्र पेससम्म मात्र गरेको तर त्यसको लाभ लिई नसकेको हुँदा सफाइ पाउनुपर्छ भन्ने पुनरावेदन जिकिरसँग सहमत हुन नसकिने ।

प्रतिवादीले बयानको क्रममा २०६२ सालमा प्रमाणपत्र पेस गरेको भने ता पनि मैले भुलवश त्यसो भने तर प्रमाणपत्र २०५७ सालअगाडि नै पेस गरेको हुँदा प्रहरी प्रधान कार्यालयमा बुझिपाउँ भनी सुरू अदालतमा निवेदन दिएकोमा कुन मितिमा स्तर निर्धारण भएको हो खुलाई पठाइदिनु हुन भनी प्रहरी प्रधान कार्यालयमा पत्राचार भएको र प्रहरी प्रधान कार्यालयको मिति २०७२।५।२१ च.नं.५७० को पत्रबाट प्रतिवादी मेघराज रेग्मीले के कुन मितिमा सर्टिफिकेट पेस गरेको हो सो खुल्न नसकेको तर स्तर निर्धारण भएको मिति २०५७।१०।१७ भन्ने उल्लेख भई आएको देखिँदा निज प्रतिवादीले साबिक भ्रष्टाचार निवारण ऐन, २०१७ बहाल रहेकै अवस्थामा कसुर गरेको भन्नेसमेतका आधारमा सुरू विशेष अदालतबाट भएको फैसलालाई अन्यथा भन्न नमिल्ने ।

तसर्थ प्रतिवादी मेघराज रेग्मीले नक्कली शैक्षिक योग्यताको प्रमाणपत्र पेस गरी साबिक भ्रष्टाचार निवारण ऐन, २०१७ को दफा १२ को कसुरमा सोही ऐनको दफा १२ र २९(२) नं. बमोजिम रू. ५००।– (पाँच सय) जरिवाना हुने ठहर्‍याई सुरू विशेष अदालत, काठमाडौंबाट मिति २०७२।८।१० मा भएको फैसला मिलेकै देखिँदा सदर हुने ।

इजलास अधिकृतः ईश्वरीप्रसाद भण्डारी

कम्प्युटर: रामशरण तिमिल्सिना

इति संवत् २०७४ साल वैशाख १२ गते रोज ३ शुभम् ।

५

**स.प्र.न्या.श्री सुशीला कार्की र मा.न्या.श्री विश्वम्भरप्रसाद श्रेष्ठ,** ०७२-CR-१२८१, भ्रष्टाचार (नक्कली स्थायी अध्यापन अनुमतिपत्र), *सविता कँडेल वि. नेपाल सरकार*

प्रतिवादीको नाउँमा जिल्ला शिक्षा कार्यालय, पर्वतबाट जारी भएको भनिएको प्र.प.नं.३२०३४ मिति २०६२।१०।२४ को स्थायी अध्यापन अनुमतिपत्र प्रमाणपत्रको फोटोकपीको पछाडिपट्टि सक्कलबमोजिम नक्कल ठीक छ भनी निज प्रतिवादी सविता कँडेलले सही गरेको देखिन्छ । उक्त अध्यापन अनुमतिपत्र मेरो होइन भनी भन्न लेखाउन सकेको अवस्था देखिएको छैन । आफूमा नभएको योग्यता छ भनी ढाँटी वा आफूमा कुनै अयोग्यता छ भने त्यस्तो अयोग्यतालाई लुकाई नभएको योग्यता छ भनी ढाँटी देखाउनुको एक मात्र उद्देश्य गैरकानूनी लाभ प्राप्त गर्ने उद्देश्य राख्नु हो । प्रतिवादीका नामको कुनै पनि वर्षको स्थायी अध्यापन अनुमतिपत्र अभिलेखमा नभेटिएकोले निजको अध्यापन अनुमतिपत्र आधिकारिक नभएको भन्नेसमेत बेहोराको जिल्ला शिक्षा कार्यालय, पर्वतको च.नं.१३७० मिति २०७२।२।१ गतेको पत्र प्राप्त भई मिसिल संलग्न रहेको देखिन्छ । उक्त अध्यापन अनुमतिपत्रमा सही गर्ने तत्कालीन जिल्ला शिक्षा अधिकारी विष्णुबहादुर द्वारेले सो प्रमाणपत्रमा भएको सही मेरो होइन भनी अनुसन्धानको क्रममा बयानसमेत गरेकाले निज सविता कँडेलको नाउँमा जारी भएको उक्त अध्यापन अनुमति प्रमाणपत्र सद्दे साँचो बेहोराको देखिन नआउने ।

शिक्षक नियुक्त हुनका लागि पेस गरेका शैक्षिक योग्यताका प्रमाणपत्रहरूमा सक्कलबमोजिम नक्कलहरू ठीक छ भनी यी प्रतिवादीले सही गरी पेस गरेको कुरालाई स्वीकार गरेको देखिन्छ । आफूले लाभ प्राप्त गर्ने उद्देश्य राखी नभएको योग्यतालाई स्वीकारी पेस गरी लाभ प्राप्त गरेको अवस्थामा केवल कसुरबाट बच्नका लागि अनुमतिपत्र प्राप्तिमा मेरो संलग्नता थिएन भन्न यी प्रतिवादी विबन्धित रहेको देखिँदा सफाइ पाउनु पर्दछ भन्ने पुनरावेदन जिकिरसँग सहमत हुन

नसकिने ।

तसर्थ, विवेचित आधार कारणसमेतबाट प्रतिवादी सविता कँडेलले नक्कली अध्यापन अनुमतिपत्र पेस गरी गैरकानूनी लाभ हासिल गरेको देखिई निजलाई भ्रष्टाचार निवारण ऐन, २०५९ को दफा १६(१) कसुरमा सोही दफाबमोजिम ६ महिना कैद र रू.१०,०००।– जरिवानासमेत हुने ठहऱ्याई सुरू विशेष अदालत, काठमाडौंबाट मिति २०७२।५।२७ मा भएको फैसला मिलेकै देखिँदा सदर हुने ।

इजलास अधिकृत: ईश्वरीप्रसाद भण्डारी

कम्प्युटर: अमिररत्न महर्जन

इति संवत् २०७४ साल वैशाख १२ गते रोज ३ शुभम् ।

६

**स.प्र.न्या.श्री सुशीला कार्की र मा.न्या.श्री विश्वम्भरप्रसाद श्रेष्ठ,** ०७३-CR-००४१, भ्रष्टाचार (नक्कली प्रमाणपत्र), *मनोजकुमार राउत वि. नेपाल सरकार*

पेस भएको आई.ए. को प्रमाणपत्र सुरू विशेष अदालतबाट पुन: प्रमाणीकरणको लागि सम्बन्धित निकाय विहार विद्यालय परीक्षा समिति पटना, भारतमा पठाउँदा Manoj kumar Raut, Level I.A, year 1998, Roll Code 6506, Enlistment, No AY 1222/96 Anukramark-30067 Total 593/900, Division First, Remark कम्प्युटर अभिलेखमा नभेटिएको तथा लेजर - RTR / GTR मा 30021 क्रमांकसम्म मात्र उल्लेख भएकोले निजको रेकर्ड नभएको लेखी आएको बेहोरा उच्च माध्यमिक शिक्षा परिषद् सानोठिमी भक्तपुरको च.नं.९० मिति २०७२।६।१७ को पत्रसाथ प्रमाणीकरण भई आएको देखिन्छ । विवादित प्रमाणपत्र प्रदान गर्ने आधिकारिक निकायबाट नै लेखी आएको बेहोरालाई प्रतिवादीले अन्यथा हो भनी प्रमाणित गर्नसकेको मिसिल संलग्न प्रमाणबाट देखिन आएन, यसरी प्रमाणपत्र प्रदान गर्ने आधिकारिक निकायबाट लेखी आएको कुरालाई प्रमाणमा लिनु पर्ने भई प्रतिवादी मनोजकुमार राउतले प्राप्त गरेको भनिएको आई.ए. को शैक्षिक योग्यताको प्रमाणपत्र सक्कली हो भन्ने पुनरावेदन जिकिर र विद्वान् अधिवक्ताको बहससँग सहमत हुन नसकिने ।

कसुर भएको बखत प्रचलनमा रहेको कानूनबमोजिम सजाय हुने कानूनी सिद्धान्त रहेको र निज प्रतिवादी मनोजकुमार राउतले उक्त विवादित प्रमाणपत्र सन् १९९८ मा प्राप्त गरी वि.सं. २०५६।९।९ मा प्र.स.नि. पदमा दरखास्त फाराम भर्दा पेस गरेको तथा सोही प्रमाणपत्रको आधारमा २०५८।४।१८ मा प्र.स.नि. मा नियुक्ति पाएको भन्ने कुराको पुष्टि मिसिल संलग्न प्रमाणबाट देखिन आएकोले सो समयमा साबिक भ्रष्टाचार निवारण ऐन, २०१७ नै क्रियाशील रहेको र आरोप दाबीमा पनि साबिक भ्रष्टाचार निवारण ऐन, २०१७ को दफा १२ को समेत दाबी लिएको देखिएकोले सोही कानून आकर्षित हुने भई प्रतिवादीको कार्य सोही ऐनको दफा १२ बमोजिमकै कसुर भन्ने देखिन आउने ।

तसर्थ, विवेचित तथ्य र कानूनसमेतका आधार कारणबाट प्रतिवादी मनोजकुमार राउतले नक्कली शैक्षिक योग्यताको प्रमाणपत्र पेस गरी साबिक भ्रष्टाचार निवारण ऐन, २०१७ को दफा १२ को कसुरमा सोही दफा १२ र २९(२) बमोजिम रू.५००।- (पाँच सय) जरिवाना हुने ठहऱ्याई सुरू विशेष अदालतबाट मिति २०७२।१०।१५ मा भएको फैसला मिलेकै देखिँदा सदर हुने ।

इजलास अधिकृतः ईश्वरीप्रसाद भण्डारी

कम्प्युटरः अमिररत्न महर्जन

इति संवत् २०७४ साल वैशाख १२ गते रोज ३ शुभम् ।

७

**स.प्र.न्या.श्री सुशीला कार्की र मा.न्या.श्री पुरूषोत्तम भण्डारी,** ०६७-WO-०१६८, उत्प्रेषण / परमादेश, अरूणकुमार भट्टराई *वि. प्रहरी प्रधान कार्यालय, नक्साल, काठमाडौंसमेत*

निवेदक गैरहाजिरी रही आफ्नो काम कर्तव्य र जिम्मेवारीबाट विमुख भएको पाइएकोले यस्तो अनुशासनहीन प्रहरी कर्मचारीलाई सेवामा राखिरहनु मनासिब नहुने भएको हुँदा निजलाई सेवाबाट हटाउनुपूर्व सफाइ पेस गर्ने मौका उपलब्ध गराउन नसकिएको अवस्था भएबाट प्रहरी नियमावली, २०४९ को नियम ८८ को देहाय (झ) को कसुरमा ऐ. नियमावलीको नियम ८४ को देहाय (छ) बमोजिम भविष्यमा सरकारी नोकरीको लागि अयोग्य नठहरिने गरी नोकरीबाट हटाउने भनी निर्णय गरिदिएँ भनी मिति २०६३।२।१२ मा प्रहरी महानिरीक्षकबाट निर्णय भएको देखियो । यी निवेदकलाई सेवाबाट हटाउने निर्णय गर्दा नियमावलीको नियम ८९ को देहाय (२) को कार्यविधिको पालना गरेको भन्ने सन्दर्भमा देखिन आएन साथै सोही निर्णयमा सफाइ पेस गराउने मौका उपलब्ध गराउन नसकिएको अवस्था भएबाट भन्नेसम्मको ऐन, नियमविपरीतको भाषा प्रयोग भएको देखिन आउने।

कुनै व्यक्तिउपर कसुर प्रमाणित गर्नुअगावै सो कसुर सम्बन्धमा निजको भनाई र सजाय हुन नपर्ने भए कारणसहितको जवाफ (स्पष्टीकरण) माग गरी, पेस भएको जवाफ चित्त बुझ्दो नभएमा सजाय गर्नु पर्ने अवस्थाको विद्यमानता सन्दर्भमा कारणसमेत खोली निर्णय गर्नुपर्नेमा सो नगरी सामान्य सुनुवाइको मौकासमेत प्रदान नगरी भएको उपयुक्त निर्णय प्राकृतिक न्यायको सिद्धान्तविपरीत देखिन आयो। यी निवेदक मिति २०६२।९।२९ मा बिदा बस्दा बिरामी बिदा स्वीकृत भएको र उपचारको अवधि लामो भएको निजको बेहोरा र निवेदनसाथै पेस भएका डाक्टरको प्रेस्क्रिप्सनमा समेत Complete Bed Rest भनी औषधी सिफारिस गरिदिएको अवस्थामा उपचारका लागि सुविधा पाउने कर्मचारीको सामान्य सुविधालाई निर्णयकर्ताले दृष्टिगत गरेकोसमेत नदेखिने।

तसर्थ यी निवेदक उपचारार्थ रहेको अवस्थामा लामो समय गैरहाजिर रहेको संगठनको अनुशासन पालन नगरेको र सम्पर्कमा नरहेको जस्ता कारण जनाई कारबाही गर्नुअगावै प्रहरी नियमावलीको नियम ८९(२) बमोजिमको कार्यविधिसमेत पालना नगरी निवेदकलाई सेवाबाट बर्खास्त गर्ने गरी भएको मिति २०६३।२।१२ को प्रहरी महानिरीक्षक स्तरीय निर्णय र सोही निर्णयलाई पुनरावेदनको रोहबाट समेत सदर गरी भएको मिति २०६६।२।२० नेपाल सरकार गृहमन्त्रीबाट भएको निर्णय उत्प्रेषणको आदेशले बदर गरिदिएको छ। अब निवेदकलाई कानूनबमोजिम पूर्ववत् सेवामा हाजिर गर्नु गराउनु भनी विपक्षीहरू, प्रहरी प्रधान कार्यालय र नेपाल सरकार गृह मन्त्रालयका नाउँमा परमादेश जारी हुने।

इजलास अधिकृत: ईश्वरीप्रसाद भण्डारी

कम्प्युटर: विकेश गुरागाईं

इति संवत् २०७४ साल वैशाख १० गते रोज १ शुभम्।

८

**स.प्र.न्या.श्री सुशीला कार्की र मा.न्या.श्री पुरूषोत्तम भण्डारी,** ०७३-WO-०५९८, उत्प्रेषण / परमादेश, *सुरज लामिछाने वि. उर्जा मन्त्रालय सिंहदरबार, काठमाडौंसमेत*

ऐनद्वारा निर्धारित प्रक्रिया नपुऱ्याई निर्णय गरी कार्यान्वयनका लागि कार्यकारी निर्देशकलाई पत्राचार गरिएको कार्यउपर माग गरिएको स्पष्टीकरणमा विषयगत जवाफ नदिएकोसमेतका सुनुवाइको अवसर प्रदान गरी विद्युत् प्राधिकरण ऐन, २०४१ को दफा ९ को उपदफा (४) को प्रतिबन्धात्मक वाक्यांशबमोजिम सञ्चालकलाई सञ्चालक सदस्यबाट निष्कासन गर्ने गरेको नेपाल सरकार उर्जा मन्त्रिस्तरीय मिति २०७३।८।३० को निर्णय कानूनबमोजिम नै देखिन आउने।

निवेदन मागबमोजिम आदेश जारी हुनुपर्ने हो होइन भन्ने सम्बन्धमा हेर्दा निवेदकले प्राधिकरणका कार्यकारी निर्देशकले सञ्चालक समितिबाट गरिनु पर्ने

कार्य कार्यकारी निर्देशकले आफैँ गर्ने गरी सञ्चालक समितिको अधिकारमा हस्तक्षेप गरेकोलगायतका विषय उल्लेख गरी नेपाल विद्युत् प्राधिकरणको ७४१ औं बैठकबाट निर्णय गरेको कुरा प्राधिकरणको हितअनुकूल भनी जिकिर लिई आफूहरूलाई सञ्चालक सदस्यबाट हटाउने कार्य गैरकानूनी भनी निवेदन दिए पनि प्राधिकरणको हितअनुकूलका निर्णयहरू विद्युत् प्राधिकरणको सञ्चालक समितिको पूर्ण बैठकमा पेस गरी छलफल गरी कानूनविपरीतका कार्यहरूउपर आवश्यक निर्णय गराउनु पर्नेमा सो नगरी केबल सञ्चालक सदस्य नै ३ जना मात्र रहेको प्रतित हुने गरी निर्णय गरेको देखिन आयो । यदि सीमित सञ्चालक उपस्थित हुने र उपस्थित भएका मात्रको निर्णयलाई वैधता दिने हो भने ऐनले तोकेको ८ जना सञ्चालक रहनेछन् र सञ्चालक सदस्यको बहुमतको निर्णय मान्य हुनेछ भन्ने कानूनी प्रावधानको पालना हुने नदेखिने।

बैठक बस्दाको अवस्थामा के कति सञ्चालक उपस्थति भए र बहुमतयुक्त निर्णय थियो थिएन भनी निवेदकले खुलाउन नसकेको समेतका आधारमा उक्त सञ्चालक समितिको बैठक नै प्रक्रिया नपुर्‍याई भएको अल्पमतको निर्णय कार्यान्वयन गर्नु भनी कार्यकारी निर्देशकलाई सम्बोधन गरी अख्तियार दुरूपयोग अनुसन्धान आयोगसमेतलाई बोधार्थ दिएको पत्र र निर्णय कानूनअनुरूप नभएको भनी उक्त निर्णय गर्दाका ३ जना सञ्चालक सदस्यहरूलाई स्पष्टीकरण माग गरिएको र चित्त बुझ्ने जवाफ नदिई विषयान्तर गरी दिएको स्पष्टीकरणसमेतलाई आधार मानी उर्जा मन्त्रीस्तरबाट यी निवेदकलाई सञ्चालक सदस्यबाट हटाउने गरी भएको निर्णयमाथि उल्लिखित आधारसमेतबाट कानूनविपरीत भएको नदेखिने।

तसर्थ नेपाल विद्युत् प्राधिकरणको हितलाई ध्यानमा राखी यी निवेदकलाई सञ्चालक सदस्यबाट हटाउने गरी भएको मिति २०७३।८।३० को निर्णय कानूनविपरीतको देखिन नआउँदा उक्त निर्णय उत्प्रेषणको आदेशद्वारा बदर गरी पुनः सञ्चालक पदमा यथावत् कार्य गर्न दिनु भन्ने परमादेश जारी गरिपाउँ भन्ने निवेदनमाग दाबी पुग्न सक्दैन । रिट निवेदन खारेज हुने।

इजलास अधिकृत: ईश्वरीप्रसाद भण्डारी

कम्प्युटर: रामशरण तिमिल्सिना

इति संवत् २०७४ साल वैशाख १० गते रोज शुभम्।

- यसै लगाउको ०७३-WO-०५९२, उत्प्रेषण / परमादेश, *लक्ष्मणप्रसाद अग्रवाल वि. उर्जा मन्त्रालय सिंहदरबारसमेत* मुद्दामा पनि यसैअनुसार फैसला भएको छ।

९

**स.का.मु.प्र.न्या.श्री सुशीला कार्की र मा.न्या.श्री ओमप्रकाश मिश्र,** ०६९-CR-०९१८, लागु औषध, मनोजकुमार शाह *वि. नेपाल सरकार*

प्रतिवादी मनोजकुमार शाहलाई शंकास्पद अवस्थामा फेला पारी निजको शरीर तलासी लिँदा प्लाष्टिकभित्र ७० ग्राम लागु औषध खैरो हिरोइन फेला परेको भन्ने खानतलासी तथा बरामद मुचुल्का रहेको देखिन्छ । निजले अनुसन्धानको क्रममा बयान गर्दा साथी समिर पौडेल र मसमेत भई भारतको रक्सौलबाट मधेसीसँग रू.४०,०००।- मा ७० ग्राम खैरो हिरोइन खरिद गरी बोकी हिँडिरहेको अवस्थामा मिति २०६६।११।३ गते साँझ साथी समिर पौडेल र म भई ट्याक्सी चढी गइरहेको अवस्थामा प्रहरीले फेला पारी मेरो साथबाट उक्त लागु औषध बरामद गरेको हो भन्ने तथ्य स्वीकार गरी बयान गरेको पाइन्छ भने अदालतमा आफू चढेको ट्याक्सीको अगाडिको सिटबाट लागु औषध बरामद भएको भन्ने कुरालाई स्वीकार गरेको पाइन्छ । अनुसन्धानको क्रममा गरेको साबिती बयानलाई बरामद भएको लागु औषधले समर्थन गरेको देखिन आएको छ। सो तथ्यलाई खण्डन हुने तथ्ययुक्त भरपर्दो आधार र प्रमाण पुनरावेदक

प्रतिवादीले बयानसाथ पेस गरेको नदेखिने।

बरामद लागु औषध हामीले खरिद बिक्री वितरणसमेत गर्ने गरेका छौं र बरामद खैरो हिरोइन मसमेत भई रक्सौलबाट खरिद गरी बिक्री गर्नको लागि ट्याक्सी चढी जाँदै गर्दा सवारी जाँच गर्ने क्रममा आफू भागी पुनरावेदक प्रतिवादी मनोजकुमार शाह पक्राउ परेको भन्ने सहप्रतिवादी समिर पौडेलले बयान गरेको देखिन्छ । आफूले चलाएको बा १ ज ५६९ नं. को भाडाको ट्याक्सीमा यात्रा गर्ने मनोजकुमार शाहको शरीर प्रहरीले तलासी लिँदा प्लाष्टिकभित्र ७० ग्राम लागु औषध खैरो हिरोइन फेला परेको र निजसँगै आएका समिर पौडेल भागी फरार रहेका भनी ट्याक्सी चालक प्रेमबहादुर मगरको कागज बेहोराबाट बरामदी मुचुल्का र प्रतिवादीको बयान समर्थित हुन आई पुनरावेदक प्रतिवादी मनोजकुमार शाहले लागु औषध (नियन्त्रण) ऐन, २०३३ को दफा ४ विपरीतको कसुर अपराध गरेको तथ्य पुष्टि भएकोले निजको पुनरावेदन जिकिर मनासिब नदेखिने।

अतः प्रतिवादी मनोजकुमार शाहलाई लागु औषध (नियन्त्रण) ऐन, २०३३ को दफा ४ को देहाय (घ), (च) र (छ) समेतको कसुर अपराधमा ऐ.ऐनको दफा १४(१) को खण्ड (छ) को देहाय (२) बमोजिम १० वर्ष कैद र रू.७५,०००।- जरिवाना हुने ठहर गरी सुरू अदालतबाट भएको फैसला सदर हुने ठहर्‍याई पुनरावेदन अदालत, पाटनबाट मिति २०६९।६।२३ मा भएको फैसला मिलेको देखिँदा सदर हुने।

इजलास अधिकृतः दिलीपराज पन्त

इति संवत् २०७३ साल वैशाख २४ गते रोज ६ शुभम्।

१०

**स.का.मु.प्र.न्या.श्री सुशीला कार्की र मा.न्या.श्री ओमप्रकाश मिश्र,** ०७०-CR-०२५२ र ०७०-CR-०६३८, जबरजस्ती करणी, *धनकृष्ण कुटु वि. नेपाल सरकार र नेपाल सरकार वि. धनकृष्ण कुटु*

पुनरावेदक प्रतिवादीको मानसिक अस्पताल, लगनखेलको Psychological Testing Report हेर्दा निजलाई सुस्त मनस्थिति (Mental Retardation Moderate Grade) नामक रोग लागेको भन्नेसम्म देखिन्छ । मगज बिग्रेको र सुस्त मनस्थिति फरक अवस्था हो । मुलुकी ऐन, दण्ड सजायको १ नं. को कानूनी व्यवस्था हेर्दा सजायबाट उन्मुक्ति पाउन आफूले गरेको कामको प्रकृति र परिणाम थाहा नपाउने गरी मगज बग्रेको वा बहुलाएको हुनु पर्ने देखिन्छ । पुनरावेदक प्रतिवादीले कसुर गरेको अवस्थामा आफूले गरेको कामको परिणाम जान्न सक्ने वा बुझ्न सक्ने अवस्था थिएन भन्ने निजको medical Report बाट देखिँदैन । यस्तो स्थितिमा दण्ड सजायको १ नं. बमोजिम सजाय हुनुपर्ने होइन भन्ने पुनरावेदन जिकिर कानूनसम्मत नदेखिने।

पीडितले अदालतमा उपस्थित भई बकपत्र गर्दा स.ज.५ मा प्रतिवादीले आफ्नो पिसाब फेर्ने मेरो पिसाब फेर्नेमा पसाउनु भयो भन्नेसम्मको कुरा उल्लेख गरी बकपत्र गरेको देखियो । निज प्रतिवादीले अप्राकृतिक मैथुनसमेत गरेको भन्ने कुरा पीडितले अदालतको बकपत्रमा उल्लेख गर्न सकेको देखिएन । यसका अतिरिक्त घटनास्थल मुचुल्का, जाहेरवाली कमला सुनुवारको बकपत्रसमेतका कागज प्रमाणबाट पीडितउपर अप्राकृतिक मैथुन भएको भन्ने पुष्टि हुने आधार देखिँदैन। यसरी सो तथ्य अन्य स्वतन्त्र प्रमाणबाट पुष्टि हुने वस्तुनिष्ठ प्रमाण मिसिल संलग्न रहेको नदेखिँदा प्रतिवादीलाई मुलुकी ऐन, जबरजस्ती करणीको महलको ९(क) नं. बमोजिम सजाय गरिपाउँ भन्ने वादी नेपाल सरकारको पुनरावेदन जिकिरसँग सहमत हुन नसकिने।

अतः पुनरावेदक प्रतिवादी धनकृष्ण कुटुलाई मुलुकी ऐन, जबरजस्ती करणीको महलको १ नं. को कसुरमा ऐ. ३(१) नं. बमोजिम १० दश वर्ष कैद र पीडित (नाम परिवर्तित “ग”) लाई प्रतिवादीबाट जबरजस्ती करणीको महलको १० नं. बमोजिम

रू.५०,०००।- (पचास हजार) क्षतिपूर्तिसमेत भराई दिने ठहऱ्याई सुरू भक्तपुर जिल्ला अदालतबाट मिति २०६९।२।३२ मा भएको फैसला सदर हुने ठहर गरी पनुरावेदन अदालत, पाटनबाट मिति २०२७०।१।३ मा भएको फैसला मिलेकै देखिँदा सदर हुने।

इजलास अधिकृतः दिलीपराज पन्त

इति संवत् २०७० साल वैशाख २४ गते रोज ६ शुभम्।

११

**स.का.मु.प्र.न्या.श्री सुशीला कार्की र मा.न्या.श्री ओमप्रकाश मिश्र,** ०७०-CR-०५७७ र ०७०-CR-०८९०, लागु औषध, *राजिव महर्जन वि. नेपाल सरकार र नेपाल सरकार वि. हनुमानप्रसाद कुशवाह*

प्रतिवादी राजिव महर्जनले अदालतको बयानमा लागु औषध सेवन गर्ने गरेको तथ्य स्वीकार गरेको पाइन्छ भने बरामद लागु औषध र डिजिटल तराजुसमेत निजबाट बरामद भएको तथ्यमा विवाद देखिँदैन । यसरी निजको प्रहरीमा भएको साबिती बयान समर्थित भइरहेको स्थितिमा निजको पुनरावेदन जिकिर मनासिब देखिएन । दुवै जना प्रतिवादीहरू सँगसँगै एकै ठाउँबाट पक्राउ परेको र लागु औषध र डिजिटल तराजु प्रतिवादी राजिव महर्जनबाट बरामद भएको भन्ने बरामदी मुचुल्का रहनुका साथै सो बरामदी मुचुल्काको बेहोरा पुष्टि हुने गरी प्रतिवेदकहरू होमबिक्रम कार्की र प्र.ज.चन्द्रसिंह महराले अदालतमा उपस्थित भई बकपत्र गरेको देखिन्छ । प्रतिवादी हनुमानप्रसाद कुशवाहको साथबाट लागु औषध बरामद भएको भन्ने देखिँदैन। निजले मनिष भन्ने व्यक्तिमार्फत प्रतिवादी राजिव महर्जनसँग चिनजान गरेको र राजिव महर्जनलाई लागु औषध आवश्यक भएमा आफूले उपलब्ध गराउने ईच्छा प्रकट गरी सो कारोबारमा संलग्न भएको भन्ने निजको बयान कथनबाट देखिन्छ । प्रभु मनी ट्रान्सफर प्रा.लि. घण्टाघर, काठमाडौंबाट हनुमानप्रसाद कुशवाहले पाउने गरी रकम पठाएको थान-३ रसिदसमेत पुनरावेदक प्रतिवादी राजिव महर्जनको साथबाट बरामद भएको देखिन्छ । प्रतिवादी हनुमानप्रसाद कुशवाहबाट अवैध वस्तु फेला नपरेको भन्ने बरामदी मुचुल्का रहेको छ । यसबाट परोक्षरूपमा प्रतिवादी हनुमानप्रसाद कुशवाहसमेत उक्त आपराधिक कार्यको मतियार भई अपराधमा संलग्न भएको देखिन आउँछ । निजबाट लागु औषध बरामद नभए पनि कसुरको मात्राको आधारमा सिर्जित दायित्वसम्म बहन गर्नुपर्ने देखिन आएकोले वादी नेपाल सरकारको पुनरावेदन जिकिरसँग सहमत हुन नसकिने।

अतः उल्लिखित कानूनी व्यवस्था एवम् आधार र कारणसमेतबाट प्रतिवादी राजिव महर्जनलाई लागु औषध (नियन्त्रण) ऐन, २०३३ को दफा ४(च) द्वारा निषेधित कसुर अपराधमा दफा १४(१)(छ)(२) बमोजिम ११ वर्ष कैद र रू.१ लाख जरिवाना हुने र अर्का प्रतिवादी हनुमानप्रसाद कुशवाहलाई ऐ. दफा १७ बमोजिम ५ वर्ष ६ महिना कैद र पचास हजार जरिवाना हुने गरी सुरू जिल्ला अदालतबाट भएको फैसला सदर हुने ठहर गरेको पुनरावेदन अदालत, पाटनको मिति २०७०।१।३१ को फैसला मिलेको देखिँदा सदर हुने।

इजलास अधिकृतः दिलीपराज पन्त

इति संवत् २०७३ साल वैशाख २४ गते रोज ६ शुभम्।

## इजलास नं. १

१

**मा.न्या.श्री गोपाल पराजुली र मा.न्या.श्री ओमप्रकाश मिश्र,** ०७३-WH-००४३, बन्दीप्रत्यक्षीकरण, *गणेश दुलाल वि. कारागार कार्यालय, कास्कीसमेत*

प्रतिवादीको निवेदन परी कैदमा नबसी पुनरावेदन गर्न अदालतले अ.बं. १९४ नं. को सुविधा दिएमा तल्लो अदालतले लागेको कैदसमेत बापतमा कैदमा नबसी माथिल्लो अदालतमा पुनरावेदन दर्ता हुन सक्ने सुविधा प्रतिवादीलाई रहेको

पाइयो । यस्तो सुविधा पाई माथिल्लो अदालतमा पुनरावेदन गरेका व्यक्तिलाई पुनरावेदनको रोहमा माथिल्लो अदालतबाट निर्णय नहुँदै तल्लो अदालतको फैसलाले लागेको कैदबापतमा पक्राउ गरी कारागार पठाउन मिल्ने अधिकार विपक्षी तहसिल शाखासमेतलाई उक्त कानूनले दिएको नदेखिने।

पुनरावेदन अदालत, पोखराको मिति २०७२।११।२ को आदेशले पुनरावेदन अदालतको फैसलाउपर थुनामा नबसी यस अदालतमा पुनरावेदन गर्न अ.बं.१९४ नं. को सुविधा निवेदकले पाएको अवस्था छ। अदालतबाट भएको आदेशानुसारको तिर्नु बुझाउनु पर्ने दस्तुर धरौट राखी निवेदकले पुनरावेदन अदालतको फैसलाउपर यस अदालतमा पुनरावेदन दर्ता गरी यस अदालतमा मुद्दा विचाराधीन रहेको अवस्थामा निजलाई पुनरावेदन अदालत, पोखराबाट भएको फैसलाले लागेको कैद जरिवाना असुल गर्नु भनी विपक्षी प्रहरी कार्यालयले मिति २०७३।९।२० मा पक्राउ गरी मिति २०७३।९।२१ विपक्षी कास्की जिल्ला अदालतमा उपस्थित गराई अदालतबाट सोही मितिमा कैदीपुर्जी जारी गरी विपक्षी कारागार कार्यालयमा कैदमा राख्न पठाएको कार्य उपर्युक्त कानून मुलुकी ऐन, अ.बं. १९४ नं. र दण्ड सजायको २३ नं. प्रतिकूल रहेको पाइने।

तसर्थ, विवेचित आधार र प्रमाणबाट निवेदक प्रतिवादीलाई अ.बं.१९४ नं. को सुविधा प्राप्त भई पुनरावेदनसमेत परिसकेको अवस्थामा फैसला कार्यान्वयनको सिलसिला भनी पक्राउ गरी कारागार कार्यालय कास्कीमा थुनामा राख्नु भनी विपक्षीमध्येको कास्की जिल्ला अदालतबाट मिति २०७३।९।२१ मा जारी भएको कैदी पुर्जी उक्त अ.बं.१९४ नं. को विपरीत देखिँदा उक्त गैरकानूनी कैदी पुर्जीका आधारमा निवेदकलाई पक्राउ गरी कारागारमा राख्न पठाएको कार्य कानूनअनुरूप नभएकोले सदर कायम रहन नसक्ने हुँदा मागबमोजिम बन्दीप्रत्यक्षीकरणको आदेश जारी भई निवेदक प्रतिवादी कमलमान गुभाजु थुनामुक्त हुनेसमेत ठहर्ने।

इजलास अधिकृत: कपिलमणी गौतम

इति संवत् २०७३ साल माघ १४ गते रोज ६ शुभम्।

२

**मा.न्या.श्री गोपाल पराजुली र मा.न्या.श्री ओमप्रकाश मिश्र,** ०७३-CR-०११७, भ्रष्टाचार (नक्कली प्रमाणपत्र), *भेजुप्रसाद काफ्ले वि. नेपाल सरकार*

प्रस्तुत मुद्दामा प्रतिवादी भेजुप्रसाद काफ्ले एकप्रिय उच्च माध्यमिक विद्यालयमा शिक्षकको रूपमा कार्यरत रहेको र निजले उक्त शिक्षक पदमा कार्यरत रहँदाको अवस्थामा Regd. No. 22006-95 नं. रहेको त्रिभुवन विश्वविद्यालयबाट जारी MBS तहलगायतको विभिन्न तहको शैक्षिक प्रमाणीकरणको लागि त्रिभुवन विश्वविद्यालयमा पठाउँदा भुजुप्रसाद काफ्लेको MBS को उक्त प्रमाणपत्र यस कार्यालयबाट जारी नभएको तथा नक्कली भएको बेहोरा जानकारी गराइन्छ भन्ने बेहोरा उल्लेख भई आएको देखिन्छ । यसबाट प्रतिवादीले पेस गरेको MBS तहको शैक्षिक योग्यताको प्रमाणपत्र नक्कली रहेको देखियो। प्रतिवादीले बयानको क्रममा उक्त प्रमाणपत्र आफूले पेस गरेको होइन भनी जिकिर लिए तापनि सो तथ्यलाई पुष्टि हुने कुनै प्रमाण पेस गर्न सकेको नदेखिने।

अत: प्रतिवादी भेजुप्रसाद काफ्लेलाई भ्रष्टाचार निवारण ऐन, २०५९ को दफा १६(१) को कसुरमा सोही ऐनको दफा १६(१) नं. बमोजिम ६(छ) महिना कैद र रू.१०,०००।– (दश हजार) जरिवाना हुने ठहऱ्याएको विशेष अदालतको मिति २०७२।१२।४ को फैसला मिलेकै देखिँदा सदर हुने।

इजलास अधिकृत: मीना गुरूङ

इति संवत् २०७३ साल चैत ७ गते रोज २ शुभम्।

## इजलास नं. २

१

**मा.न्या.श्री दीपकराज जोशी र मा.न्या.श्री केदारप्रसाद चालिसे,** ०७१-CR-१०४१, कर्तव्य ज्यान, *विष्णु ठकुरी वि. नेपाल सरकार*

मृतक श्याम भोञ्जनको मृत्यु कर्तव्यबाट भएको हो भन्ने प्रतिवादीउपर परेको किटानी जाहेरी दरखास्त, घटना विवरण कागज, मिसिल संलग्न रहेको मृतकको तस्वीर, मौकामा र अदालतमा प्रतिवादीले गरेको बयान तथा मृतकको मृत्युको कारणमा घाँटी गहिरो रेटिएको घाउ, श्वास नली छिनालिएको रगतका नली छिनालिएको भनी जिल्ला स्वास्थ्य कार्यालय, काभ्रेपलाञ्चोकका मेडिकल अधिकृतले खुलाएको छ। यस्तो अवस्थामा मिसिल संलग्न कागजातहरूबाट मृतक श्याम भोञ्जनको मृत्यु कर्तव्यबाट भएको पुष्टि हुने।

एकै गाउँ ठाउँका साथीबाट गैरकानूनीरूपमा रू.२,००,०००।- लिने खाने नियतले यी प्रतिवादीले बर्बरतापूर्ण तरिकाले हत्या गरेको मिसिल संलग्न कागजातहरू देखियो । यस्तो बर्बरतापूर्ण तरिकाले एउटै गाउँका र एकै दुग्ध फर्ममा काम गर्ने साथीलाई फलामको चुप्पीले लखेटी लखेटी शरीरको विभिन्न भागमा प्रहार गर्दै अन्तमा मृतकको घाँटीमा रेटी हत्या गरेको अवस्थामा निज प्रतिवादीले भनेजस्तो घटनाको यथार्थ विवरण खुलाई अपराध अनुसन्धानमा सहयोग गरेकोले सजायमा कमी होस् भन्ने निजको पुनरावेदन जिकिरसँग सहमत हुन नसकिने।

अतः माथि विवेचित आधार कारणहरूबाट सुरू काभ्रेपलाञ्चोक जिल्ला अदालतले प्रतिवादी विष्णु ठकुरीलाई ज्यानसम्बन्धी महलको १३(१) नं. बमोजिम सर्वस्वसहित जन्मकैद र चोरीतर्फ चोरीको बिगोको रू.१,९७,९६१।- कायम गरी चोरीको ६ नं. को कसुरमा ऐ. को १४(३) नं. बमोजिम थप २ (दुई) महिना कैद गर्ने गरी भएको मिति २०७०।९।३ को फैसलालाई सदर गर्ने गरेको पुनरावेदन अदालत, पाटनले मिति २०७१।७।११ मा गरेको फैसला मिलेको देखिँदा सदर हुने।

इजलास अधिकृतः प्रेम खड्का

इति संवत् २०७४ साल वैशाख १३ गते रोज ४ शुभम्।

२

**मा.न्या.श्री दीपकराज जोशी र मा.न्या.श्री सपना प्रधान मल्ल,** ०७३-WH-००४९, बन्दीप्रत्यक्षीकरण, *राकेशकुमार शर्मा वि. बाँके जिल्ला अदालत, नेपालगञ्जसमेत*

निवेदक गुञ्जरूबहादुर लोहारलाई हातहतियार खरखजाना मुद्दामा कुसुरदार ठहर गरी निजलाई हातहतियार तथा खरखजाना ऐन, २०१९ को व्यवस्थाअनुसार हातहतियारतर्फ दफा २०(२) बमोजिम १(एक) वर्ष कैद र रू.६०,०००।- जरिवाना तथा खरखजानातर्फ सोही ऐनको दफा २०(३) अनुसार ९ महिना कैद र रू.२०,०००।- जरिवाना भई बाँके जिल्ला अदालतबाट मिति २०६३।१।७ मा फैसला भएको देखियो । उक्त फैसलाअनुसार यी निवेदक गुञ्जरूबहादुर लोहारलाई कैद वर्ष १ र ९ महिना बेग्लाबेग्लै भएकोमा दुवै कैदलाई खापी जम्मा कैद १ वर्ष ९ महिना गर्ने गरी प्रतिवादीका नाममा कैदपुर्जी कारागार कार्यालय बाँकेमा कार्यान्वयनको लागि पठाएको देखिने।

कानूनले नै जरिवाना खाप्ने भनी लेखिएको देखिँदा प्रतिवादीको तर्फबाट रू.८०,०००।- बुझाएमा एक वर्ष कैदमा रहेका निवेदक गुञ्जारूबहादुर कैदमुक्त हुने अवस्था रहेको छ । कुनै पनि व्यक्तिले स्वतन्त्रतापूर्वक हिँड्डुल र पेसा गर्ने हक अधिकार नेपालको संविधानले व्यवस्था गरेको छ । कुनै पनि व्यक्तिलाई गैरकानूनी थुनामा राखेमा सो व्यक्तिले नेपालको संविधानको धारा १३३(२) र (३) बमोजिम

बन्दीप्रत्यक्षीकरणको रिट दिन पाउने भन्ने संवैधानिक अधिकारअन्तर्गत यी निवेदकलाई हक अधिकार रहेको देखिने ।

उल्लिखित कानूनी व्यवस्था एवम् सिद्धान्तसमेतका आधारमा निवेदक गुञ्जरूबहादुर लोहारले जरिवाना रू.६०,०००।- र रू.२०,०००।- गरी जम्मा रू.८०,०००।- बुझाएमा निज मिति २०७२।९।२६ बाट निरन्तर र कैदमा रहेको देखिँदा निजलाई भएको कैद वर्ष १ आज मिति २०७३।११।४ मा बसिसकेको देखिँदा निवेदकको निवेदन मागबमोजिम विपक्षीहरूको नाममा बन्दीप्रत्यक्षीकरणको आदेश जारी हुने ।

इजलास अधिकृत: प्रेम खड्का

कम्प्युटर: सन्तोष अवाल

इति संवत् २०७३ साल फागुन ४ गते रोज ४ शुभम् ।

३

**मा.न्या.श्री दीपकराज जोशी र मा.न्या.श्री पुरूषोत्तम भण्डारी,** ०७२-CR-१२२५, गौवध, *लक्ष्मणबहादुर सुनार वि. नेपाल सरकार*

रक्सी खाई अपराध गर्ने व्यक्तिलाई हाम्रो कानूनले सजायमा छुट दिने र कम गर्न मिल्ने कानूनी प्रावधान नै नरहेको हुँदा रक्सीको मातमा बञ्चरोको पछाडिको भागबाट गाईको टाउकोमा ताकी ताकी प्रहार गर्दा गाई मर्छ भन्ने सामान्य मानिसको समझको कुरा हो । यसरी यी पुनरावेदक प्रतिवादीले गरेको अपराधबाट सजाय कम होस् भन्ने निजको भनाईसँग सहमत हुन नसकिने ।

प्रतिवादीले भारतबाट आए लगत्तैदेखि आफ्नो बाबु जाहेरवालासँग अंशबापत जग्गा सम्बन्धमा झगडा विवाद गरिरहेको कारणबाट घरमा बाबु मात्र एक्लो भएको मौका छोपी उक्त वारदातका दिन राति बाबुलाई कुटपिट गर्ने योजना बनाएकोमा यी प्रतिवादीका बाबु धामी झाँक्री बस्न गाउँमा गएकोले बाबुलाई कुटपिट गर्ने निज प्रतिवादीको योजना विफल भएकोले बाबुलाई प्रहार हुने चोट आफ्नै घरगोठमा रहेका कालु गाई र दुई वर्षीय कलिलो धौली बाच्छीलाई बञ्चरोको उल्टोतर्फको बिटले प्रहार गरी मारेको तथ्य पुष्टि हुन आउने ।

अतः माथि विवेचित आधार र कारणबाट प्रतिवादी लक्ष्मणबहादुर सुनारलाई मुलुकी ऐन, चौपायाको महलको १ नं. विपरीतको कसुरमा सोही महलको ११ नं. बमोजिम १२ (बाह्र) वर्ष कैद सजाय हुने ठहर गरी भएको सुरू सुर्खेत जिल्ला अदालतको मिति २०७१।१२।२२ को फैसलालाई सदर हुने ठहऱ्याएको पुनरावेदन अदालत, सुर्खेतको मिति २०७२।४।२४ को फैसला मिलेको देखिँदा सदर हुने ।

इजलास अधिकृत: प्रेम खड्का

इति संवत् २०७४ साल असोज २३ गते रोज २ शुभम् ।

## इजलास नं. ३

१

**मा.न्या.श्री ओमप्रकाश मिश्र र मा.न्या.श्री मीरा खड्का,** ०७२-WO-११२४, उत्प्रेषण, *शशिकला कैराती वि. पुनरावेदन अदालत, नेपालगञ्ज*

निवेदिकाले मुलुकी ऐन, अंशबन्डाको १क मा संशोधन भएको मिति २०७२।६।१४ गतेअघि नै विवाह गरेको देखिन्छ । निजले विवाह गरेको समयमा लागू भएको कानूनी व्यवस्था हेर्दा मुलुकी ऐन, अंशबन्डाको १ नं. मा "यो नम्बर प्रारम्भ भएपछि अंशबन्डा गर्दा यस महलका अन्य नम्बरहरूको अधीनमा रही बाबु, आमा, लोग्ने, स्वास्नी, छोरा, छोरीहरूको जियजियैको अंश गर्नुपर्छ" भन्ने कानूनी व्यवस्था रहेको पाइन्छ । उपर्युक्त कानूनी व्यवस्थाबमोजिम विवाहिता छोरीले बाबु आमाबाट अंश प्राप्त गर्न सक्ने अवस्था देखिन नआउने ।

मुलुकी ऐन, अंशबन्डाको १क नं. को कानूनी व्यवस्थाको खारेजीले उक्त अंशबन्डा महलमा भएको

संशोधनअधिका विवाहिता छोरीले पनि बाबु आमाको पैतृक सम्पत्ति अंश पाउने भन्ने व्यवस्था कानूनले गरेको देखिन नआई मिति २०७२।६।१४ गतेपछि विवाह गरेका महिलाले मात्र आफ्नो बाबुबाट अंश पाउने कानूनी व्यवस्था रहेको देखिन आयो। यस अवस्थामा कसैको अंशहक हनन् भएको स्थितिमा अदालतको साधारण क्षेत्राधिकार प्रयोग गरी प्रचलित कानूनको अधीनमा रही प्राप्त गर्ने अवस्था रहेको अवस्थामा ठहरेबमोजिम अंश प्राप्त गर्ने नै भएकाले असाधारण क्षेत्राधिकार प्रयोग गरी निवेदिकाको माग सम्बोधन हुने अवस्थाको विद्यमानता रहेको देखिन नआउने।

तसर्थ, विवेचित तथ्य, प्रचलित कानून व्यवस्थाको आधारबाट निवेदिकाको दाबीबमोजिम २ भागको १ भाग सम्पत्ति रोक्का गरिपाउँ भनी दिएको निवेदनबमोजिम अ.बं. १७१क नं. बमोजिम जग्गा रोक्का गर्न इन्कार गरेको बाँके जिल्ला अदालतको मिति २०७२।१२।८ गतेको आदेश सदर गरेको पुनरावेदन अदालत, नेपालगञ्जको मिति २०७३।३।९ गतेको आदेश कानूनसम्मत नै रहेबाट बदर गरिपाउँ भन्ने निवेदन जिकिर पुग्न सक्दैन। रिट निवेदन खारेज हुने।

इजलास अधिकृत: दुर्गाप्रसाद भट्टराई
कम्प्युटर: विष्णुदेवी श्रेष्ठ
इति संवत् २०७४ साल जेठ २८ गते रोज १ शुभम्।

२

**मा.न्या.श्री ओमप्रकाश मिश्र र मा.न्या.श्री मीरा खड्का,** ०७२-WO-०४१८, उत्प्रेषण / परमादेश, *गोपालप्रसाद धिमिरेसमेत वि. गृह मन्त्रालय, सिंहदरबार, काठमाडौंसमेत*

निवेदनमा उल्लिखित निवेदकका कि.नं.१०९ समेतका जग्गाको साँधसँग जोडिएको कि.नं.७८ को जग्गा बाटोमा परेको छ भने सो र कि.नं.८० लगायतका जग्गाहरूको क्षेत्रफल छुट्याई फरकफरक मूल्य कायम गरेको भन्ने कि.नं.८० को क्षेत्रफल ०-१-० को मुआब्जा रू.४९,९९५।१४ निर्धारण गरिएको छ भने सोही कित्ताको अर्को भागको क्षेत्रफल ०-११-० को रू.१३७९१४।९२ निर्धारण गरिएबाट ०-११-० को प्रतिआनाको रू.१२५३७।- जति पर्न आएबाट एउटै कित्ता जग्गाको मुआब्जा पनि एकमुष्ट रूपमा निर्धारित भएको नभई उपयोगिता र गुणात्मक महत्त्वको आधारमा निर्धारित गरेको देखिएबाट स्थलगत निरीक्षण गरी जग्गाको उपयोगिताको आधारमा फरकफरक मूल्याङ्कन गरेको देखियो। यसरी अधीग्रहणमा पर्ने जग्गाहरूको भौगोलिक अवस्था, उपयोगिताको अवस्था, उत्पादनको दर आदिको आधारमा वर्गीकरण गरी मुआब्जा निर्धारण समितिले मुआब्जा निर्धारण गरेकोमा सो मुआब्जा निर्धारणमा विभेदपूर्ण रहेको भन्न मिल्ने देखिन नआएको हुँदा निवेदकहरूलाई नेपालको संविधान तथा कानूनद्वारा प्रदत्त सम्पत्तिसम्बन्धी हकमा आघात परेको भन्न मिल्ने देखिन नआउने।

तसर्थ विवेचित तथ्य, आधार एवम् कारणहरूबाट मुआब्जा निर्धारण समितिको मिति २०७२।३।३१ को निर्णय त्रुटिपूर्ण नभई निवेदन जिकिर आधारहीन देखिन आएको हुँदा निवेदन माग दाबीबमोजिमको आदेश जारी गरिरहनु परेन। प्रस्तुत रिट निवेदन खारेज हुने।

इजलास अधिकृतः कृष्णप्रसाद अधिकारी
कम्प्युटर: चन्दनकुमार मण्डल
इति संवत् २०७४ साल वैशाख ७ गते रोज ५ शुभम्।

३

**मा.न्या.श्री ओमप्रकाश मिश्र र मा.न्या.श्री मीरा खड्का,** ०७२-WO-०८९१, उत्प्रेषण / परमादेश, *निलहरि काफ्ले वि. उद्योग मन्त्रालय, सिंहदरबार, काठमाडौंसमेत*

निवेदक कम्पनी ऐन, २०६३ बमोजिम दर्ता भएको कम्पनी भएको सन्दर्भमा सो ऐनको दफा ७ ले प्रदान गरेका सम्पूर्ण अधिकार तथा दायित्व निर्वाह गर्न सक्षम रहेको भन्ने कुरामा कुनै विवाद छैन सोहीबमोजिम नेपाल सरकारको तर्फबाट समेत ३ जना

सञ्चालक रहेको उक्त कम्पनीले सञ्चालक समितिबाट कम्पनी ऐन, प्रबन्धपत्र र नियमावलीबमोजिम भएका निर्णयको कार्यान्वयन गर्न सक्ने नै हुन्छ । अर्कोतर्फ विपक्षी निकायहरू निवेदक कम्पनीको नियमनकारी निकाय भएको भन्ने लिखित जवाफबाट समेत देखिएको छैन निवेदक कम्पनीको सञ्चालक समितिमा विपक्षी निकायको तर्फबाट समेत प्रतिनिधित्व भएकै देखिन्छ । यस अवस्थामा स्वायत्त संस्थाको रूपमा स्थापित संस्थाको सञ्चालक समितिबाट भएका कानूनबमोजिमको निर्णयअनुसारको काम कारबाहीउपर विपक्षी निकायले हस्तक्षेप गर्न वाञ्छनीय नहुने ।

वस्तुतः कम्पनी ऐन, २०६३ बमोजिम दर्ता भएका संगठित र स्वशासित कम्पनीले ऐनको दफा ७ बमोजिम सडक विस्तारको क्रममा नष्ट भएर जाने सामानलाई मूल्याङ्कन गराई लिलाम बिक्री गर्न पाउने नै हुन्छ । नेपाल सरकारको समेत स्वामित्व रहेको उक्त कम्पनीको कुनै सम्पत्ति हिनामिना गरिएको वा कानूनविपरीत बिक्री वितरण गरिएको अवस्थामा सञ्चालक वा मिल प्रशासनउपर प्रचलित कानूनबमोजिम कारबाही हुने कुरालाई अन्यथा भन्न सकिएन । तर प्रस्तुत विवादमा सडक विस्तारको क्रममा नष्ट भएर जाने सामानको व्यवस्थापन गर्ने प्रयोजनका लागि कम्पनीको सञ्चालक समितिबाट त्यस्तो सामानको मूल्याङ्कन गराई लिलाम बिक्री गर्ने गराउने भनी मिति २०७२।१२।२ मा निर्णय गरिएको सन्दर्भमा उक्त निर्णय कम्पनी ऐन, २०६३ तथा कम्पनीको प्रबन्धपत्र र नियमावलीसमेतको विपरीत रहेको भन्ने नदेखिँदा सो काम कारबाहीलाई रोक लगाएको विपक्षीहरूको कार्यलाई कानूनसम्मत मान्न नमिल्ने ।

तसर्थ उपर्युक्त आधार र कारणसमेतबाट विराटनगर जुट मिल्सले सडक विस्तारको क्रममा भत्किएका संरचना नष्ट भएर जाने भएकाले त्यस्तो सामानको व्यवस्थापन गर्ने प्रयोजनका लागि मूल्याङ्कन गराई लिलाम बिक्री गर्ने गराउने गरी कम्पनीको सञ्चालक समितिको मिति २०७२।१२।२ को बैठकबाट निर्णय भएकोमा विपक्षी मन्त्रालयबाट मिति २०७३।१।६ को मन्त्रिस्तरीय निर्णय र सो निर्णयको आधारमा मिति २०७३।१।८ र मिति २०७३।१।२० को पत्रबाट गरिएको पत्राचारसमेत कानूनअनुरूपको नदेखिँदा उत्प्रेषणको आदेशले बदर गरिदिएको छ। अब निवेदक कम्पनीको काममा कुनै बाधा हस्तक्षेप नगरी कम्पनी ऐन, २०६३, कम्पनीको प्रबन्ध पत्रलगायतका अन्य प्रचलित कानूनबमोजिम कामकाज गर्न दिनु भनी विपक्षीहरूको नाममा परमादेशसमेत जारी हुने ।

इजलास अधिकृत: रामु शर्मा

कम्प्युटर: रमेश आचार्य

इति संवत् २०७५ साल वैशाख २७ गते रोज ५ शुभम् ।

४

**मा.न्या.श्री ओमप्रकाश मिश्र र मा.न्या.श्री प्रकाशमान सिंह राउत,** ०६७-CR-०४४०, कुटपिट, *लिलादास तत्मा वि. धनजित दास तत्मासमेत*

प्रतिवादी शिवनारायण भन्ने शिवप्रसाद मेहताले प्रतिउत्तर दर्ता गर्दा वादी दाबीलाई पूर्णरूपले इन्कार गरी वारदात भएको भनिएको समयमा सो वारदात स्थानमा नरही सामुदायिक भूमिगत जल सिचाइँ संस्थाको इनरूवा-१ स्थित कार्यालयको बैठकमा थिएँ भन्ने उल्लेख गरेको देखिन आउँछ । यो इन्कारी प्रतिउत्तरलाई समर्थित हुने गरी यिनैका साक्षी रामसागर मेहताले बकपत्र गरिदिएको पाइन्छ । यी प्रतिवादीको साक्षीको भनाइलाई वादीले अन्यथा भनी खण्डन गरेको पाइँदैन । यी आरोपित प्रतिवादीले वादीलाई के कुन तवरबाट कुटपिट गरेको हो भनी खुलाई दिएकोसमेत देखिन नआएको अवस्थामा प्रतिवादी भिमप्रसाद मेहतालाई कसुरदार ठहऱ्याएको सुरू फैसला उल्टी गरी सफाइ दिएको पुनरावेदन अदालतको फैसला न्याय र कानूनसङ्गत हुँदा

परिवर्तन गर्नुपर्ने देखिन नआउने ।

प्रतिवादी भनिलाल खत्वेले वादीलाई भालाले रोपी कुटपिट गरे भन्ने वादी दाबी भएकोमा उक्त दाबीलाई यी प्रतिवादीले खण्डन गरी वादीहरूले पनि हामीलाई कुटपिट गरेका हुन् भनी प्रतिवाद गरेको देखिन्छ। वादीकै भनाइलाई आधार मान्दा पनि निजको कुन अङ्ग फोर्ने छिनाल्ने कार्य प्रतिवादीहरूबाट भएको हो भन्ने खुल्दैन । घा जाँच केश फारमबाट निजको दाहिने गालामा काटेको घा रहेको देखिन्छ । उपर्युक्त भनाइसहितको मिसिल संलग्न प्रमाणबाट वादी र प्रतिवादीहरूका बीच दोहोरो कुटपिट गरेको तथ्यमा समेत यी वादीले अन्यथा भनी खण्डन गर्न सकेका छैनन् । वादी प्रतिवादीका बीचको दोहोरो कुटपिट हुने क्रममा वादीका साक्षी राजदेव यादवले बकपत्र गर्दा वादीलाई प्रतिवादी भनिलालले चक्कुले गालामा रोपिदिएको भनी बकपत्र गरिदिएका र सो बकपत्रलाई मिसिल संलग्न वादीको घा जाँच केश फारामबाट समेत वादीको दाहिने गालामा काटेको घा देखिन आएको अवस्थामा आरोपित कसुरमा यी प्रतिवादीको संलग्नता कुटपिटको महलको ७ नं.को नभई १० नं. को सम्म पुष्टि हुन आउने ।

प्रतिवादी ढोढाई दासले फलामे छडले दाहिने खुट्टाको घुँडामुनि प्रहार गर्दा खुट्टा भाँचिन गई टेक्न नसक्ने भएको छ भन्ने वादी दाबी देखिन्छ । वादी दाबीलाई इन्कार गरी प्रतिवाद गरे तापनि वादीका साक्षीले वादी दाबीबमोजिम वादीको खुट्टा भाँचिएको हो भनी किटानी बकपत्र गरेको पाइन्छ । वादीको दाबी र साक्षीको किटानी बकपत्रलाई मिसिल संलग्न वादीको घा जाँच केश फारमले पुष्टि गरेको देखिन आउँछ। यी प्रतिवादीका साक्षी दयानन्द उरावले वादी र प्रतिवादीबीचको कुटपिटको क्रममा वादीलगायतका मानिसहरूले प्रतिवादीलाई कुटपिट गरेको देखेको भनी र वादीलाई कसले कुटपिट गरेको हो देखिन भनी गरेको बकपत्र एक आपसमा विश्वासलायक देखिएन । तसर्थ मिसिल संलग्न प्रमाणबाट यी प्रतिवादीले वादीलाई फलामको छडले वादीको दाहिने खुट्टा भाँची दिएको पुष्टि भएकाले कुटपिटको महलको ७ नं. बमोजिमको सजाय हुने ।

कैदमा राखी सजाय भुक्तान गराउँदैमा कैदी बन्दीको आचरणमा सुधार आउँछ भनी अनुमान गर्न मिल्दैन । सजायको उद्देश्य कसुरदारले गरेको कसुर सम्बन्धमा पश्चाताप र दायित्वको बोध होस् भन्ने हुन्छ। तसर्थ तीन वर्ष कैद सजाय हुने कसुरमा सजाय पाएका कसुरदारलाई ११क को सुविधा उपलब्ध गराउनु मनासिब हो होइन भन्नेतर्फ निर्णयकर्ता सदैव सचेत र सकारात्मक रहनु पर्ने हुन्छ कसुरदारले एक वर्षभित्र पुन कसुर गरेमा स्थगित राखिएको सजाय थप हुने भई सोहीअनुरूप कसुरदारले कैद भुक्तान गर्नुपर्ने हुँदा अर्को कसुर गर्नबाट निरूत्साहित हुने हुनाले सुधारात्मक दण्डनीति विधायिकाले निर्माण गरेको हो। तसर्थ, दण्ड सजायको महलको ११क नं. को सुविधा यी प्रतिवादी ढोढाई दास तत्मालाई प्रदान गर्ने गरी भएको फैसला मनासिब नै देखिने।

तसर्थ, उल्लिखित तथ्य तथा कानूनी व्यवस्थाको आधार प्रमाणबाट आरोपित प्रतिवादीहरू मध्ये शिवप्रसाद मेहता, भनिलाल खत्वे, ढोढाई दास तत्मालाई कुटपिटको ७ नं. बमोजिमको कसुरमा सजाय हुने गरी भएको सुरू सुनसरी जिल्ला अदालतबाट भएको मिति २०६४।३।२७ गतेको फैसला केही उल्टी भई प्रतिवादी शिवप्रसाद मेहतालाई आरोपित कसुरबाट सफाइ पाउने गरी, प्रतिवादी भनिलाल खत्वेलाई मुलुकी ऐन, कुटपिटको १० नं. बमोजिम रू.५००।- जरिवाना हुने र प्रतिवादी ढोढाई दास तत्माको हकमा कुटपिटको ७ नं. बमोजिम रू.२,०००।- जरिवाना र ६ महिना कैद सजाय हुने भई दण्ड सजायको ११क नं. बमोजिम कैदबापतको रकम बुझाए कैदको लगत कट्टा गरिदिने गरी भएको पुनरावेदन अदालत, विराटनगरको मिति २०६६।८।२ गतेको फैसला मनासिब देखिँदा

सदर हुने।

इजलास अधिकृत: दुर्गाप्रसाद भट्टराई

कम्प्युटर: विष्णुदेवी श्रेष्ठ

इति संवत् २०७४ साल जेठ ३० गते रोज ३ शुभम्।

५

**मा.न्या.श्री ओमप्रकाश मिश्र र मा.न्या.श्री सपना प्रधान मल्ल,** ०७३-WO-०५६५, उत्प्रेषण / परमादेश, *विद्यालक्ष्मी श्रेष्ठसमेत वि. उच्च अदालत, पाटनसमेत*

निवेदकहरूले अंश चलन मुद्दाको फिराद दाबी गर्दा फिराद हुँदाको समयसम्म यी निवेदकहरू र विपक्षीहरूबीच एकासगोलमा रहेको तथ्य स्वीकार गरी फिराद गरेबाट मिति २०६२।९।१६ गते ऋण लिँदाको समयमा यी दुवै पक्ष एकासगोलमा रहेको देखिन्छ। सो ऋण लिँदाको समयमा हामी एकासगोलमा थिएनौं भनी सो तथ्यलाई खण्डन गर्न सकेको पाइँदैन। यसबाट सो ऋण दायित्व यी निवेदकहरूले समेत बेहोर्नु पर्ने देखिन आउँछ। ऋण लिँदाको समयमा एकाघरमा सगोलमा रहेको अवस्थामा घरमुलीको हिसाबले कीर्तिनारायण महर्जनले लिएको ऋण दायित्व यी निवेदकहरूले लिनु नपर्ने कुनै वस्तुनिष्ठ आधार कारण देखिन नआउने।

निवेदकले मुख्य विवादको विषयवस्तु बनाएको मिति २०७२।१०।२१ गतेको आदेश हेर्दा सो आदेशलाई सानुकाजी महर्जन वादी र कीर्तिनारायण महर्जन प्रतिवादी भई चलेको लेनदेन मुद्दाको फैसलाको कार्यान्वयन क्रममा फैसलाबमोजिम बिगो रकम भराई पाउँ भन्ने वादीको दरखास्त परी कारबाहीको क्रममा काठमाडौं जिल्ला अदालतबाट मिति २०७२।५।२५ गते भएको आदेशउपर कीर्तिनारायण महर्जनको पुनरावेदन अदालत, पाटनमा अ.बं. १७ नं. बमोजिम निवेदन परी फैसला कार्यान्वयनतर्फको सक्कल मिसिल माग भई पठाउनु पर्ने भएकोले सो निवेदनमा अन्तिम निकास भई मिसिल प्राप्त भएका बखत जगाई कारबाही गर्ने गरी हाललाई प्रस्तुत मुद्दा तामेलीमा राखिदिएको भन्नेसमेत बेहोराको आदेश भई बिगो मुद्दाको मिसिल तत्कालको लागि मात्र तामेलीमा गएको र बिगोको कारबाही गर्ने बाँकी नै रहेको देखिन आउँछ। यही आदेशलाई नै यी रिट निवेदकहरूले बिगो मुद्दाको कारबाही पूर्णरूपले समाप्त भएको हो भन्ने जिकिर लिएको देखिन आउँछ। यस सन्दर्भमा उक्त आदेशको बेहोरा हेर्दा प्रस्टसँग पुनरावेदन अदालतमा कारबाहीको अवस्थामा रहेको अ.बं. १७ नं. को निवेदनमा अन्तिम निकास भई मिसिल प्राप्त भएपछि जगाई कारबाही गर्ने गरी तत्कालको लागि तामेलीमा राखिदिएको कार्य उक्त बिगो मुद्दाको हकमा अन्तिम कारबाही भएको रहेछ भनी मान्न सकिने आधार कारण देखिन नआउने।

कुनै पनि मुद्दामा वा निवेदनको अन्तिम कारबाही हुनको लागि सो विषयवस्तुको बारेमा बुझ्नुपर्ने वा गर्नुपर्ने सम्पूर्ण कारबाही सो निकाय वा अदालतको तहबाट निवेदकको मागबमोजिम हुने वा नहुने भनी स्पष्टसँग बोली सो विषयवस्तुको बारेमा विवादको निरूपण गर्ने गरी आदेश भएको भए मात्र सो निवेदनको अन्तिम कारबाही मानिने हुन्छ। तर प्रस्तुत विवादको विषयवस्तुमा माथिल्लो अदालतले नै सो विषयवस्तु संलग्न रहेको सक्कल मिसिल नै माग भएको अवस्थामा चालु रहेको बिगोको कारबाही सर्तसहित तामेलीमा राखिएको कार्यलाई सो विषयवस्तुको सन्दर्भमा भएको कारबाही अन्तिम हो भनी मान्न मिल्ने कुनै कारण नदेखिने।

तसर्थ, विवेचित तथ्य तथा आधार कारणको आधारबाट पुनरावेदन अदालतमा अ.बं.६१ नं. बमोजिमको कारबाही चली जिल्ला अदालतमा कारबाहीको अवस्थामा रहेको बिगो मिसिल मगाउने आदेश भई बिगो मिसिल पुनरावेदन अदालतमा पठाउनु पर्ने अवस्थामा अ.बं. ६१ नं. को कारबाही अन्तिम भएपछि पुनः जगाउने गरी तामेलीमा राखेको आदेश अन्तिम नभई पुनरावेदन अदालतको आदेशपश्चात् पुनः जगाउने गरी फैसला कार्यान्वयन अधिकारीबाट भएको

मिति २०७२।११।४ को आदेश बेरीत नदेखिएकोले परिवर्तन गरिरहनु परेन भनी जिल्ला अदालतबाट मिति २०७३।४।२१ गते भएको आदेश सदर गरेको उच्च अदालत, पाटनको मिति २०७३।८।१६ गतेको आदेश कानूनसम्मत नै देखिँदा बदर गर्नु परेन । रिट निवेदन खारेज हुने ।

इजलास अधिकृत: दुर्गाप्रसाद भट्टराई

कम्प्युटर: विष्णुदेवी श्रेष्ठ

इति संवत् २०७४ साल जेठ २५ गते रोज ५ शुभम् ।

६

**मा.न्या.श्री ओमप्रकाश मिश्र र मा.न्या.श्री सपना प्रधान मल्ल,** ०७३-CR-०७५०, लागु औषध हेरोइनसमेत, *राकेश महर्जन वि. नेपाल सरकार*

लागु औषध सेवनकर्ता प्रतिवादीले लागु औषध सेवनबाहेक बिक्री वितरण गर्ने गरेको तथ्य वस्तुनिष्ठ तवरबाट शंकारहित तवरले पुष्टि हुन सकेको पाइँदैन । प्रतिवादी केवल लागु औषधको दुर्व्यसनी भएको कारण सेवन गर्ने प्रयोजनको लागि खरिद गरेको कुरासम्म यी प्रतिवादीले स्वीकार गरेको तथ्यलाई गलत अर्थ लगाई खरिदकर्ता हो भन्ने कसुरमा सजाय गर्नु न्यायोचित नदेखिने ।

मिति २०७१।१।१९ गतेको खानतलासी एवम् बरामदी मुचुल्का हेर्दा बरामदी लागु औषध बिक्री वितरण गर्न लागेको अवस्थामा पक्राउ परेको भन्ने नभई आरोपित प्रतिवादीको घर कोठाबाट सेवन गर्ने प्रयोजनको लागि राखेको अवस्थामा बरामद भएको देखिन्छ । को कसलाई के कति मात्रामा बिक्री गरेको हो सो तथ्य खुलाएको पाइँदैन । लागु औषध बरामद गर्दा बिक्री वितरणसँग सम्बन्धित औषधी बिक्री गर्न प्रयोग हुने मालसामान बरामद भएको देखिँदैन । यसबाट लागु औषध बिक्री भएको पुष्टि हुनको लागि बिक्री कर्ता र खरिद कर्ता भई सो लागु औषध खरिद बिक्री गर्ने कार्य गरेको तथ्य स्थापित नभई लागु औषध बरामद भएकै आधारमा बिक्री कर्ताको आरोप लगाई सजाय गर्नु मनासिब देखिन नआउने ।

अत: उल्लिखित तथ्य तथा आधार प्रमाणबाट बरामदी मुचुल्काको बेहोरा, प्रहरी प्रतिवेदन, बरामदी मुचुल्काका मानिसले अदालतमा गरेको बकपत्रको बेहोरा, बरामद भएको लागु औषधको मात्रा, आरोपित प्रतिवादीले अनुसन्धान अधिकारीसमक्ष र अदालतमा गरेको बयान बकपत्रको आधारमा प्रतिवादी राकेश महर्जनले लागु औषध (नियन्त्रण) ऐन, २०३३ को दफा १४ को ४(च) अनुसारको कसुरमा सोही ऐनको दफा १४(१)(१)(ङ) बमोजिम कैद वर्ष एक हुनेमा सोही ऐनको दफा ४ को खण्ड (घ) र (च) को कसुरमा सोही ऐनको दफा १४(१)(छ)(१) बमोजिमको ५ वर्ष कैद र रू.५,०००।- सजाय गरेको पुनरावेदन अदालत, पाटनको मिति २०७१।१२।९ को फैसला मिलेको नदेखिँदा केही उल्टी हुने ठहर्छ । पुनरावेदन अदालतको फैसला उल्टी भई लागु औषध (नियन्त्रण) ऐन, २०३३ को दफा १४(१)(ङ) बमोजिम प्रतिवादी राकेश महर्जनलाई कैद वर्ष १ हुने ।

इजलास अधिकृत: दुर्गाप्रसाद भट्टराई

इति संवत् २०७४ साल जेठ २५ गते रोज ५ शुभम् ।

७

**मा.न्या.श्री ओमप्रकाश मिश्र र मा.न्या.श्री पुरूषोत्तम भण्डारी,** ०७१-CR-१३६१, जबरजस्ती करणी, *विक्रम घलान वि. नेपाल सरकार*

फौजदारी मुद्दामा वारदात ठहर गर्न र अभियुक्तलाई सजाय गर्नको लागि अभियुक्तउपर लागेको आरोप शंकारहित तवरले प्रमाणित हुनु पर्दछ । अपराध शंकारहित तवरले प्रमाणित गर्न अनुसन्धानको क्रममा संकलन गरिएको भौतिक सबुद प्रमाणको कडी एक अर्कासँग जोडिएको हुनुपर्छ । यो कडीको क्रम भङ्ग भएको अवस्थामा यस्तो प्रमाणको विश्वसनीयतामा प्रश्न उठ्छ र त्यहाँ शंका लागेमा त्यसको सुविधा अभियुक्तले पाउनेमा दुईमत हुन नसक्ने ।

पीडितले प्रतिवादीले जबरजस्ती करणी

गरेको भनी लेखाएको देखिए पनि निजले सो बेहोरा आफैँ बोली लेखाएको नभई इसाराले बताएअनुसार जाहेरवालाले लेखाएको देखिएको, पीडितले अनुसन्धानको क्रममा गरेको कागजलाई समर्थन हुने गरी अदालतमा बकपत्र गर्न नआएको, पीडित स्वयम् वयस्क महिला भएकोमा निजको इच्छाविपरीतको करणी भएको भए पीडित एवम् प्रतिवादीको शरीरमा संघर्षको चिह्न हुनुपर्नेमा स्वास्थ्य परीक्षणबाट त्यस्तो कुनै नयाँ घाउ चिह्न नदेखिएको, पीडितको सुरूवालमा फेला परेको वीर्य यी प्रतिवादीको नै हो भन्ने कुरा प्रमाणित हुन नसकेकोसमेतका मिसिल संलग्न प्रमाणबाट प्रतिवादीले आरोपित कसुर गरेको पुष्टि हुन सकेको नदेखिँदा प्रतिवादीलाई आरोपित कसुरमा सजाय गर्ने गरी भएको फैसला कायम रहन सक्ने नदेखिने।

तसर्थ, विवेचित आधार कारणबाट प्रतिवादी विक्रम घलानलाई मुलुकी ऐन, जबरजस्ती करणीको महलको ३(५) नं. बमोजिम ५ वर्ष तथा सोही महलको ३(क) नं. बमोजिम थप ५ वर्ष गरी जम्मा १० वर्ष कैद र ऐ. महलको १० नं. अनुसार प्रतिवादीबाट रू.१,००,०००।- पीडितलाई क्षतिपूर्तिसमेत भराई दिने ठहऱ्याएको मकवानपुर जिल्ला अदालतको फैसलालाई सदर गरी पुनरावेदन अदालत, हेटौंडाबाट मिति २०७१।९।२२ मा भएको फैसला मिलेको नदेखिँदा उल्टी भई पुनरावेदक प्रतिवादी विक्रम घलानले आरोपित कसुरबाट सफाइ पाउने।

इजलास अधिकृतः रामु शर्मा

इति संवत् २०७३ साल फागुन २४ गते रोज ३ शुभम्।

८

**मा.न्या.श्री ओमप्रकाश मिश्र र मा.न्या.श्री पुरूषोत्तम भण्डारी,** ०७३-CI-००३६, मोही लगत कट्टा, *हरिप्रिया जोशी वि. दानालाल सरदार*

प्रतिवादी दानालालका पिता तथा निजको मृत्युपश्चात् निजका हकवाला छोरा साबिकदेखि नै जग्गा जोतभोग गरी आएको अवस्थामा २०२९।३० सालदेखि नै जग्गा जोतखन गर्न छाडी भागेको भनी रूजु रहेको मोहीलाई निजको बसोबास नै नभएको भनी गलत वतन देखाई गलत तथ्य उल्लेख गरी सर्जमिनमा उल्लेख भएकै भरमा भूमिसम्बन्धी ऐन, २०२१ को दफा २६(१)(ग) ले निर्धारण गरेको मोही बेपत्ता भएको २५ दिनभित्र उजुरी गर्नु पर्नेमा निजले दाबी गरेअनुसारको मोही भागी बेपत्ते भएको अवस्था नभई मोही रूजु रहिरहेको अवस्था मिसिल संलग्न प्रमाण कागजातहरूबाट देखिएकोले भागी बेपत्ता भएको भन्ने अर्थ गरी दाबीको जग्गामा मोही लगत कट्टा गर्ने गरी भएको सुरू भूमिसुधार कार्यालयको मिति २०५२।०१।१७ को निर्णय न्यायसम्मत भएको देखिन नआउने।

मुलुकी ऐन, अ.बं. ११० नं. विपरीत तामेल भएको बेरीतको तामेली म्यादको आधारमा मिति २०२९।०३० सालदेखि नै जग्गा जोतखन गर्न छाडी भागी बेपत्ता भएको भनी देखाई बेरीतपूर्वक म्याद तामेल गराई सोही निवेदनको आधार मानी भएको सर्जमिनसमेतको आधारमा मोहीलाई प्रतिवाद गर्नसमेतबाट वञ्चित गरी भागी बेपत्ता भएको भन्ने अर्थ गरी मोहीको हक हितमा असर पर्ने विषयमा सम्बन्धित जग्गाको मोहीलाई नबुझी प्राकृतिक न्यायको सिद्धान्तविपरीत मोही लगत कट्टा गर्ने गरी भएको सुरू भूमिसुधार कार्यालय मोरङले गरेको त्रुटिपूर्ण निर्णय उल्टी गरी मोही लगतमा उल्लिखित मोहीको हकदारलाई प्रतिवाद गर्ने मौका दिई सबुद प्रमाणको मूल्याङ्कन गरी कानूनबमोजिम निर्णय गर्नु भनी उपस्थित पक्षहरूलाई सुरू भूमि सुधार कार्यालयमा हाजिर हुन जानु भनी गरेको निर्णय सदर गरेको पुनरावेदन अदालत, विराटनगरको फैसला अन्यथा देखिन नआउने।

तसर्थ, मोहीको हक हितमा असर पर्ने विषयमा सम्बन्धित जग्गाको मोहीलाई नबुझी प्राकृतिक न्यायको

सिद्धान्तविपरीत मोही लगत कट्टा गर्ने गरी भएको सुरू भूमिसुधार कार्यालय, मोरङको मिति २०५२।०१।१७ को निर्णय उल्टी गरी मोही लगतमा उल्लिखित मोहीको हकदारलाई प्रतिवाद गर्ने मौका दिई सबुद प्रमाणको मूल्याङ्कन गरी कानूनबमोजिम पुन:निर्णय गर्नु भनी उपस्थित पक्षहरूलाई सुरू भूमिसुधार कार्यालयमा हाजिर हुन जानु भनी भएको पुनरावेदन अदालत, विराटनगरको मिति २०७२।११।११ गतेको फैसला न्यायसम्मत नै देखिँदा सदर हुने।

इजलास अधिकृत: दुर्गाप्रसाद भट्टराई
कम्प्युटर: विष्णुदेवी श्रेष्ठ
इति संवत् २०७४ साल असार २ गते रोज ६ शुभम्।

## इजलास नं. ४

१

**मा.न्या.श्री देवेन्द्र गोपाल श्रेष्ठ र मा.न्या.श्री केदारप्रसाद चालिसे,** ०६७-CI-०६४८, अंश नामसारी, *मु.स. गर्ने र वारेस भई आफ्नो हकमा समेत गौमती थापा वि. टिकाबहादुर थापा*

पुनरावेदक प्रतिवादी गौतमी थापाले सुकुम्बासी समस्या समाधान आयोगबाट प्राप्त गरेको जग्गा सुकुम्बासी घर परिवारको हैसियतले सरकारको नीतिअनुरूप प्राप्त गरेको देखिँदा उक्त जग्गा गौमती थापाले आफूखुस गर्न पाउने जग्गा हो भनी अर्थ लगाउन मिल्ने पनि देखिँदैन । सुकुम्बासी घरपरिवारले पाएको जग्गामा सबै अंशियारको हक रहने देखिन्छ । यसरी सुकुम्बासी समस्या समाधान आयोगबाट पुनरावेदक प्रतिवादीले प्राप्त गरेको कि.नं. ४७ को जग्गा निजी आर्जनको भई आफूखुस गर्न पाउने जग्गा हो भन्ने पुनरावेदन जिकिरसँग सहमत हुन नसकिने।

पुनरावेदक प्रतिवादीहरूले वादीसँग मिति २०४२।१।१ मा मानो छुट्टिई अलगअलग बसेको भनी लिएको जिकिर कुनै ठोस सबुद प्रमाणहरूबाट पुष्टि हुन सकेको देखिँदैन । पुनरावेदक प्रतिवादीहरूमध्ये जुनसुकै अंशियारका नाउँमा रहेको सम्पत्ति अन्यथा प्रमाणित नभएसम्म सगोलको सम्पत्ति हो भनी मान्नुपर्ने प्रमाण ऐन, २०३१ को दफा ६(क) ले व्यवस्था गरेको र पुनरावेदक प्रतिवादी गौमती थापाले पुनरावेदक प्रतिवादी बलबहादुर थापालाई बकसपत्र गरी दिएको कि.नं. ४७ को ज.वि. ०-०-१३ जग्गा प्रतिवादी गौमती थापाले आफूखुस गर्न पाउने एकलौटी हो भन्ने पुष्टि हुने कुनै वस्तुनिष्ट सबुद प्रमाण पेस भएको नदेखिँदा उक्त जग्गा वादी प्रतिवादीहरू बीच अंशबन्डा हुने।

तसर्थ पुनरावेदक प्रतिवादी गौमती थापाले पुनरावेदक प्रतिवादी बलबहादुर थापालाई हालैको बकसपत्र पारित गरिदिएको कि.नं.४७ को जग्गा वादी प्रतिवादीबीच अंशबन्डा लाग्ने र वादीले प्रतिवादीहरूबाट ४ भागको १ भाग अंश भराई पाउने ठहर गरेको पुनरावेदन अदालत, बुटवल रूपन्देहीको मिति २०६७।२।९ को फैसला मिलेकै देखिँदा सदर हुने।

इजलास अधिकृत: यमप्रसाद बास्कोटा
कम्प्युटर: मन्जिता ढुंगाना
इति संवत् २०७३ साल माघ १९ गते रोज ४ शुभम्।

२

**मा.न्या.श्री देवेन्द्र गोपाल श्रेष्ठ र मा.न्या.श्री केदारप्रसाद चालिसे,** ०७०-CI-१२०१, उत्प्रेषण / परमादेश, *ज्ञानुकृष्ण अधिकारी वि. महेश भुषालसमेत*

बैंक तथा वित्तीय संस्थासम्बन्धी ऐन, २०६३ ले कुनै पनि ऋणीले आफूले कर्जा लिएको बैंक तथा वित्तीय संस्थासमक्ष तिर्नुपर्ने रकम तिरी कर्जा लिएको बैंक तथा वित्तीय संस्थासमक्ष तिर्नुपर्ने रकम तिरी कर्जा राफसाफ गरी आफ्नो धितो रहेको सम्पत्ति संस्था भनेको कानूनी व्यक्ति (Legal Person) हो। कानूनी व्यक्तिले कानूनद्वारा निर्दिष्ट काम मात्र गर्न पाउने र कानूनी दायराभन्दा बाहिर गई गरेको कामले

कानूनी मान्यतासमेत पाउन सक्दैन यसरी प्रत्यर्थी बैंकले कानूनी आधार एवम् कारण नखुलाई ऋण चुक्ता गरे पनि धितो रहेको सम्पत्ति फुकुवा गर्न नमिल्ने भनी २०६९।१२।२७ मा जारी गरेको पत्र कानूनबमोजिम देखिन नआउने।

बैकिङ कसुर मुद्दामा धितो रोक्का राख्नु पर्ने भए सो मुद्दाबाट नै रोक्का राख्न सक्ने नै हुँदा सो मुद्दा चलेको कारणबाट मात्र प्रत्यर्थी निवेदकले आफूले लिएको ऋण चुक्ता गरेपश्चात् समेत जग्गा फुकुवा गर्न नमिल्ने भन्न नमिल्ने हुँदा निवेदकको श्रीमती मन्जिला भुषालको नामको ललितपुर जिल्ला हरिसिद्धि गा.वि.स. वडा नं. २(क) कि.नं. ८३३ र कि.नं. ८३१ को जग्गा धितो राखी कर्जा लिएकोले उक्त निवेदकउपर बैंकिङ कसुरको मुद्दामा अन्तिम फैसला नभएसम्म निवेदन मागबमोजिम कर्जा चुक्ता गरी धितोमा राखिएको जग्गा फुकुवा गर्न नमिल्ने भनी पुनरावेदक बैंकले मिति २०६९।१२।२७ मा जारी गरेको पत्र उत्प्रेषणको आदेशले बदर हुने र निवेदकहरूले जे जे तिर्नुपर्ने ऋण तिरेपछि सो ऋणबापत धितो राखेको जग्गा कानूनबमोजिम फुकुवा गरिदिनु भनी प्रत्यर्थीहरूका नाममा परमादेशको आदेश जारी हुने गरी पुनरावेदन अदालत, पाटनबाट मिति २०७०।९।२८ को आदेश मिलेको देखिँदा अन्यथा गर्नुपर्ने अवस्था नदेखिने।

अत: उल्लिखित आधार, प्रमाण र कारणहरूसमेतबाट निवेदक / विपक्षीको श्रीमती मन्जुला भुषालको नाममा रहेको कि.नं. ८३३ र कि.नं. ८३१ को जग्गा धितोमा राखी लिएको ऋण चुक्ता गरी धितोमा राखिएको जग्गा फुकुवा गर्न नमिल्ने भनी पुनरावेदक बैंकले निवेदकलाई दिएको मिति २०६९।१२।२७ को पत्र उत्प्रेषणको आदेशले बदर हुने र निवेदकहरूले जे जे तिर्नुपर्ने ऋण तिरेपछि सो ऋणबापत धितो राखेको जग्गा कानूनबमोजिम फुकुवा गरिदिनु भनी प्रत्यर्थीहरूका नाममा परमादेशको आदेश जारी हुने ठहऱ्याई पुनरावेदन अदालत, पाटनबाट मिति २०७०।९।२८ मा भएको आदेश मिलेको देखिँदा सदर हुने।

इजलास अधिकृत: लोकबहादुर हमाल
कम्प्युटर: सिजन रेग्मी
इति संवत् २०७३ साल भदौ १९ गते रोज १ शुभम्।

## इजलास नं. ५

१

**मा.न्या.श्री चोलेन्द्र शमशेर ज.ब.रा. र मा.न्या.श्री केदारप्रसाद चालिसे,** ०७३-CR-०७५३ र ०७३-CR-०९२१, भ्रष्टाचार (घुस / रिसवत), *नेपाल सरकार वि. देवेन्द्रदेव श्रेष्ठसमेत र देवेन्द्रदेव श्रेष्ठ वि. नेपाल सरकार*

प्रतिवादी सरोज थापालाई घुस रिसवतको रकमको बारेमा पहिले नै जानकारी थियो भनी अभियोजन पक्षले प्रमाण पेस गर्न नसकेको र सहप्रतिवादीले समेत प्रतिवादी सरोज थापालाई उक्त रकम घुस रिसवतको हो भन्ने पहिले नै जानकारी थियो भनी पोल गर्न सकेको पाइँदैन। बरामदी रकमबाट प्रतिवादी सरोज थापाले लिन खान पाउने अवस्था थियो भनी अभियोजन पक्षले कुनै प्रमाण पेस गर्न सकेको देखिएन। भ्रष्टाचारको कसुरमा मनसाय र कार्य दुवैको विद्यमानता हुनु आवश्यक हुन्छ। उक्त निर्माण कार्यसँग कुनै सम्बन्ध नै नरहेको र उजुरकर्ताहरूसँग पूर्व चिनजान तथा रिसइवी केही नभएको अवस्थामा सहप्रतिवादी देवेन्द्रदेव श्रेष्ठको साथमा रहेको अवस्थामा निज देवेन्द्रदेव श्रेष्ठले रकम राख्न अह्राएको र सो अह्राेट मानी आफ्नो झोलामा बरामदी रकम राखिदिएको भन्ने देखिएको छ। सो रकम घुस (रिसवत) कै हो भन्ने प्रतिवादी सरोज थापालाई पूर्व जानकारी रहेको भन्ने पनि देखिँदैन। साथमा रहेका सब-इन्जिनियर पदका

प्रतिवादी देवेन्द्रदेव श्रेष्ठको अह्राउ मानी बरामदी रकम राखेको आधारमा निज प्रतिवादी सरोज थापालाई कसुरदार ठहर गर्न न्यायोचित देखिन नआएकोले वादी नेपाल सरकारको पुनरावेदन जिकिरसँग सहमत हुन नसकिने।

पुनरावेदक प्रतिवादीको अधिकारप्राप्त अधिकारीसमक्ष भएको बयान हेर्दा मूलचोक रेस्टुरेन्टमा जानु अगाडि नै पैसा लिन बोलाई रू.६०,०००।- लिने दिने कुरा भएको तर उक्त रेस्टुरेन्टमा पुगेपछि अच्यूत खनालले पैसा नदिई नचिनेका व्यक्तिहरूले रूपैयाँ दिन लागेपछि शंका लागी आफूसँग आएका सरोज थापालाई लिन भनेपछि निजले फाइवरको झोलामा उक्त रकम राखेको हो भनी खुलाएको कुरालाई उजुरकर्ताको कागजबाट पुष्टि भइरहेको पाइयो। उजुरकर्ता अच्यूत खनालले बकपत्र गर्दा पुनरावेदक प्रतिवादीले घुस नमागेको भनी खुलाए पनि मिति २०७२।३।२७ मा अख्तियार दुरूपयोग अनुसन्धान आयोगमा दिएको निवेदनमा भएको सहिछाप आफ्नै भएको, मिति २०७२।३।२८ को बरामदी मुचुल्कामा भएको सहिछापसमेत आफ्नै भएको र मिति २०७२।३।२९ मा अख्तियार दुरूपयोग अनुसन्धान आयोगमा पेस गरेको सिडी तथा टेलिफोन वार्तालापमा लेनदेनको विषयमा पुनरावेदक प्रतिवादी देवेन्द्रदेव श्रेष्ठसँग कुराकानी भएको भनी बकपत्रमा खुलाएकोसमेतका प्रमाणबाट पुनरावेदक प्रतिवादी देवेन्द्रदेव श्रेष्ठले उजुरकर्ताहरूसँग घुस रिसवत मागेका होइनन् भनी अदालतमा गरेको बकपत्र आफैँमा खण्डित रहेको पाइने।

पुनरावेदक प्रतिवादीले उक्त रकम आफूले नलिई निजको साथैमा आएका सहप्रतिवादी सरोज थापालाई बुझ्न लगाएको भन्ने उजुरकर्ताको अधिकारप्राप्त अधिकारीसमक्षको कागज, सहप्रतिवादी सरोज थापाको अधिकारप्राप्त अधिकारीसमक्षको बयान तथा अदालतको बयानसमेतबाट पुष्टि भइरहेको अवस्थामा घुस रिसवत मागी सो रकम अन्य व्यक्तिमार्फत बुझेको भन्ने मात्र आधारमा निजको घुस रिसवत लिने खाने मनसाय रहेको थिएन भनी अर्थ गरी अभियोग दाबीबाट सफाइ दिन मिल्ने देखिएन। कसुरबाट उम्किने बद्नियतसाथ घुसबापतको रकम हो भन्ने जानकारीसमेत नदिई आफ्नै साथमा आएको अन्य व्यक्तिलाई उक्त रकम बुझ्न लगाई भ्रष्टाचारजन्य कार्य गरेको पुष्टि हुन आएको हुँदा अभियोग दाबीबाट सफाइ पाउँ भन्ने प्रतिवादीको पुनरावेदन जिकिरसँग सहमत हुन नसकिने।

पुनरावेदक प्रतिवादी देवेन्द्रदेव श्रेष्ठले रू.६०,०००।- रिसवत लिएको भन्ने पुष्टि भएको अवस्थामा निजलाई भ्रष्टाचार निवारण ऐन, २०५९ को दफा ३ मा भएको व्यवस्थालाई अध्ययन गर्नुपर्ने देखियो। उक्त दफा ३(१) (ग) को कानूनी व्यवस्थाअनुसार चार महिना सजाय हुनुपर्ने देखिन्छ। विशेष अदालतले पुनरावेदक प्रतिवादी देवेन्द्रदेव श्रेष्ठले उजुरकर्ताहरूसँगबाट रू.६०,०००।- रिसवत लिएको कसुर कायम गरेपछि उक्त दफा ३(ग) अनुसार चार महिना कैद सजाय गर्नुपर्नेमा तीन (३) महिना मात्र कैद सजाय गर्ने गरेको फैसला सो हदसम्म मिलेको नदेखिने।

अतः विवेचित तथ्य एवम् प्रमाणबाट प्रतिवादी देवेन्द्रदेव श्रेष्ठलाई कसुरदार ठहर गरी भ्रष्टाचार निवारण ऐन, २०५९ को दफा ३(१)(ग) बमोजिम चार महिना कैद गर्नुपर्नेमा सो नगरी तीन महिना कैद सजाय गरेको हदसम्म विशेष अदालतको फैसला केही उल्टी भई पुनरावेदक प्रतिवादी देवेन्द्रदेव श्रेष्ठलाई चार (४) महिना कैद हुने ठहर्छ। प्रतिवादी देवेन्द्रदेव श्रेष्ठलाई ऐ. ऐनको दफा ३(१) बमोजिम रू.६०,०००।- (साठी हजार) जरिवाना हुने र प्रतिवादी सरोज थापाले अभियोग दाबीबाट सफाइ पाउने ठहर गरी भएको विशेष अदालतको मिति २०७३।४।३१ को फैसला

सो हदसम्म मिलेको देखिँदा सदर हुने।
उपरजिष्ट्रार: इन्दिरा शर्मा
इति संवत् २०७४ साल मङ्सिर १८ गते रोज २ शुभम्।

२

**मा.न्या.श्री चोलेन्द्र शमशेर ज.ब.रा. र मा.न्या.श्री विश्वम्भरप्रसाद श्रेष्ठ,** ०७०-CI-१००२, उत्प्रेषण / परमादेश, *सुमित्रादेवी चौधरी वि. मालपोत कार्यालय, सप्तरी, राजविराजसमेत*

निवेदनमा जुन जग्गाको विषयमा भएको नक्सा सुधारको निर्णयउपर चुनौती दिएको छ सोही जग्गा कित्ता रिट निवेदकको पति प्रत्यर्थी रामबाबु साहसमेतले खिचोला गरेको भनी सप्तरी जिल्ला अदालतमा जग्गा खिचोला घर उठाई चलन मुद्दा दायर भई आदेशानुसार नापनक्सासमेत भई विचाराधीन अवस्थामा रहेको भनी प्रत्यर्थी रामबाबु साहले लिखित जवाफ पेस गरेको देखिन्छ । सो लिखित जवाफ बेहोरालाई यी रिट निवेदकले अन्यथा नभनी स्वीकार गरेको देखिएको एवम् उक्त मुद्दामा यी पुनरावेदकको पति सुरतलाल चौधरीले फिराएको प्रतिउत्तरपत्र पुनरावेदनसाथ पेस गरेको देखिन्छ । यसरी यही जग्गाको विषयमा यसै मुद्दाको एउटा पक्ष प्रत्यर्थी रामबाबु साहले दायर गरेको मुद्दालाई असर पर्ने गरी असाधारण उपचारको मार्ग रिट क्षेत्रबाट हस्तक्षेप गर्न कानूनतः मिल्ने नदेखिँदा रिट खारेज हुने ठहऱ्याएको पुनरावेदन अदालतको इन्साफ मनासिब देखिने।

तसर्थ निवेदन दाबीका विषयमा सप्तरी जिल्ला अदालतमा जग्गा खिचोला घर उठाई चलन मुद्दा दायर भई नापनक्साको आदेशसमेत भइसकेको भन्ने देखिएको आधारमा रिट निवेदन खारेज हुने ठहऱ्याएको पुनरावेदन अदालत, राजविराजको मिति २०७०।३।९ को फैसला मिलेको देखिँदा सदर हुने।
इजलास अधिकृत: आत्मदेव जोशी
कम्प्युटर: चन्दनकुमार मण्डल
इति संवत् २०७४ साल असार ४ गते रोज १ शुभम्।

## इजलास नं. ६

**मा.न्या.श्री जगदीश शर्मा पौडेल र मा.न्या.श्री सारदाप्रसाद घिमिरे,** ०७२-CR-००५०, जबरजस्ती करणी, *प्रशान्त खत्री वि. नेपाल सरकार*

प्रतिवादीले अढाई वर्षकी पीडितलाई जबरजस्ती करणी गरेको होइन भनी जिकिर लिए पनि निजको अनुसन्धानको क्रममा भएको बयान एवम् निजकी आमाले अनुसन्धानको क्रममा लेखाइदिएको कागज बेहोरा तथा जाहेरवाली एवम् वस्तुस्थिति मुचुल्काका मानिसहरूको अनुसन्धानको क्रममा भएको कागज एवम् अदालतसमक्षको बकपत्रबाट जाहेरी बेहोरा समर्थित भएको देखिने।

पीडित अढाई वर्षकी अवोध बालिका भएकी र प्रतिवादीले गरेको कार्यको प्रकृति के हो र यसबाट के कस्तो परिणाम निस्किन्छ भन्नेसमेत कुराको ज्ञान नभएको निज बालिकाले अदालतसमक्ष बकपत्र गर्न सक्ने नै देखिँदैन । पीडितले आफ्नो आमा जाहेरवालीलाई दादाले ऐया बनाएको भनेकी र सोही आधारमा जबरजस्ती करणी गरेको भनी जाहेरी दिएको प्रतिवादीको बयान र पीडितको मलद्वारमा एक सेन्टिमिटरको रगत आउने घाउ देखिएको भनी शारीरिक परीक्षण प्रतिवेदनसमेतका प्रमाणले वारदात परस्परमा समर्थन भएको देखिन्छ । पीडितको सुरूवालमा रगत लागेको भनी वस्तुस्थिति मुचुल्काको बेहोरा एवम् वस्तुस्थिति मुचुल्का लेखाउने व्यक्तिहरूको बकपत्रबाट समेत देखिने।

जबरजस्ती करणीजस्तो अपराध सबैले देख्न सक्ने ठाउँमा नभई एकान्तमा हुने हुँदा सोको प्रत्यक्षदर्शी प्राय: हुँदैन। यस्तो अपराधको सम्बन्धमा भौतिक प्रमाण एवम् पीडितको भनाइले महत्त्वपूर्ण स्थान ग्रहण गर्ने।

वारदातको पीडित अढाई वर्षको नाबालिका

विरूद्ध भएको र समयक्रमसँगै निजले सो कुरा बिर्सन सक्ने अवस्थासमेत रहेको हुँदा निज अदालतमा आई बकपत्र गर्नसक्ने अवस्था देखिँदैन । पीडितले सो वारदातको सम्बन्धमा आफ्नी आमालाई वारदातको केही दिनपछि भनेकी र सोही आधारमा निजकी आमाले जाहेरी दिएको एवम् अदालतमा बकपत्रसमेत गरेको कुरालाई प्रमाणमा लिन नमिल्ने कुनै कारण देखिँदैन । यसका अतिरिक्त पीडितको मलद्वारमा देखिएको घाउबाट समेत निज विरूद्ध अनैतिक कार्य भएको भनाईलाई पुष्टि गर्ने हुँदा प्रतिवादीको अदालतसमक्ष भएको इन्कारी बयान र निजको आमाको बकपत्र मात्रकै आधारमा निज निर्दोष रहेका छन् भनी मान्न मिलेन। यी प्रतिवादीले आरोपित कसुर गरेको देखिन आउने।

प्रतिवादी प्रशान्त खत्रीले पीडितसँग जबरजस्ती करणी गरेको र निजको मलद्वारमा पेनसमेत छिराई अप्राकृतिक यौनजन्य कार्य गरेको पुष्टि भएको र वारदात मितिको दिन निजको उमेर १६ वर्षभन्दा माथि देखिएको, निज प्रतिवादीले अढाई वर्षको नाबालिका विरूद्ध उक्त कार्य गरेकोसमेतको तथ्यलाई विचार गर्दा निज प्रतिवादीलाई आरोपित कसुरमा मुलुकी ऐन, जबरजस्ती करणीको महलको ३(१) नं. बमोजिम १० वर्ष ६ महिना तथा ऐ. ९क नं. बमोजिम थप ६ महिना गरी जम्मा ११ वर्ष कैद सजाय तथा सोही महलको ९क र १० नं. बमोजिम क्षतिपूर्तिसमेत दिलाउने भराउने गरी भएको फैसला अन्यथा गरिरहन नपर्ने।

अत: विवेचित आधार कारण एवम् प्रमाणबाट प्रतिवादी प्रशान्त खत्रीले पीडित अढाई वर्षकी नाबालिकालाई जबरजस्ती करणीसमेत गरेको देखिएकोले निज प्रशान्त खत्रीलाई मुलुकी ऐन, जबरजस्ती ऐन, जबरजस्ती करणीको महलको ३(१) नं. बमोजिम १० वर्ष ६ महिना तथा ऐ. ९क नं. बमोजिम थप ६ महिना कैद सजाय गरी सोही महलको ९क नं. बमोजिम रू.३०,०००।– प्रतिवादीबाट पीडितलाई क्षतिपूर्ति भराइदिने ठहऱ्याएको तेह्रथुम जिल्ला अदालतको फैसलालाई सदर गरेको पुनरावेदन अदालत, धनकुटाको मिति २०७१।१२।२३ को फैसला मिलेकै देखिँदा सदर हुने।

इजलास अधिकृत: रामु शर्मा

कम्प्युटर: रमेश आचार्य

इति संवत् २०७३ साल मङ्सिर ८ गते रोज ४ शुभम्।

## इजलास नं. ७

१

**मा.न्या.श्री दीपककुमार कार्की र मा.न्या.श्री मीरा खड्का,** ०६७-CR-१०००, बहुविवाह, *नेपाल सरकार वि. रमेश परियारसमेत*

मुलुकी ऐन, अदालती बन्दोबस्तको ३५ नं. मा ***"गैह्र अड्डाले कानूनबमोजिम आफूले हेर्न हुने मुद्दाबाहेक अरू मुद्दा हेर्नु हुँदैन। हेरे छिनेको भए पनि बदर हुन्छ"*** भन्ने कानूनी व्यवस्था छ। उक्त व्यवस्थाको मकसद कुनै पनि व्यक्ति वा निकायले क्षेत्राधिकारविहीन भई निर्णय गर्नु हुँदैन र यदि क्षेत्राधिकारविहीन भई कुनै निकाय वा व्यक्तिले निर्णय गरिसकेको अवस्था रहे भएकोमा समेत उक्त निर्णय स्वतः बदर हुन्छ भन्ने हो । यसर्थ, क्षेत्राधिकारको सिद्धान्त मान्य न्यायको एक प्रमुख पक्षको रूपमा रहेको हुन्छ जसको अभावमा भए गरेका काम कारबाहीहरू Prime Facie रूपमै बदरभागी हुने।

घटनाको उठान देखिका सम्पूर्ण पक्षहरू र घटनास्थलसमेत चितवन जिल्ला रहेको र सो कुरा यस मुद्दाका वादी प्रतिवादीहरू समेतले अदालतमा गरेको बयान एवम् प्रतिवादीहरूले पेस गरेको विवाह दर्ता प्रमाणपत्रबाट समर्थित भइरहेको स्थितिमा घटनासँग असम्बन्धित मकवानपुर जिल्ला अदालतमा मुद्दाको काम कारबाही चली भएको फैसलामा अधिकारक्षेत्रको अभाव देखाई उक्त सुरू अदालतको फैसला बदर गर्ने

गरी भएको पुनरावेदन अदालत, हेटौंडाको फैसला मिलेकै देखिन आउने।

तसर्थ, उपर्युक्त विवेचित आधार, प्रमाण एवम् यस अदालतबाट प्रतिपादित नजिर सिद्धान्तसमेतबाट सुरू मकवानपुर जिल्ला अदालतबाट आरोपित बहुविवाहको कसुरमा प्रतिवादीले सफाइ पाउने गरी मिति २०६६।८।९ मा भएको निर्णयलाई उल्टी गरी क्षेत्राधिकारको अभावमा अ.बं ३५ नं. बमोजिम उक्त निर्णय बदर हुने ठहर गरी भएको पुनरावेदन अदालत, हेटौंडाको मिति २०६७।९।१३ को फैसला मिलेकै देखिँदा सदर हुने।

इजलास अधिकृतः कमलकान्त जोशी

कम्प्युटर: अभिषेककुमार राय

इति संवत् २०७५ साल जेठ ७ गते रोज २ शुभम्।

२

**मा.न्या.श्री दीपककुमार कार्की र मा.न्या.श्री मीरा खड्का,** ०६७-CR-०९८२, जबरजस्ती करणी, *सुरेश खत्री वि. नेपाल सरकार*

पीडितको तिघ्रामा निलडाम देखिएकोले निजउपर जबरजस्ती करणी भएको भन्ने प्रत्यर्थी वादीको जिकिर सम्बन्धमा हेर्दा, Medical Jurisprudence (Forensic Medicine and Toxicology- Dr. K.S Narayan Reddy) को पन्ध्रौं संस्करण पृष्ठ १४१ मा निलडाम दुई हप्तामा सामान्य हुने भनी उल्लेख भएको देखिएबाट २० दिन पहिले भएको भनिएको जबरजस्ती करणीको वारदातको कारणले नै पीडितको तिघ्राको निलडाम भएको मान्न सकिने यथेष्ट आधार देखिएन। साथै मौकामा बुझिएका व्यक्ति उकेशचन्द्र के.सी. लगायतले घटनाबारे देखेको नभई सुनी थाहा पाएको भनी लेखाई दिएको अवस्थामा अन्य प्रमाणबाट समर्थन हुन नसकेको निजहरूको बयान सुनी जान्ने प्रमाण प्रमाण होइन (Hearsay Evidence is No Evidence) भन्ने प्रमाण कानूनको सर्वमान्य सिद्धान्तसमेतका आधारमा भरपर्दो प्रमाणका रूपमा लिनसक्ने स्थिति देखिएन। प्रत्यक्षदर्शी भनिएका रामशरण के.सीले प्रतिवादी हस्याङफस्याङ गर्दै गएको भनेको आधारमा जबरजस्ती करणीको वारदात स्थापित हुनसक्ने देखिँदैन। यसरी पीडितको जाहेरी दरखास्तको बेहोरा र अदालतमा आई गरेको बकपत्र र निजको स्वास्थ्य परीक्षण प्रतिवेदनसमेतबाट प्रतिवादी सुरेश खत्रीले जबरजस्ती करणी गरेको भन्ने भनाई पुष्टि हुन सकेको नदेखिने।

प्रमाण ऐन, २०३१ को दफा २५ को कानूनी व्यवस्था हेर्दा, "फौजदारी मुद्दामा आफ्नो अभियुक्तको कसुर प्रमाणित गर्ने भार वादीको हुनेछ" भन्ने व्यवस्था रहेको छ। फौजदारी मुद्दामा कसैउपर अभियोग लगाउँदा अभियोगबमोजिमको कार्य प्रतिवादीबाट भएको हो भनी शंकारहित तवरबाट प्रमाणित गर्नुपर्छ। शंकाको भरमा र अपराध भएको सुनेको भरमा कसुरदार कायम गर्न न्यायोचित हुँदैन। जबरजस्ती करणी जस्तो संगीन फौजदारी मुद्दामा प्रतिवादीले जबरजस्ती करणी गरेको भन्ने वस्तुनिष्ठ आधार अभियोजन पक्षले पुष्टि गर्न नसकेको अवस्थामा जाहेरी दरखास्त र पीडितको बकपत्र आफैँमा परस्पर बाझिएकोलाई स्वतन्त्र एवम् अकाट्य प्रमाणका रूपमा ग्रहण गरी प्रतिवादीलाई सजाय गर्नु कानून, न्यायका सर्वमान्य सिद्धान्त एवम् प्रतिपादित नजिरसमेतको विरूद्ध हुने।

चस्मदिद गवाहको सर्वथा अभाव रहेको प्रस्तुत मुद्दामा प्रतिवादी मौकामा र अदालतमा समेत आरोपित कसुरमा इन्कार रहेको अवस्था, पीडितको स्वास्थ्य परीक्षण प्रतिवेदन एवम् जबरजस्ती करणी गरेको भनिएको समयमा पीडितले उक्त अपराधबाट बच्न हरसम्भव प्रयास गरे भएको नदेखिएको अवस्थासमेतबाट प्रतिवादी सुरेश खत्रीले पीडितलाई जबरजस्ती करणी गरेको भन्ने जिकिर मात्रै प्रमाणयोग्य देखिएन। प्रतिवादीउपरको अभियोग दाबी प्रमाण ऐन, २०३१ को दफा २५ अनुसार पुष्टि हुने आधार अभियोजन पक्षले वस्तुनिष्ठ आधारमा पुष्टि गर्न

नसकेको स्थितिमा केवल प्रतिवादीउपरको आरोप मात्र निजलाई दोषी करार गर्ने आधार बन्न नसक्ने।

दशजना अपराधी छुटुन् तर एकजना पनि निरपराधीले सजाय भोग्नु नपरोस् भन्ने फौजदारी न्यायको सर्वमान्य सिद्धान्त छ। यसको अर्थ कुनै पनि व्यक्तिउपरको कसुर सबुद प्रमाणबाट वस्तुनिष्ठ तवरले प्रमाणित हुन नसकेको अवस्थामा निज निर्दोष रहेको अनुमान गरिन्छ र निजको कार्य अपराध प्रमाणित नहुन्जेल निज कसुरको भागिदार हुनु पर्दैन भन्ने हो। प्रस्तुत वारदातमा प्रतिवादी सुरेश खत्रीउपरको जबरजस्ती करणीको कसुर स्वतन्त्र एवम् सबुद प्रमाणबाट पुष्टि हुन नसकेको स्थितिमा निजलाई अभियोग दाबीबमोजिम सजाय गर्ने गरी भएको पुनरावेदन अदालत, हेटौंडाको फैसला मिलेको देखिन नआउने।

तसर्थ, उपर्युक्त विवेचित आधार, प्रमाण तथा कारणबाट प्रतिवादी सुरेश खत्रीले २१ वर्ष उमेरकी देखिने पीडित भनिएकी जाहेरवाला ०१ जी लाई जबरजस्ती करणी गरेको देखिने वस्तुनिष्ठ प्रमाण अभियोजन पक्षले पुऱ्याउन नसकेको स्थिति, प्रतिवादीले पीडितलाई जबरजस्ती करणी गरेको भन्ने तथ्य शंकारहित तवरले मिसिल संलग्न कागजातबाट पुष्टि हुन नसकेको अवस्था, पीडितको जाहेरी र निजले अदालतमा गरेको बकपत्रसमेत एकआपसमा भिन्न रहेको स्थिति, शिक्षित भनिएकी पीडितको वारदात बेलामा कुनै प्रतिकारको प्रयास गरेको भन्ने नदेखिएको अवस्था एवम् जबरजस्ती करणीको वारदातलाई पुष्टि गर्ने दशी प्रमाणको अभाव रहेको देखिने प्रस्तुत मुद्दामा प्रतिवादी सुरेश खत्रीउपरको कसुर स्वतन्त्र र अकाट्य प्रमाणबाट पुष्टि हुन नसकेको स्थितिमा प्रतिवादी सुरेश खत्रीलाई मुलुकी ऐन, जबरजस्ती करणीको महलको १ को कसुरमा ऐ. महलको ३(५) नं. बमोजिम ५ वर्ष कैद र ऐ. महलको २ नं. ले हाडनातामा करणी गर्नेको महलको ३ नं. को कसुरमा थप ६ महिना कैद सजाय हुने र जबरजस्ती करणीको १०ग नं. बमोजिम प्रतिवादीबाट पीडितलाई रू.२०,०००।– क्षतिपूर्तिसमेत भराई पाउने गरी भएको पुनरावेदन अदालत, हेटौंडाको मिति २०६६।११।११ को फैसला मिलेको नदेखिँदा उक्त फैसला उल्टी भई प्रतिवादी सुरेश खत्रीले आरोपित कसुरबाट सफाइ पाउने।

इजलास अधिकृतः कमलकान्त जोशी

कम्प्युटर: अभिषेककुमार राय

इति संवत् २०७५ साल जेठ ३ गते रोज ५ शुभम्।

३

**मा.न्या.श्री दीपककुमार कार्की र मा.न्या.श्री मीरा खड्का,** ०६७-CR-००६४, हातहतियार खरखजाना, *मोहम्मद हनिफ जोलाह वि. नेपाल सरकार*

बरामदी दशी, जाहेरवाला एवम् प्रतिवेदकको अदालतसमक्षको बकपत्रसमेतबाट अभियोजन पक्षले प्रतिवादीहरू उपरको कसुर समर्थित गराएको देखिन्छ। प्रमाण ऐन, २०३१ को दफा २७(१) मा रहेको - "प्रचलित नेपाल कानूनबमोजिम सजायमा कमी वा छुट हुने वा सजायबाट रिहाई पाउने कुनै कुराको जिकिर प्रतिवादीले लिएमा सो कुराको प्रमाण पुऱ्याउने भार निजको हुनेछ" भन्ने कानूनी व्यवस्थासमेतलाई सापेक्षित रूपमा हेर्नुपर्ने हुन्छ। उक्त व्यवस्थाको मकसद मेरो उक्त आपराधिक कार्यमा संलग्नता छैन भन्ने प्रतिवादी जिकिर रहेमा सोको पुष्टि सबुद प्रमाणबाट निजले नै गर्न सक्नुपर्दछ अनि मात्र निजको जिकिर प्रमाणयोग्य हुन्छ भन्ने हो। केवल आपराधिक कार्यमा आफ्नो संलग्नता छैन भन्ने तवरले लिइएको जिकिर प्रमाण जाँचको कसीमा औचित्यहीन हुन जाने।

अवैध रूपमा हतियार राखी जाहेरवालासमेतलाई कञ्चटमा ताक्ने जस्ता आपराधिक कार्यमा संलग्नता रहेको देखियो। प्रतिवादीका साक्षी जमिल अहमद जोलाहको बकपत्रलाई प्रमाणमा लिइएन भन्ने जिकिर सम्बन्धमा हेर्दा, निजले जाहेरवाला पक्ष र प्रतिवादीहरू बीचमा

कुटपिट, झैझगडा भएको देखेको हुँ भनी (स.ज ७) र घटनास्थलबाट २ थान कटुवा बन्दुक, छुरी र रड बरामद भएको हो भनी (स.ज १४) मा अदालतमा आई बकपत्र गरिदिएको देखिन्छ । वारदात मितिमा निज प्रतिवादी वारदातस्थलमा मौजुद थिए भनी बताउने प्रतिवादीका साक्षीले प्रतिवादीहरूलाई झुट्ठा मुद्दामा फसाउनको लागि मात्र जाहेरी दिएको हुनसक्छ भन्ने भनाई विश्वसनीय नदेखिने ।

अतः विवेचित आधार, प्रमाण तथा कारणबाट प्रतिवादीले आफूलाई आरोपित कसुरबाट सफाइ पाउनुपर्ने भन्ने आफ्नो जिकिर वस्तुनिष्ठ आधारबाट प्रमाणित गर्नुपर्ने दायित्व प्रमाण ऐन, २०३१ को दफा २७ बमोजिम प्रतिवादीमा निहित रहेकोमा प्रस्तुत मुद्दामा सोको सबुद प्रमाण निजले पुऱ्याउन नसकेको स्थिति, जाहेरवाला, प्रतिवेदकको बकपत्र एवम् मिसिल संलग्न बरामदी मुचुल्कासमेतबाट प्रतिवादी मोहम्मद हनिफ जोलाहलाई अभियोग दाबीबमोजिमको कसुरमा ३(तीन) वर्ष कैद सजाय हुने ठहर गरी पुनरावेदन अदालत, नेपालगञ्जबाट मिति २०६६।८।२९ मा भएको फैसला मिलेकै देखिँदा सदर हुने ।

इजलास अधिकृतः कमलकान्त जोशी

कम्प्युटर: मन्जिता ढुंगाना

इति संवत् २०७५ साल जेठ ७ गते रोज २ शुभम् ।

४

**मा.न्या.श्री दीपककुमार कार्की र मा.न्या.श्री मीरा खड्का,** ०६८-CR-०८५२, हातहतियार खरखजाना, *नेपाल सरकार वि. सरोज भन्ने त्रिभुवन मुराउसमेत*

बरामदी दशी, जाहेरवाला एवम् प्रतिवेदकको अदालतसमक्षको बकपत्रसमेतबाट अभियोजन पक्षले प्रतिवादीहरू उपरको कसुर समर्थित गराएको देखिन्छ । प्रमाण ऐन, २०३१ को दफा २७(१) मा रहेको - "प्रचलित नेपाल कानूनबमोजिम सजायमा कमी वा छुट हुने वा सजायबाट रिहाई पाउने कुनै कुराको जिकिर प्रतिवादीले लिएमा सो कुराको प्रमाण पुऱ्याउने भार निजको हुनेछ" भन्ने कानूनी व्यवस्था रहेको देखिन्छ । उक्त व्यवस्थाको मकसद मेरो उक्त आपराधिक कार्यमा संलग्नता छैन भन्ने प्रतिवादी जिकिर रहेमा सोको पुष्टि सबुद प्रमाणबाट निजले नै गर्न सक्नुपर्दछ अनि मात्र निजको जिकिर प्रमाणयोग्य हुन्छ भन्ने हो । केवल आपराधिक कार्यमा आफ्नो संलग्नता छैन भन्ने तवरले लिइएको जिकिर प्रमाण जाँचको कसीमा औचित्यहीन हुन जाने हुँदा प्रतिवादीहरूको अदालतसमक्ष गरेको इन्कारी बयानलाई भरपर्दो प्रमाणका रूपमा लिन सक्ने नदेखिने ।

अतः विवेचित आधार, प्रमाण तथा कारणबाट प्रतिवादी सरोज भन्ने त्रिभुवन मुराउबाट नलकटुवा पेस्तोल र सोको गोली बरामद भएको एवम् निजले सो हतियार र गोली अर्का प्रतिवादी अब्दुल कातिल मुसलमानबाट किनेको र अर्का प्रतिवादी अब्दुल कातिल मुसलमानले पनि प्रतिवादी सरोजबाट बरामद भएको हतियार र सोको गोली आफूले बेचेको हो भनी अनुसन्धानमा साबिती बयान गरेको देखिएको स्थिति, जिल्ला प्रशासन कार्यालयमा आई आरोपित कसुर नगरेको भन्ने प्रतिवादीहरूको बयान भएपनि सोको समर्थन हुने वस्तुनिष्ठ प्रमाण निजहरूले पेस गर्न नसकेको अवस्था, जाहेरवाला, प्रतिवेदकको बकपत्र एवम् मिसिल संलग्न बरामदी मुचुल्कासमेतबाट प्रतिवादीहरू सरोज भन्ने त्रिभुवन मुराउ र अब्दुल कातिल मुसलमानउपरको कसुर समर्थित भइरहेको परिप्रेक्ष्यमा निजहरूलाई अभियोग दाबीबाट सफाइ दिएको जिल्ला प्रशासन कार्यालय, कपिलवस्तुको मिति २०६७।७।८ को फैसलालाई सदर गर्ने गरी भएको पुनरावेदन अदालत, बुटवलको मिति २०६७।१०।५ को फैसला नमिलेकोले प्रतिवादीहरू सरोज भन्ने त्रिभुवन मुराउ र अब्दुल कातिल मुसलमानलाई जरिवाना नगरेको हदसम्म उल्टी भई निज प्रतिवादीहरूलाई हातहतियार तथा खरखजाना ऐन, २०१९ को दफा ३(२) को कसुरमा ऐ. ऐनको

दफा २०(२) अनुसार जनही रू.६०,०००।- जरिवाना हुने ठहर्छ । बरामदित हतियार र सोको गोली जफत हुने ठहर गरेको पुनरावेदन अदालत, बुटवलको फैसला सो हदसम्म सदर हुने ।

इजलास अधिकृतः कमलकान्त जोशी

कम्प्युटर: मन्जिता ढुंगाना

इति संवत् २०७५ साल जेठ ७ गते रोज २ शुभम् ।

५

**मा.न्या.श्री दीपककुमार कार्की र मा.न्या.श्री मीरा खड्का,** ०६८-CR-०३२५, सरकारी छाप दस्तखत किर्ते, *नेपाल सरकार वि. इन्द्रबहादुर राना मगरसमेत*

विभिन्न संघ, संस्था एवम् सरकारी कार्यालयसमेतका छापसहित बरामद भई सोही बरामदीसँगै पक्राउ परेका प्रतिवादी इन्द्रबहादुर राना मगरले मौकामा आरोपित कसुरमा स्वीकारी बयान गरेका छन् । बरामदी मुचुल्कामा समेत रोहबरमा बसेका निज प्रतिवादी इन्द्रबहादुर राना मगरले अदालतमा समेत उक्त अनुसन्धानको सही आफ्नै हो भनी स्वीकारेको एवम् प्रतिवादी सुदीप कोइरालालाई समेत पोल गरी बयान गरेको देखिएको स्थितिमा प्र. इन्द्रबहादुर रानाले आफूलाई पोल गर्नुपर्ने कारण र परिस्थिति के पर्‍यो निज प्रतिवादी सुदीप कोइरालाले स्पष्टसाथ भन्न सकेका छैनन् । साथै प्रतिवादी इन्द्रसमेतले आफूले अफिस सञ्चालन गर्छौं भनेकोले बन्द नगरी विराटनगर गएको र पछि मात्र वारदातबारे थाहा पाएकोले कसुरमा संलग्नता नरहेको हुँदा सजाय हुनुपर्ने होइन भन्ने निजको बयान आफूले सञ्चालन गरेको कार्यालयमा घटेको वारदातमा केवल निजको उपस्थिति नरहेकोले वारदातको परिणाममा निज जिम्मेवार हुनु नपर्ने भन्ने तबरको बयान सबुद प्रमाणबाट पुष्टि हुन सकेको छैन साथै निजको सो बयान प्रतितलायक मान्न नसकिने ।

नक्कली छाप, लिखत, कागजात बरामद भएको देखिएको र सो दशी आफूबाट बरामद भएको भनी प्रतिवादी इन्द्रबहादुर राना मगरले स्वीकारेको अवस्था एवम् छाप बनाइएको भनिएको सम्बन्धित कार्यालयमा उक्त दशी परीक्षणका लागि पठाइएकोमा सम्बन्धित कार्यालयबाट उक्त दशी आफूहरूको छापसँग नमिलेको भन्ने जवाफ प्राप्त भइसकेपछि प्रतिवादीहरूको कार्यालयबाट बरामद भएका उक्त छाप, लेटरप्याड तथा दस्तखत अवैधरूपमा राखेको देखिँदा निजहरूको उक्त कार्य किर्ते नभएको भन्ने नदेखिने ।

प्रतिवादीहरूको कार्यालयबाट बरामदित विभिन्न सरकारी कार्यालयका नक्कली छापहरूसमेत बरामद भएको देखिएको स्थिति एवम् सो बरामदित दशीहरू के कसरी, कहाँ प्रयोग भएका हुन् र सोको नाफा नोक्सान के कति कसलाई हुन गएको थियो भनी बिगोको पुष्टि हुन नसकेको स्थितिमा प्रतिवादीहरूले अन्य संघ संस्थालगायत सरकारी अड्डाको छापसमेत किर्ते गरेको भन्ने वादी नेपाल सरकारको पुनरावेदन जिकिर अन्यथा नदेखिने ।

अतः विवेचित आधार, प्रमाण तथा कागजसमेतबाट प्रतिवादीहरूले सञ्चालन गरेको प्रेसबाट उक्त बरामदी परिमाणका छाप, लेटरप्याड बरामद भएको देखिएको स्थिति, प्रतिवादी इन्द्रबहादुर राना मगरको मौकाको साबिती बयान, प्रतिवादीहरूको अदालतसमक्षको इन्कारी बयान पुष्टि हुन नसकेको अवस्था, बरामदी छाप, लेटर प्याड र पत्रहरू आफ्नो प्रेसबाट बरामद भएको स्वाभाविक कारण दिन नसकेको अवस्थाबाट प्रतिवादीहरू सुदीप कोइराला र इन्द्रबहादुर राना मगरले किर्ते कार्य गरेको देखिएकोले निजहरूलाई अभियोग दाबीबमोजिम किर्तेको कसुरमा सजाय नदिई सफाइ दिने गरी सुरू काठमाडौं जिल्ला अदालतबाट भएको फैसलालाई सदर गर्ने गरी पुनरावेदन अदालत, पाटनबाट मिति २०६७।१०।२५ मा भएको फैसला मिलेको नदेखिँदा सो फैसला उल्टी भई प्रतिवादीहरूले अभियोग दाबीबमोजिम कसुर गरेको ठहर्छ । प्रतिवादीहरूको उपर्युक्त कार्य किर्ते

कागजको १ नं. बमोजिमको देखिएको तर निजहरूको सो कार्यबाट हुन गएको बिगो खुलेको नदेखिएकोले किर्ते कागजको ९ नं. बमोजिम प्रतिवादीहरूलाई जनही रू. ५० जरिवाना तथा निजहरूले सरकारी छाप, दस्तखतसमेतको किर्ते गरेको देखिएकोले ऐ. ऐनको १२ नं. बमोजिम निजहरूलाई १ वर्ष कैद सजाय हुने।

इजलास अधिकृतः कमलकान्त जोशी

कम्प्युटर: अभिषेककुमार राय

इति संवत् २०७५ साल जेठ ७ गते रोज २ शुभम्।

६

**मा.न्या.श्री दीपककुमार कार्की र मा.न्या.श्री मीरा खड्का,** ०७२-CR-११३२, कर्तव्य ज्यान, *अम्बिका खनाल वि. नेपाल सरकार*

घटना विवरणमा कागज गर्ने जितमाया सम्बाहाम्फे, गुण लक्ष्मी यक्सो, कृतिमान तामाङ, कल्पना खनाल, पोषराज त्रितालले मौकामा कागज गर्दा प्रभाले कुन विष सेवन गरिन् थाहा भएन आफैँले विष सेवन गरे जस्तो लाग्छ । कर्तव्यमा पारी विष खुवाएकोमा मलाई कसैउपर शंका लाग्दैन भनी कागज बेहोरा लेखाई दिएको पाइन्छ । त्यसैगरी निजहरूले अदालतमा मृतकले आफैँले विष खाई मरेकी हुन् प्रतिवादीले विष खुवाई मारेका होइनन् भनी बकपत्र गरेको पाइन्छ । प्रतिवादीका साक्षी भवानी शंकर, पूर्णकुमार खड्काले पनि अदालतमा बकपत्र गर्दा मृतकले आफैँ विष सेवन गरी मरेकी हुन् भनी बकपत्र गरेका छन्। पछिल्लो जाहेरी दिने गोमा देवी आचार्यले सुरूमा किटानी जाहेरी दिए तापनि निजले पछि अदालतका आदेशानुसार अदालतमा आई बकपत्र गर्दा प्रतिवादीहरूले विष खुवाएर मारेकोमा शंका लाग्छ भनी आफ्नो जाहेरी खण्डित हुने गरी बकपत्र गरेको पाइने।

मृतक प्रभा र यी प्रतिवादी अम्बिकाबीच प्रेम सम्बन्धका कारण विवाह भएको छ। निजहरूका बिच मनमुटाव, कलह, झैझगडा केही छैन प्रस्तुत मुद्दामा विष सेवन गराएको चश्मदिद प्रमाण केही देखिँदैन। प्रमाणले पुष्टि नभएसम्म केवल अन्दाजका भरमा दोषी ठहर गर्न मिल्दैन। शंकाको सुविधा अभियुक्तले पाउँछ भन्ने फौजदारी कानूनको सर्वमान्य सिद्धान्त रहेको पाइने।

तसर्थ प्रस्तुत मुद्दामा यी प्रतिवादी अम्बिका खनाल आरोपित कसुरमा इन्कार रहेका, चश्मदिद साक्षीको अभाव रहेको, मृतकका आफन्तसमेतले कर्तव्य हो भनी किटानीसाथ भन्न नसकेका, मृतक स्वयम्ले आफैँले मुसा मार्ने विष सेवन गरेको भन्ने कुरा कल्पना खनालसँग भनेकीसमेतका परिस्थितिजन्य प्रमाणका आधारमा यी मृतक प्रभा खनाल आचार्यले आफैँले विष सेवन गरी आत्महत्या गरेको पुष्टि हुन आएको हुँदा प्रतिवादी अम्बिका खनाललाई मुलुकी ऐन, ज्यानसम्बन्धी महलको १३(२) नं. अनुसार सजाय गरिपाउँ भन्ने वादी नेपाल सरकारको अभियोग माग दाबी पुग्न सक्दैन। सुरू पाँचथर जिल्ला अदालतले मिति २०७१।२।११ मा प्रतिवादी अम्बिका खनाललाई कसुरदार ठहऱ्याई मुलुकी ऐन, ज्यानसम्बन्धी महलको १३(२) नं. बमोजिम सर्वस्वसहित जन्मकैदको सजाय गरेको फैसलालाई सदर गर्ने गरी भएको पुनरावेदन अदालत, इलामको मिति २०७२।४।२६ को फैसला मिलेको नदेखिँदा उल्टी भई यी पुनरावेदक प्रतिवादी अम्बिका खनालले अभियोग दाबीबाट सफाइ पाउने।

इजलास अधिकृत: विदुरकुमार उपाध्याय

कम्प्युटर: संजय जैसवाल

इति संवत् २०७४ साल जेठ २५ गते रोज ५ शुभम्।

७

**मा.न्या.श्री दीपककुमार कार्की र मा.न्या.श्री मीरा खड्का,** ०७२-RC-००६४, कर्तव्य ज्यान, *नेपाल सरकार वि. अमिन राजवंशीसमेत*

कसुरदार ठहर भएको सहप्रतिवादी गुदली गनगाईले अनुसन्धान अधिकारीसमक्ष र सहप्रतिवादी चन्द्र वाँतरले अनुसन्धान अधिकारी एवम् अदालतसमक्ष बयान गर्दा प्रतिवादीहरू अमिन राजवंशी र रेखा

ताजपुरियालाई पोल गर्दै आरोपित कसुरमा संलग्नता देखाएको पाइन्छ । प्रतिवादी सुरू अदालतबाट जारी भएको ७० दिने म्यादी पुर्जीमा अदालतमा प्रतिरक्षाका लागि उपस्थित नभई यद्यपि फरार रहेका र कसुरदार ठहर भएका सहप्रतिवादीहरूको पोलसमेत निजहरूउपर रहेको परिस्थितिमा निज प्रतिवादी रेखा ताजपुरिया र अमिन राजवंशी निर्दोष रहेछन् भनी मान्न मिल्ने देखिन नआउने।

अतः माथि विवेचित आधार एवम् कारणहरूबाट प्रतिवादीहरू रेखा ताजपुरिया र अमिन राजवंशीले आरोपित कसुर गरेकोमा निज प्रतिवादीहरूलाई मुलुकी ऐन, ज्यानसम्बन्धी महलको १३(१) नं. बमोजिम सर्वस्वसहित जन्मकैद हुने ठहऱ्याई सुरू झापा जिल्ला अदालतबाट मिति २०५०।१२।१९ मा भएको फैसलालाई साधक सदर गर्ने गरी भएको तत्कालीन पुनरावेदन अदालत, इलामको फैसला मिलेकै देखिँदा साधक सदर हुने।

इजलास अधिकृतः विदुरकुमार उपाध्याय

कम्प्युटरः चन्द्रा तिमल्सेना

इति संवत् २०७४ साल जेठ २५ गते रोज ५ शुभम्।

८

**मा.न्या.श्री दीपककुमार कार्की र मा.न्या.श्री मीरा खड्का,** ०७४-CR-०४७०, जबरजस्ती करणी, *देवीबहादुर कटुवाल वि. नेपाल सरकार*

पीडितलाई संरक्षण गर्नु सरकारको दायित्व ठहऱ्याई कानूनले प्रतिवादीबाट भराउने गरी क्षतिपूर्तिसमेतको व्यवस्था गरेको छ । पीडितको घाउमा तत्कालै मलमपट्टी लगाउन सकियोस् भन्ने मकसदबाट विधिशास्त्रको पीडितशास्त्रीय मान्यता (Victim Point of view) बाट समेत प्रतिवादीबाट पीडितलाई क्षतिपूर्ति भराउने व्यवस्था अवलम्बन गरेको देखिन्छ। पीडित ९ वर्ष उमेरकी बालिका रहे भएकोमा विवाद देखिँदैन । यस अवस्थामा पीडितउपरको जबरजस्ती करणीको कसुरमा आफ्नो संलग्नता नरहेकोबारे पुष्टि गर्न नसकेका प्रतिवादी रोशन भन्ने देवीबहादुर कटुवाललाई अभियोग दाबीबमोजिम न्यूनतम दश वर्ष कैद र पीडितलाई रू.५०,०००।– क्षतिपूर्ति भराई दिने गरी भएको उच्च अदालत, विराटनगर, इलाम इजलासको फैसला अन्यथा नदेखिने।

अतः उपर्युक्त विवेचित आधार, प्रमाण तथा कारणबाट प्रतिवादीले आफूलाई आरोपित कसुरबाट सफाइ पाउनुपर्ने भन्ने आफ्नो जिकिर वस्तुनिष्ठ आधारबाट प्रमाणित गर्नुपर्ने दायित्व प्रमाण ऐन, २०३१ को दफा २७ बमोजिम प्रतिवादीमा निहित रहेकोमा प्रस्तुत मुद्दामा सोको सबुद प्रमाण निजले पुऱ्याउन नसकेको स्थिति, पीडितको बकपत्र र जाहेरीमा उल्लिखित घटनाको बेहोरा मिल्न गएको अवस्था र सोही प्रकारको पीडित स्वयम्का बाबु तथा दाजुले अदालतसमक्ष गरेको बकपत्र एवम् वस्तुस्थिति मुचुल्काका व्यक्ति, चिकित्सकको बकपत्रसमेतबाट उच्च अदालत विराटनगर, इलाम इजलासबाट मिति २०७३।१२।९ मा भएको फैसला मिलेकै देखिँदा सदर हुने।

इजलास अधिकृतः कमलकान्त जोशी

इति संवत् २०७५ साल जेठ ३ गते रोज ५ शुभम्।

९

**मा.न्या.श्री दीपककुमार कार्की र मा.न्या.श्री मीरा खड्का,** ०७४-CR-०६४०, मानव बेचबिखन तथा ओसारपसार, *नेपाल सरकार वि. एजाजुल मियाँसमेत*

मिसिलबाट प्रस्तुत मुद्दामा प्रतिवादीहरू नियामुद्दिन मिया र सुलेमान मियाले जाहेरवाली पीडितलाई कुनै गलत उद्देश्यले अभियोग दाबीबमोजिमको एक ठाउँबाट अर्को ठाउँमा लगेको भन्ने कुरा खुल्न आएको देखिँदैन भने निजहरूले अदालतमा आरोपित कसुरमा इन्कारी बयान गरेको अवस्था छ । एकातिर पीडितले आफू इटहरी आई पुगेको निज प्रतिवादीहरूले गर्दा हो र निजहरूले

आफूलाई बेचबिखन गर्ने उद्देश्यले ल्याएका हुन् भनी स्पष्टसाथ भन्न सकेका छैनन् भने अर्कोतिर निज प्रतिवादीहरूले नै पीडितलाई बिक्री गर्ने उद्देश्यले बोलाई मानव बेचबिखन तथा ओसारपसार गरेको रहेछन् भन्ने अवस्था मिसिल कागजातबाट पुष्टि भएकोसमेत नदेखिने।

अतः उपर्युक्त विवेचित आधार, प्रमाण तथा कारणबाट जाहेरी दरखास्त र सोलाई समर्थन गर्ने पीडितको बकपत्र, १७ वर्ष उमेरकी जाहेरवाली र निजको उमेर १७ वर्षभन्दा माथि हो भन्ने प्रतिवादीहरूको जिकिर नरहेको अवस्था, पीडित जाहेरवाली प्रतिवादी एजाजुल मियासँगको कुराको लहैलहमा सुनसरीको भण्टाबारीसम्म पुगेको तथ्यमा विवाद नरहेको अवस्था, विवाहित प्रतिवादी एजाजुल मियाले पीडितसँग भण्टाबारीसम्म पुगेको कुरा स्वीकारेको अवस्था, प्रतिवादी एजाजुल मियाको अनुसन्धानको साबिती बयान, घटना विवरणका व्यक्तिको कागजलगायतका प्रमाणबाट प्रतिवादी एजाजुल मियाउपरको अभियोग पुष्टि भएको देखिँदा निजलाई मानव बेचबिखन तथा ओसारपसार (नियन्त्रण) ऐन, २०६४ को दफा १५(१)(ङ)(२) बमोजिम १० वर्ष कैद र रू.एक लाख जरिवाना हुने तथा ऐ. ऐनको दफा १७ बमोजिम पीडितालाई प्रतिवादीबाट जरिवानाको ५०% भराई दिने ठहरी र प्रतिवादी नियामुद्दिन मिया र सुलेमान साह मियाउपरको कसुर सबुद प्रमाणबाट पुष्टि हुन नसकेकोले निजहरूले आरोपित कसुरमा सफाइ पाउने ठहर गरी भएको उच्च अदालत, विराटनगरको मिति २०७४।३।७ को फैसला मिलेकै देखिँदा सदर हुने।

इजलास अधिकृतः कमलकान्त जोशी

कम्प्युटर: अभिषेककुमार राय

इति संवत् २०७५ साल जेठ ३ गते रोज ५ शुभम्।

१०

**मा.न्या.श्री दीपककुमार कार्की र मा.न्या.श्री मीरा खड्का,** ०७४-CR-०५८८, जबरजस्ती करणी, *होमनाथ सोती वि. नेपाल सरकार*

अदालतबाट विवादरहित र आधारभूत स्वतन्त्र प्रमाणबाट इन्कारी समर्थित हुन नसकेको अवस्थामा प्रमाणविनाको इन्कारी बयान मात्र सफाइ दिने यथेष्ठ आधार बन्न नसक्ने भनी विभिन्न नजिर सिद्धान्तमा बोलिसकेको अवस्थामा प्रतिवादीको आरोपित कसुरमा इन्कारी रहेको अदालतसमक्षको बयान मात्रै निजको सफाइको मुख्य आधार बन्न नसक्ने।

आरोपित कसुरमा आफ्नो संलग्नता नरहेकोले सजायबाट रिहाई पाउनुपर्ने जिकिर लिएका निज प्रतिवादीउपरको पोल किन र के कति कारणले गरिएको हो, निजले अनुसन्धानमा किन साबिती बयान गरेका थिए भन्ने कुराको वस्तुनिष्ठ आधारमा पुष्टि हुन नसकेको स्थितिमा प्रतिवादीको कसुर कार्यमा संलग्नता रहेको रहेनछ भनी मान्न नमिलेकोले निजउपरको जबरजस्ती करणीको कसुर स्थापित हुने नै देखिने।

पीडितको यौनांगमा प्रतिवादी होमनाथ सोतीले औंला छिराई खेलाई जबरजस्ती करणीको १ नं. ले परिभाषित गरेअनुसार जबरजस्ती करणी गरेको र ९क. नं.बमोजिम बाल यौन दुराचारसमेत गरेको देखिएबाट जबरजस्ती करणीको महलको ३(१) नं. बमोजिम प्रतिवादीलाई १० वर्ष कैद सजाय हुने र ऐ महलको ९क. नं. बमोजिम बालदुराचारमा पनि थप एक वर्ष कैद सजाय हुने र पीडितले क्षतिपूर्तिसमेत भराई पाउने गरी भएको फैसला अन्यथा नदेखिने।

विधिशास्त्रीय जगतमा विकसित पछिल्लो अवधारणा - पीडित न्यायशास्त्रले पीडितलाई संरक्षण गरी राहतसमेत दिने कुराको परिकल्पना गरेको छ । पीडितको आलो घाउमा तत्कालै मलहमपट्टी लगाउन सकियोस् भन्ने मकसदबाट अभिप्रेरित उक्त अवधारणाअनुसार पीडितको संरक्षण गर्नु सरकारको दायित्वअन्तर्गत समाविष्ट गरी कानूनले अपराधको

बनावट एवम् कसुरको गाम्भीर्य हेरी पीडितलाई क्षतिपूर्तिसमेत भराई दिने व्यवस्था गरेको हो । अतः प्रस्तुत वारदातकी पीडित ५ वर्षिया अवोध बालिकालाई कसुरको गाम्भीर्यसमेतको विचार गरी रू.५०,०००।– क्षतिपूर्ति भराइदिने गरी भएको उच्च अदालत, पोखराको फैसला मिलेकै देखिने।

अतः विवेचित आधार, प्रमाण तथा कारणबाट प्रतिवादीले आफूलाई आरोपित कसुरबाट सफाइ पाउनुपर्ने भन्ने आफ्नो जिकिर वस्तुनिष्ठ आधारबाट प्रमाणित गर्नुपर्ने दायित्व प्रमाण ऐन, २०३१ को दफा २७ बमोजिम प्रतिवादीमा निहित रहेकोमा प्रस्तुत मुद्दामा सोको सबुद प्रमाण निजले पुऱ्याउन नसकेको स्थिति, पीडित स्वयम् र जाहेरवाला पीडितकी आमाको अदालतसमक्ष गरेको बकपत्र एवम् वस्तुस्थिति मुचुल्काका व्यक्तिको कागज, एवम् यस अदालतबाट प्रतिपादित जबरजस्ती करणीको मुद्दामा पीडित नै आधारभूत गवाह हुने भन्ने नजिर सिद्धान्तसमेतको आधारमा उच्च अदालत, पोखराबाट मिति २०७४।३।१ मा भएको फैसला मिलेकै देखिँदा सदर हुने।

इजलास अधिकृत: कमलकान्त जोशी

इति संवत् २०७५ साल जेठ ३ गते रोज ५ शुभम्।

## इजलास नं. ८

१

**मा.न्या.श्री केदारप्रसाद चालिसे र मा.न्या.श्री ईश्वरप्रसाद खतिवडा,** ०६९-CI-००६४, निषेधाज्ञा, *मैयाँ पाण्डे वि. हेमन्त श्रेष्ठ*

जग्गा लेनदेनको विषयलाई लिएर शान्ति सुरक्षाअन्तर्गत पर्ने कार्य भनी विपक्षी जिल्ला प्रशासन कार्यालय र प्रहरी प्रशासनद्वारा कारबाही गर्नु कानूनी अख्तियारीबेगरको कार्य देखिएको छ । कानूनी अख्तियारी नै नभएको विषयमा विपक्षी कार्यालयहरूबाट भए गरेका कार्य कानूनसङ्गत देखिन आएन । यी निवेदकले कानूनविपरीतको कसुर गरेमा सो सम्बन्धमा कानूनबमोजिम कारबाही गर्ने अधिकार विपक्षी प्रहरी कार्यालयलाई कानूनद्वारा प्रदान भइरहेकै हुँदा देवानी प्रकृतिको जग्गा लेनदेनको विषयमा यी निवेदकलाई यी विपक्षीहरूले थुन्ने, धरपकड गर्ने पक्रने तथा कुनै कागज गराउने अधिकार कानूनसम्मत भएको भन्न मिल्दैन । तसर्थ निवेदकको मागबमोजिमको आदेश जारी नगर्दा निवेदकको नागरिक अधिकार ऐनअन्तर्गतको कानूनी हकमा असर पर्न जाने भएकोले निवेदकको मागबमोजिमको आदेश जारी हुने भनी पुनरावेदन अदालत, पाटनको आदेश मुनासिब नै देखिने।

अत: विवेचित आधार कारणबाट देवानी प्रकृतिको विषयमा यी निवेदकलाई यी विपक्षीहरूले थुन्ने, धरपकड गर्ने, पक्रने तथा कुनै कागज नगर्न नगराउन भनी निवेदकको मागबमोजिम विपक्षीहरूको नाउँमा निषेधाज्ञाको आदेश जारी हुने ठहर्छ भनी पुनरावेदन अदालत, पाटनको मिति २०६८।०८।०७ मा जारी भएको निषेधाज्ञाको आदेश मिलेकै देखिँदा सदर हुने।

इजलास अधिकृत: हिरामाया अवाल

कम्प्युटर: प्रेमबहादुर थापा

इति संवत् २०७४ साल फागुन ९ गते रोज ४ शुभम्।

२

**मा.न्या.श्री केदारप्रसाद चालिसे र मा.न्या.श्री ईश्वरप्रसाद खतिवडा,** ०७२-RC-०१५४, कर्तव्य ज्यान (साधक), *नेपाल सरकार वि. महेन्द्रप्रसाद कठरीया*

मिसिल संलग्न कागजातबाट प्रतिवादीले अधिकारप्राप्त अधिकारी र अदालतमा बयान गर्दा साँझ करिब ९.०० बजे मृतक मीरा कठरीया मादक पदार्थ रक्सी सेवन गरी उभिनसमेत नसकी आँगनमा पल्टेकी हुन्। भित्र आउ भन्दा नमानेपछि घरमा राखेको गहुँको

भुसा र डिजल प्रयोग गरी निजको शरीरमा आगो लगाएको हुँ। पटकपटक मादक पदार्थ सेवन गरी झगडा गर्ने र दिनहुँ घरमा नबस्ने हुँदा रिसले आवेगमा आई उक्त कार्य गरेको हुँ भनी आरोपित कसुरमा साबित भई बयान गरेको पाइन्छ। शव परीक्षण प्रतिवेदनमा मृत्युको कारणमा Burning injury भनी उल्लेख भएको पाइन्छ। मौकामा कागज गर्ने अमर कठरीया, बंशुराम वडायक, नम्माकुमारी कठरीयासमेतले बकपत्र गर्दा यी प्रतिवादीले मृतकलाई गहुँको भुसा शरीरमा खन्याई डिजेल छर्की आगो लगाई हत्या गरेका हुन् भनी गडाउ गरी बकपत्र गरेको पाइन्छ । यसरी यी प्रतिवादीको अधिकारप्राप्त अधिकारी र सुरू अदालतमा गरेको साबिति बयान, शव परीक्षण प्रतिवेदन, घटनास्थल लास प्रकृति मुचुल्का, जाहेरवाला अमरसिंह कठरिया र मौकामा बुझिएका मानिसहरूको बकपत्रसमेतबाट पुष्टि भइरहेको अवस्थामा प्रतिवादीले मृतक मीरा कठरीयालाई गहुँको भुसा शरीरमा खन्याई डिजेल छर्की आगो लगाई कर्तव्य गरी मारेको भन्ने पुष्टि हुन आउने।

अतः प्रतिवादी महेन्द्रप्रसाद कठरीयाले अभियोग दाबीबमोजिमको कसुर गरेको ठहऱ्याई निजलाई मुलुकी ऐन, ज्यानसम्बन्धीको महलको १३(३) नं. बमोजिम सर्वस्वसहित जन्मकैदको सजाय गर्ने गरी कैलाली जिल्ला अदालतबाट मिति २०७२।२।२४ मा भएको फैसला सदर हुने ठहर गरेको पुनरावेदन अदालत, दिपायलको मिति २०७२।९।१९ को फैसला मिलेकै देखिँदा साधक सदर हुने।

मादक पदार्थ सेवन गरी खुट्टा टेक्न नसक्ने अवस्थाकी आफ्नी श्रीमतीलाई अमानवीय तरिकाले कर्तव्य गरेको कसुरमा साबित रही न्याय सम्पादनमा सहयोग गरेको आधार उल्लेख गरी कम सजायको राय व्यक्त भएकोमा यी प्रतिवादीले श्रीमतीलाई आगो लगाई कर्तव्य गरेपश्चात् वारदातस्थलबाट भागेकोमा प्रहरीद्वारा पक्राउ परेको देखिन्छ । मादक पदार्थ सेवन गरी अशक्त अवस्थामा रहेकी श्रीमतीलाई भुसा र डिजेल प्रयोग गरी घरमै आगो लगाई कर्तव्य गरेका कसुरदारलाई कसुरमा साबित भएको भन्ने आधारमा मुलुकी ऐन, अदालती बन्दोबस्तको १८८ नं. बमोजिम सजायमा छुट दिने अवस्था न्यायोचित नदेखिएकोले अदालती बन्दोबस्तको १८८ नं. बमोजिम १० वर्ष कैद सजाय गर्ने भनी सुरू कैलाली जिल्ला अदालतबाट व्यक्त गरेको रायलाई पुनरावेदन अदालत, दिपायलले सदर गरेको रायसँग सहमत हुन सकिएन । निज प्रतिवादी महेन्द्रप्रसाद कठरीयालाई मुलुकी ऐन, ज्यानसम्बन्धीको महलको १३(३)नं. बमोजिम सर्वस्वसहित जन्मकैदको सजाय हुने।

इजलास अधिकृत: जगतबहादुर पौडेल

कम्प्युटर: प्रेमबहादुर थापा

इति संवत् २०७५ साल जेठ २४ गते रोज ५ शुभम्।

३

**मा.न्या.श्री केदारप्रसाद चालिसे र मा.न्या.श्री सपना प्रधान मल्ल,** ०७३-WH-००५७, बन्दीप्रत्यक्षीकरण, *प्रेमलाल जैसीसमेत वि. बर्दिया राष्ट्रिय निकुञ्ज कार्यालय, बर्दियासमेत*

निवेदकहरू जनक दर्लामी मगर र प्रेमलाल जैशी वा प्रेम लामिछानेले मिति २०६७।३।२ मा तत्कालीन वन मन्त्रीसमक्ष आफूहरू उक्त मुद्दामा सरिक नभएको र माओवादी द्वन्द्वबाट पीडित भई विस्थापित भएको र उक्त वतनमा बस्न नसकेकोमा गाउँ विकास समितिको अध्यक्षले उक्त मुद्दाको म्याद बुझी म्याद गुज्रन गएकोले अन्याय परेको हुँदा छानबिन गरिपाउँ भनी निवेदकमध्येका प्रेम लामिछाने र जय दर्लामी मगर भनी हस्ताक्षर गरी बुझाएको देखिन्छ। वन मन्त्रीसमक्ष दिएको निवेदनमा निजहरूले आफूलाई जय दर्लामी मगर र प्रेम लामिछाने भनी आफ्नो नाम स्वीकार गरी निवेदन दिएकोले प्रस्तुत निवेदनमा आफूहरू

उक्त नामका व्यक्ति नभएको भन्ने निवेदन जिकिर नै खण्डित हुन आयो। यसरी उक्त निवेदनमा उक्त मुद्दाको जिकिर गरी निवेदन दिएकोले मुद्दा परी कारबाहीयुक्त अवस्थामा रहेको भन्ने थाहा जानकारी निजहरूलाई थिएन भन्न नमिल्ने हुँदा मुद्दाको जानकारी पाएको भनी मान्नु पर्ने हुन आउने।

निवेदकहरूको नाउँमा जारी भएको म्याद निजहरूको गाउँ विकास समितिको कार्यालयमा टाँस भई तामेल भएकोमा बर्दिया राष्ट्रिय निकुञ्जको कार्यालयले उक्त म्याद बदर गरी पुनः गोरखापत्र राष्ट्रिय दैनिकमा प्रकाशित गरेको म्यादलाई निजहरूले थाहा जानकारी पाएनौं भनी भन्न मिल्ने अवस्था देखिँदैन। यी निवेदकमध्येका जनक दर्लामीले आफू जय दर्लामीमगर भएको र अर्का निवेदक प्रेम लामिछाने भन्ने प्रेमलाल जैसी भएको भनी मिति २०७३।३।२६ मा तथ्य स्वीकार गरी कागज गरिदिएकोसमेत देखिन्छ। उक्त कागजलाई निजहरूले अन्यथा हो भनी जिकिर लिएको र सोको पुष्टि गर्ने अन्य स्वतन्त्र प्रमाण पेस गर्न सकेको देखिँदैन। यस्तो अवस्थामा निजले गरेको उक्त कागजलाई निजका विरूद्ध प्रमाणमा लिन मिल्ने नै देखिने।

तसर्थ प्रेम लामिछाने भन्ने प्रेमलाल जैसी र जय दर्लामी मगर भन्ने जनक दर्लामी एउटै व्यक्ति भएकोले उक्त चोरी सिकार गरी आखेटोपहार खरिद बिक्री मुद्दामा कसुरदार ठहरी निजहरूलाई जनही ८ (आठ) वर्ष कैद र रू.१,००,०००।– (एक लाख रूपैयाँ) जरिवाना हुने ठहरी भएको फैसलामा फरार रहेका यी निवेदकहरूलाई प्रहरीको केन्द्रीय अनुसन्धान ब्युरोले पक्राउ गरी बर्दिया राष्ट्रिय निकुञ्ज कार्यालयमा बुझाई उक्त कार्यालयले प्रेमलाल लिमिछाने जैसीलाई मिति २०७२।११।२१ मा र जय दर्लामी मगर भन्ने जनक दर्लामीलाई मिति २०७३।३।२६ मा फैसलाले लागेको कैद जरिवाना असुल गर्न कैदी पुर्जी दिई कारागारमा पठाएको कार्यलाई गैरकानूनी भन्न नमिल्ने हुँदा रिट खारेज हुने।

इजलास अधिकृत: जगतबहादुर पौडेल
कम्प्युटर : प्रेमबहादुर थापा
इति संवत् २०७५ साल जेठ २२ गते रोज ३ शुभम्।

४

**मा.न्या.श्री केदारप्रसाद चालिसे र मा.न्या.श्री सपना प्रधान मल्ल,** ०७४-RC-०११९, कर्तव्य ज्यान (साधक), *नेपाल सरकार वि. जितबहादुर सुनार*

प्रतिवादीको अधिकारप्राप्त अधिकारी र सुरू अदालतमा गरेको साबिती बयान, शव परीक्षण प्रतिवेदन, शव परीक्षण गर्ने विशेषज्ञको बकपत्र, घटनास्थल लास प्रकृति मुचुल्का, जाहेरवाला खड्गबहादुर सुनार र मौकामा बुझिएका मानिसहरूको बकपत्रसमेतबाट पुष्टि भइरहेको अवस्थामा प्रतिवादीले मृतक शसिराम वि.क.लाई कोदालो तथा पिर्काले टाउकोमा प्रहार गरी कर्तव्य गरी मारेको भन्ने पुष्टि हुन आउने।

अतः प्रतिवादी जितबहादुर सुनारले अभियोग दाबीबमोजिमको कसुर गरेको ठहऱ्याई निजलाई मुलुकी ऐन, ज्यानसम्बन्धीको महलको १३(१) नं.बमोजिम सर्वस्वसहित जन्मकैदको सजाय गर्ने गरी प्युठान जिल्ला अदालतबाट मिति २०७१।१०।२५ मा भएको फैसला सदर हुने ठहर गरेको पुनरावेदन अदालत, तुलसीपुरको मिति २०७४।२।२२ को फैसला मिलेकै देखिँदा साधक सदर हुने।

इजलास अधिकृत: जगतबहादुर पौडेल
कम्प्युटर: प्रेमबहादुर थापा
इति संवत् २०७५ साल जेठ २२ गते रोज २ शुभम्।

५

**मा.न्या.श्री केदारप्रसाद चालिसे र मा.न्या.श्री पुरूषोत्तम भण्डारी,** ०६८-CR-१२७०, ०६८-CR-१२७१, जालसाजी, *कामेश्वर साह सुडी वि. हेमबहादुर मल्लसमेत र हेमबहादुर मल्ल वि. तिलक मल्लसमेत*

वादीले जालसाजी घोषित गरिपाउँ भनी दाबी लिएको लिखत मिति २०५६।१।२८ मा पारित भएको

देखिएको छ । उक्त किर्ते कागजको महलको १८ नं. मा मिति २०५९।५।२७ मा संशोधन भएको देखिन्छ । विवादित लिखत पारित भएको मिति र उक्त संशोधन भएको मितिको गणना गर्दा ३ वर्षभन्दा बढी फरक देखिन आउँछ । अर्थात् वादीले जालसाजी घोषित गरिपाउँ भनी दाबी लिएको लिखत पारित भएको मिति र उक्त १८ नं. मा संशोधन भएको मितिको फरक ३ वर्ष ३ महिनाभन्दा बढी देखिई रहेकोमा प्रस्तुत फिराद पत्र २०६५।१।२४ मा मात्र दर्ता भएको देखियो । प्रस्तुत दाबीको लिखतको सम्बन्धमा मुलुकी ऐन, किर्ते कागजको १८ नं. मा संशोधन हुनुपूर्वकै "सो काम भए गरेको मितिले दुई वर्षभित्र" नालिस गर्नुपर्ने भन्ने हदम्याद नै लाग्ने देखिन आयो । उक्त ऐनमा भएको संशोधनपश्चात् कायम भएको सो काम भए गरेको थाहा पाएको छ महिनाभित्र नालिस दिनुपर्ने भन्ने हदम्याद प्रस्तुत विवादमा आकर्षित नहुने ।

प्रस्तुत मुद्दाका प्रतिवादी कामेश्वर साह सुडीले वादी दाबी झुट्टा ठहर भएकोमा मुलुकी ऐन, दण्ड सजायको १८ नं. बमोजिम वादीलाई सजाय गर्नुपर्नेमा सजाय नगरेको हदसम्म सुरूको फैसला सदर गरेको पुनरावेदन अदालत, जनकपुरको फैसला बदर गरी वादीहरूलाई सजाय गरिपाउँ भनी लिएको पुनरावेदन जिकिर सम्बन्धमा विचार गर्दा प्रस्तुत फिरादपत्र हदम्यादको अभावमा खारेज हुने ।

मुलुकी ऐन, दण्ड सजायको १८ अन्तर्गत झुट्टा मुद्दा चलाउनेलाई हुने सजायको सम्बन्धमा हेर्दा झुट्टा प्रमाण बनाई रिसइवीले वा मनासिब माफिकको कारण वा तथ्य नभई मुद्दा चलाएको ठहरेमा त्यस्तो झुट्टा पोल उजुरी गरेबापत उजुरकर्तालाई सजाय गर्ने व्यवस्था रहेको पाइन्छ । उक्त व्यवस्थाले कसैलाई पनि झुट्टा प्रमाणको सिर्जना गरी वा मुद्दा गर्नु पर्ने आधार कारणबेगर रिसइवीका कारणले झुट्टा मुद्दा गर्नबाट नियन्त्रण गर्ने उद्देश्य राखेको देखिन्छ । प्रस्तुत मुद्दाको फिरादपत्र दायर गर्दा वादी उजुरकर्ताले झुट्टा प्रमाण सिर्जना गरी दाबी गरेको भन्ने नदेखिएको र प्रस्तुत मुद्दाको फिरादपत्र हदम्यादभित्र दायर भएको नदेखिएको हुँदा वादीहरूलाई मुलुकी ऐन, दण्ड सजायको १८ नं. अन्तर्गत सजाय हुनु पर्ने भन्ने प्रतिवादी कामेश्वर साह सुडीको पुनरावेदन जिकिरसँग सहमत हुने अवस्था नरहने ।

माथि विवेचित कानूनी व्यवस्थाबमोजिम प्रस्तुत फिराद पत्र मुलुकी ऐन, किर्ते कागजको १८ नं. मा भएको संशोधनपूर्वको सो काम भए गरेको थाहा पाएको मितिले दुई वर्षभित्र नालिस गर्नुपर्नेमा सो म्याद नघाई मिति २०५६।१।२८ मा पारित भएको राजीनामा लिखतको विषयमा मिति २०६५।१।२४ मा दायर गरेको प्रस्तुत मुद्दाको फिराद पत्र खारेज हुने ।

अतः हदम्याद नघाई दायर गरेको फिराद पत्र खारेज नगरी दाबी नपुग्ने ठहर गरेको भए पनि इन्साफमा तात्विक असर नपर्ने देखिएको र वादीलाई मुलुकी ऐन, दण्ड सजायको १८ नं. बमोजिम सजाय नगर्ने गरेको सुरू धनुषा जिल्ला अदालतको फैसला सदर गरेको पुनरावेदन अदालत, जनकपुरको फैसला सदर हुने ।

इजलास अधिकृत: जयराम श्रेष्ठ

इति संवत् २०७४ साल चैत २६ गते रोज २ शुभम् ।

यसै लगाउको निम्न मुद्दाहरूमा पनि यसैअनुसार फैसला भएका छन्:-

- ०६८-CI-१३६७ र ०६८-CI-१३६९, घरभाडा दिलाई घर खाली गरी चलन चलाई पाऊँ, *हेमबहादुर मल्लसमेत वि. कामेश्वर साह सुडी र कामेश्वर साह सुडी वि. हेमबहादुर मल्लसमेत*
- ०६८-CI-१३६८, लिखित दर्ता बदर, *हेमबहादुर मल्लसमेत वि. तिलक मल्लसमेत*

६

**मा.न्या.श्री केदारप्रसाद चालिसे र मा.न्या.श्री पुरूषोत्तम भण्डारी,** ०६९-CR-०४४२ र ०६९-

CR-०५८३, किर्ते तथा ठगी, *नेपाल सरकार वि. मनोज साहसमेत र मनोज साह वि. नेपाल सरकार*

हिनामिना भएको रकम कार्यालयभित्रको आन्तरिक काम कारबाहीको सिलसिलामा प्रक्रियागत अनियमित भएको नभई नागरिकहरूको नाउँमा ऋण लिएको देखिने गरी किर्ते फारम भरी किर्ते सहिछाप गरी संस्थाको रकम अपचलन गर्ने कार्यलाई देवानी दायित्वको विषय हो भनी मान्न नमिल्ने । अत: पुनरावेदक / प्रतिवादीको मौकाको साबिती बयान, किटानी जाहेरी, ऋण मागपत्रका फारम, विभागीय प्रमुख रामहरि दाहालले छानबिन गरी लेखेको २०६६।१२।३ को पत्र, निज स्वयम्ले रकम हिनामिना गरेको स्वीकार गरी डिप्रोक्स नेपाल कलैया बाराका कार्यालय प्रमुखलाई मिति २०६६।१२।१ मा दिएको निवेदन पत्रसहितका तथ्यगत प्रमाणहरूबाट किर्ते कागज बनाई पेस गरी झुट्ठो कुरालाई सद्दे हो भनी झुक्याई सदस्यहरूको नाउँमा किर्ते ऋण फारम भरी संस्थाको रकम अपचलन गरी संस्थालाई यी पुनरावेदक मनोज साहले रू.१८,९०,०००।- ठगी गरेको पुष्टि हुँदा निज प्रतिवादी मनोज साहले मुलुकी ऐन, किर्ते कागजको १ नं. र ठगीको १ नं. मा परिभाषित अभियोग दाबीको कसुर गरेको प्रमाणित हुन आएकोले अभियोग दाबीबाट सफाइ पाउनुपर्छ भन्ने निजको पुनरावेदन जिकिरसँग सहमत हुन नसकिने ।

अनुसन्धान सुरू भएपश्चात् प्रतिवादी मनोज साहले संस्थाको हिनामिना भएको रकम उपशाखा प्रबन्धक विजयचन्द्र प्रसाद र लेखापाल सन्तोषकुमार गुप्ताले बाँडी खाएको हो भनी पोल गरेको देखिए पनि निजको सो पोल अन्य स्वतन्त्र प्रमाणबाट यी प्रतिवादी विजयचन्द्र प्रसाद र सन्तोषकुमार गुप्ताले लिएर खाएको भन्ने देखिएको छैन । यी प्रतिवादी मनोज साहको उल्लिखित पोल निजले उपशाखा प्रमुखसमक्ष आफूले रकम हिनामिना गरेको स्वीकार गरी निवेदन दिई सनाखतसमेत गरेको र प्रस्तुत रकम हिनामिना सबन्धमा छानबिन गरी रामहरि दाहालले दिएको प्रतिवेदनसमेतबाट खण्डन भएको देखिन्छ । यी प्रतिवादी मनोज साहको पोलबाहेक अन्य प्रमाणबाट विजयचन्द्र प्रसाद र सन्तोषकुमार गुप्ताले संस्थाको रकम अपचलन गर्ने कार्य गरेको पुष्टि हुन नआएकोले निजहरूको पदीय हैसियतकै आधारमा अभियोग दाबीअनुसार कसुर ठहर गर्नु न्यायोचित देखिन नआउने ।

सुरू जिल्ला अदालतले किर्ते कागजको १ नं. को कसुर गरेको ठहर गरेको देखिन्छ । सजायको हकमा यी प्रतिवादी मनोज साहसमेतलाई ठगीको महलको ४ नं. अनुसार कैद वर्ष ५ र बिगोबमोजिम जरिवाना गरेकोले किर्ते कागजको ७ नं. बमोजिम थप सजायसम्म नगरेको देखिन्छ । मुलुकी ऐन, दण्ड सजायको ४१ नं. मा एक कलमभन्दा बढी कलमको कैद ठेक्नुपर्दा ठूलो कलमको मात्र कैद ठेक्ने व्यवस्था भएको र यी प्रतिवादी मनोज साहलाई ठगीमा ५ वर्ष कैद भइसकेकोले किर्तेतर्फ कसुर कायम गरी सजायसम्म नबोलेको कुरालाई अन्यथा मान्नु पर्ने अवस्था देखिन नआउने ।

अत: उल्लिखित प्रमाण आधारबाट प्रतिवादी सन्तोषकुमार गुप्तालाई सफाइ दिने र प्रतिवादी मनोज साह र विजयचन्द्र प्रसादलाई अभियोग दाबीको कसुर ठहर गरेको सुरू बारा जिल्ला अदालतको फैसला केही उल्टी गरी सन्तोषकुमार गुप्ता र विजयचन्द्र प्रसादलाई सफाइ दिई प्रतिवादी मनोज साहका हकमा अभियोग दाबीको कसुर ठहर गर्ने गरेको पुनरावेदन अदालत, हेटौंडाको मिति २०६९।५।२६ को फैसला मिलेकै देखिँदा सदर हुने ।

इजलास अधिकृत: विदुरकुमार उपाध्याय
कम्प्युटर: संजय जैसवाल
इति संवत् २०७४ साल असार १४ गते रोज ४ शुभम् ।

**इजलास नं. ९**

१

**मा.न्या.श्री सारदाप्रसाद घिमिरे र मा.न्या.श्री पुरूषोत्तम भण्डारी,** ०७१-CR-१४११, डाँका चोरी, *नेपाल सरकार वि. रामबहादुर खड्कासमेत*

जाहेरीमा उल्लिखित बिगो बराबरको धनमाल डाँका गरेको भन्ने प्रमाणको अभावमा बरामदी गरगहना तथा प्रतिवादीहरूको बयानमा उल्लिखित नगदसहितको हिसाब गरी बिगो कायम गर्नु न्यायोचित हुने हुन्छ । तसर्थ बरामदी गरगहनाका आधारमा बिगो कायम गरी सोहीबमोजिम जरिवानाको डेढो बढाई जनही जरिवाना गरेको पुनरावेदन अदालत, बागलुङको फैसला मनासिब नै देखिने ।

करिब १६ तोला मात्र सुन बरामद भएपश्चात् यी प्रतिवादीलाई पुनः ततिम्बा बयान गराई बाँकी ६ तोलाको गहना बनाई बिक्री गरेको भनी बेहोरा लेखाएको पाइए तापनि ती गहना के थिए र कसलाई बिक्री गरेको हो सो बयानबाट खुल्न सकेको पाइँदैन । त्यसमा पनि अदालतमा समेत साबित हुने यी प्रतिवादीको बयानबाट पनि १६ तोला सुनको चुरा ९ लाखमा खरिद गरेको भन्ने देखिएको छ । सुनको तत्कालको बजार भाउले ९ लाखमा खरिद गरेको उक्त सुनको खरिदमा १५% भन्दा बढी नाफा भएको स्थितिसमेत देखिँदैन । त्यसमा पनि प्रतिवादीले चोरीको भन्ने जानीजानी उक्त सुन खरिद गरेको भनी देखिने प्रमाणको समेत अभाव रहेको छ । अनुमान तथा शंकाले मात्र फौजदारी कसुर प्रमाणित गर्ने आधार बन्ने होइन । तसर्थ प्रतिवादी राजेन्द्र वि.क. रसाइलीलाई आरोपित कसुरबाट सफाइ दिएको पुनरावेदन अदालतको फैसला मनासिब नै देखिने ।

उपर्युक्त तथ्य एवम् विवेचित आधार, कारण तथा प्रमाणसमेतबाट प्रतिवादीमध्येका रामबहादुर खड्का, रसबहादुर घर्तीमगर, वीरबहादुर वि.क. तथा सविन बुढामगरको हकमा डाँका गरेको ठहऱ्याई कैद वर्ष ६ जनही गरेको तथा प्रतिवादी राजेन्द्र वि.क. रसाइलीलाई आरोपित कसुरबाट सफाइ दिएको हदसम्मको सुरू पर्वत जिल्ला अदालतको मिति २०७१।१।१५ को फैसलालाई सदर गरी कसुर ठहर भएका प्रतिवादीहरू श्यामबहादुर खड्का भन्ने रामबहादुर खड्का, वीरबहादुर वि.क., रशबहादुर घर्तीमगर र सविन बुढामगरलाई दामासाहीले जरिवाना गरेको सुरू अदालतको मिति २०७१।१।१५ को फैसला सो हदसम्म केही उल्टी गरी कसुर ठहर भएका उक्त चारैजना प्रतिवादीहरूलाई कायम भएको बिगो रू.२३,०३,४०७।- को डेढी बढाई रू.३४,५५,५१०।५० जनही जरिवाना हुने ठहर गरेको पुनरावेदन अदालत, बागलुङको मिति २०७१।११।११ को फैसला मिलेकै देखिँदा सदर हुने ।

इजलास अधिकृत: महेन्द्रप्रसाद भट्टराई

कम्प्युटर: संजय जैसवाल

इति संवत् २०७४ साल फागुन १३ गते रोज १ शुभम् ।

२

**मा.न्या.श्री सारदाप्रसाद घिमिरे र मा.न्या.श्री डम्बरबहादुर शाही,** ०६८-CI-०१२४, निषेधाज्ञा, *अनबहादुर थापासमेत वि. रामवटी पुन मगर्नी*

यिनै निवेदक वादी श्री जनता प्राथमिक विद्यालयसमेत प्रतिवादी भएको घर जग्गा खिचोला मेटाई चलन चलाई पाउँ भन्ने मुद्दा रूपन्देही जिल्ला अदालतमा कारबाहीयुक्त अवस्थामा रहेको कुरा मिसिल सामेल रहेको तारिख पर्चाबाट देखिएको र सोही कुरालाई रूपन्देही जिल्ला अदालतको च.नं. २८६२ मिति २०७२।८।२ को पत्रबाट प्रस्तुत निषेधाज्ञा मुद्दाको अन्तिम टुङ्गो नलागेसम्मको लागि मुलुकी ऐन, अ.बं. १२ नं. बमोजिम मुल्तबीमा रहेको भनी उल्लेख गरी पत्र पठाएको देखिन्छ । यसरी विवादित जग्गाका सम्बन्धमा सम्बन्धित सक्षम निकायसमक्ष मुद्दा दायर भई कारबाहीयुक्त देखिएको अवस्थामा यी निवेदकको

वैकल्पिक उपचार नभएको भन्न सकिने अवस्था नरहने।

निषेधाज्ञा जारी हुनका लागि जुन सम्पत्तिसम्बन्धी हकमा आघात पर्ने भनिएको हो सो सम्पत्तिमा निवेदकको पूर्ण हक (Absolute Right) अथवा विवादरहित हक (Undisputed Right) हुनुपर्ने हुन्छ। जग्गा खिचोलाका विषयमा हक बेहकमा मुद्दा चलिरहेको अवस्थामा उक्त जग्गामा यी निवेदकको अहिले नै पूर्ण हक रहेको भन्न सकिने अवस्था नदेखिँदा पुनरावेदन अदालत, बुटवलबाट भएको फैसलासँग सहमत हुन नसकिने।

तसर्थ विवेचित आधार कारण र प्रमाणहरूबाट निवेदक र प्रत्यर्थीबीच रहेको जग्गा विवादका विषयमा सम्बन्धित निकायबाट हक बेहकमा निर्णय हुने नै हुँदा वैकल्पिक उपचारको बाटो अवलम्बन गरिसकेको अवस्थामा निषेधाज्ञाको माध्यमबाट निर्णय दिन मिल्ने नदेखिँदा विपक्षीहरूका नाउँमा निषेधाज्ञाको आदेश जारी हुने ठहरी भएको पुनरावेदन अदालत, बुटवलको मिति २०६८।३।६ को निर्णय मिलेको नदेखिँदा उल्टी भई पुनरावेदन अदालत, बुटवलबाट मिति २०६७।११।१५ मा जारी भएको अन्तरिम आदेशसमेत निष्क्रिय हुने।

इजलास अधिकृत: मनिराम ज्ञवाली

कम्प्युटर: संजय जैसवाल

इति संवत् २०७५ साल वैशाख १२ गते रोज ४ शुभम्।

## इजलास नं. १०

१

**मा.न्या.श्री मीरा खड्का र मा.न्या.श्री डम्बरबहादुर शाही,** ०७४-CR-०५१०, कर्तव्य ज्यान, *विजय घिसिङ लामा वि. नेपाल सरकार*

मृतकले यी पुनरावेदकलाई छुरी र वियरको बोतल प्रहार गरेको भए त्यसको प्रतिकार गर्दा पुनरावेदकको शरीरमा कुनै घाउचोटसमेत देखिनु पर्नेमा मिसिल संलग्न कागजातबाट सो अवस्थासमेत देखिँदैन। साथै मानिसलाई धकेल्दा धकेलिने व्यक्तिको घाँटीमा छुरी आफैँ रेटिन जान सक्ने अवस्थासमेत हुन सक्दैन। पुनरावेदकले मृतकसँगको सामान्य विवादमा पनि भान्सामा गएर धारिलो हतियार छुरी ल्याएको देखिएबाट पनि निजको मृतकलाई मार्ने मनसाय प्रस्ट देखिने।

प्रस्तुत मुद्दामा यी पुनरावेदक प्रतिवादी विजय घिसिङ लामालाई मुलुकी ऐन, ज्यानसम्बन्धी महलको १३ नं.को देहाय १ अनुसार कसुरदार ठहऱ्याई निजलाई सर्वस्वसहित जन्मकैद सजाय हुने ठहऱ्याएको उच्च अदालत, विराटनगर इलाम इजलासको फैसला मिलेको देखिए पनि मुलुकी अपराध (संहिता) ऐन, २०७४ ले सर्वस्व हुने गरी सजाय नगरिने व्यवस्था गरेको सन्दर्भमा सम्बन्धित कानूनी व्यवस्थाहरू उल्लेख गर्न सान्दर्भिक हुने देखिने।

तत्कालीन मुलुकी ऐन, ज्यानसम्बन्धी महलको १३ नं. को देहाय(१) मा रहेको उपर्युक्त व्यवस्थाको सन्दर्भमा प्रस्तुत मुद्दामा उच्च अदालत, विराटनगर इलाम इजलासबाट यी पुनरावेदक प्रतिवादीलाई ऐ. महलको १३ (१) नं. बमोजिम सर्वस्वसहित जन्मकैदको सजाय गरेको मिलेको देखिन आए पनि मुलुकी अपराध (संहिता) ऐन, २०७४ दफा ४०(२), फौजदारी कसुर (सजाय निर्धारण तथा कार्यान्वयन) ऐन, २०७४ को दफा ५ र केही नेपाल कानूनलाई संसोधन एकीकरण समायोजन र खारेज गर्ने ऐन, २०७४ को दफा ३९(२)(ख) मा उपर्युक्त व्यवस्था रहेको तथा यही भाद्र १ गतेदेखि लागू भइसकेको सन्दर्भमा प्रस्तुत मुद्दामा यी पुनरावेदक प्रतिवादीलाई सर्वस्वको सजाय नहुने भई प्रतिवादी विजय घिसिङ लामालाई जन्मकैद सजाय हुने।

इजलास अधिकृतः भगवती शर्मा ढुङ्गाना

इति संवत् २०७५ साल भदौ ३ गते रोज १ शुभम्।

२

**मा.न्या.श्री मीरा खड्का र मा.न्या.श्री डम्बरबहादुर शाही,** ०६७-CI-०७३३, घरबाट उठाई जग्गा खिचोला चलन, *रामप्रसाद रेग्मी वि. किसनराज रेग्मी*

जिल्ला महोत्तरी २५ नं. बहादुरगन्ज गा.वि.स. वडा नं.१(ग) कि.नं.५४३ को ०-३-१६ जग्गा प्रत्यर्थी वादी किसनराज रेग्मीको र ऐ. कि.नं.५४४ को ०-३-१६ जग्गा पुनरावेदक प्रतिवादी रामप्रसाद रेग्मीको नाउँमा दर्ता रहेको सुरू मिसिल संलग्न जग्गाधनी दर्ता स्रेस्ताको प्रतिलिपिबाट देखिन्छ। पुनरावेदक प्रतिवादी रामप्रसाद रेग्मीले पुनरावेदन अदालत, जनकपुरले खिचोला ठहर गरेको न.नं.८ को जग्गा र सोमा भएको घर मैले २०५७ सालमा नै बनाई मेरो भोगमा रहेको भन्ने पुनरावेदन जिकिर लिएका सम्बन्धमा विचार गर्दा प्रत्यर्थी वादी किसनराज रेग्मीले यिनै पुनरावेदक प्रतिवादी रामप्रसाद रेग्मीउपर विवादकै कि.नं.५४३ जग्गाको पूर्व दक्षिणतर्फबाट लगभग ४ धुर जग्गा विपक्षी रामप्रसाद रेग्मीले आफ्नो जग्गामा घुसाई घरको निव खनी घर बनाउने सम्भावना देखाई मिति २०६२।६।२ मा रिट नं.६५ को निषेधाज्ञा मुद्दा पुनरावेदन अदालत, जनकपुरमा दिएकोमा निषेधाज्ञाको आदेश जारी हुने गरी मिति २०६२।९।२६ मा आदेश भएको देखिने।

पुनरावेदक प्रतिवादीले प्रमाणमा आएको उक्त निषेधाज्ञा मुद्दामा आफूले लिखित जवाफ फिराउँदा विवादित जग्गामा २०५७ सालमा नै घर निर्माण भइसकेको भनी भन्न सकेको पाइँदैन । साथै मिति २०६२।७।११ मा दिएको लिखित जवाफको बेहोरामा मैले आफ्नो दक्षिणतिरको जग्गामा घर बनाई छत ढलान गर्ने काम बाँकी छ भनी उल्लेख गरेबाट विवादित जग्गामा २०५७ सालमा घर बनाएको भन्ने जिकिरसँग सहमत हुन सकिएन। तसर्थ मिति २०६३।१।२१ मा परेको प्रस्तुत घर उठाई जग्गा खिचोला चलन मुद्दाको फिराद हदम्याद नाघी दर्ता हुन आएको मान्न नमिल्ने।

न.नं.६, ७, ८ र कि.नं.५४४ अन्तर्गतका जग्गाहरूको क्षेत्रफल जोड्दा पुनरावेदक प्रतिवादीले खरिद गरेको जग्गाको क्षेत्रफल ०-३-१६ भन्दा बढी नै जग्गा प्रतिवादीको रहेको पाइयो। नक्सा कुण्डलीमा न.नं.८ को घरजग्गा विवादित जनाई प्रतिवादीको भोगमा रहेको देखिएको र नक्सा मुचुल्कालाई प्रतिवादी स्वयम्ले स्वीकार गरी सहिछापसमेत गरेको अवस्थामा देखिन्छ। न.नं.८ को जग्गा यी पुनरावेदकले आफ्नो हो र आफ्नो जग्गामा घर बनाएको भनी जिकिरसमेत लिन सकेको नपाइने।

अत: वादी दाबीको कि.नं.५४३ को पूर्वबाट अन्दाजी ०-०-४ जग्गामा प्रतिवादीले न.नं.८ को घर बनाई खिचोला गरेको घर उठाई चलन पाउने ठहऱ्याएको पुनरावेदन अदालत, जनकपुरको मिति २०६६।१२।२६ को फैसला मिलेकै देखिँदा सदर हुने।

इजलास अधिकृत: सुदीपकुमार भट्टराई
कम्प्युटर: उत्तरमान राई
इति संवत् २०७४ साल माघ ३ गते रोज ४ शुभम्।

## इजलास नं. ११

१

**मा.न्या.श्री हरिकृष्ण कार्की र मा.न्या.डा.श्री आनन्दमोहन भट्टराई,** ०७३-CR-००८४, वैदेशिक रोजगार कसुर, *छिरिङ डिकी भुटिया वि. नेपाल सरकार*

जाहेरी दरखास्तको आधारमा अभियोग लगाइएको स्थितिमा जाहेरवालाले जाहेरी बेहोराको प्रतिकूल हुने गरी बकपत्र गरेको अवस्थामा अन्यथा प्रमाणित नभएसम्म अभियोग दाबी निष्प्रयोजन हुन जान्छ । जाहेरवालाले गरेको प्रतिकूल बकपत्रलाई खण्डन हुने गरी प्रमाण पेस गर्न सकेको खण्डमा मात्र प्रमाणमा लिन मिल्ने।

प्रस्तुत मुद्दामा अन्य प्रमाणबाट प्रतिवादीको वैदेशिक रोजगारसम्बन्धी क्रियाकलापमा संलग्नता

रहेको वा जाहेरवालालाई वैदेशिक रोजगारमा पठाउन पैसा लिएको भन्ने पुष्टि हुन नसकिरहेको अवस्थामा अनुमान र शंकाको भरमा कसुरदार ठहर गर्नु फौजदारी कानून र न्यायको सिद्धान्तप्रतिकूल हुन जान्छ। यस्तो अवस्थामा प्रतिवादीले अभियोग दाबीबमोजिमको कसुर गरेको भनी पुष्टि हुन सक्ने अवस्था नहुँदा अभियोग दाबीबमोजिम सजाय गर्न न्यायोचित हुने नदेखिने।

अतः विवेचित आधार, कारण र प्रमाणसमेतबाट प्रतिवादी छिरिङ डिकी भुटियालाई अभियोग दाबीबमोजिम १ वर्ष ६ महिना कैद र रू.१,५०,०००।- जरिवाना हुने ठहरी वैदेशिक रोजगार न्यायाधिकरणबाट मिति २०७३।१।२८ मा भएको फैसला नमिलेको देखिँदा उल्टी भई प्रतिवादी छिरिङ डिकी भुटियाले अभियोग दाबीबाट सफाइ पाउने।

इजलास अधिकृत: विष्णुप्रसाद आचार्य

कम्प्युटर: सिजन रेग्मी

इति संवत् २०७४ साल भदौ २३ गते रोज ६ शुभम्।

२

**मा.न्या.श्री हरिकृष्ण कार्की र मा.न्या.श्री टंकबहादुर मोक्तान,** ०६९-WO-११४२, उत्प्रेषण / परमादेश, *रामचन्द्र गुप्ता वि. नेपाल विद्युत् प्राधिकरण, के.का. दरबारमार्ग, काठमाडौंसमेत*

निवेदकले उमेर, नाम र जात सच्चाउने नियमहरू, २०१७ बमोजिम आधिकारिक निकायबाट शैक्षिक योग्यताको प्रमाणपत्रको उमेर सच्चाउने निर्णय गराएको नदेखिएको, निवेदकले सेवा प्रवेश गर्दा भरेको सिटरोल फाराम र निवेदकले निवेदनसाथ पेस गरेको एस.एल.सी.को चारित्रिक प्रमाणपत्र देखिन्छ । निवेदकले उमेर सच्चाउन सम्बन्धित विद्यालयको सिफारिस पठाएकोमा परीक्षा नियन्त्रण कार्यालयबाट मिति २०६९।१०।१० मा दिएको पत्रमा कार्यालयमा रहेको अभिलेखअनुसार निजको जन्ममिति २०१२।२।१२ भएको भनी उल्लेख गरेको देखिन्छ । त्यसैगरी गृह मन्त्रालयको मिति २०५३।२।१ को पत्रमा नागरिकता प्रमाणपत्र र शैक्षिक योग्यताको प्रमाणपत्रमा उल्लिखित जन्ममिति फरक परेमा एस.एल.सी. वा सोसरहको शैक्षिक योग्यताको प्रमाणपत्रमा लेखिएको जन्ममितिलाई आधार मान्ने भनी मिति २०५०।११।१६ मा श्री ५ को सरकार मन्त्री परिषद्द्वारा निर्णय भएको, सोभन्दा मुनिको शैक्षिक योग्यता हुनेको हकमा शैक्षिक योग्यताको प्रमाणपत्रलाई नै आधार मान्ने र सो आधार शंकास्पद देखिन आएमा सम्बन्धित जिल्ला शिक्षा कार्यालय बुझी प्रमाणित हुन आए मात्र त्यसलाई आधार मान्ने भन्ने उल्लेख भएको देखिन्छ। यी निवेदकको शैक्षिक योग्यताको प्रमाणपत्र एस.एल.सी. र सोभन्दा पनि माथि रहेको अवस्थामा एस.एल.सी. वा सोसरहको शैक्षिक योग्यताको प्रमाणपत्रमा लेखिएको जन्ममितिलाई आधार मान्नु पर्ने हुँदा सम्बन्धित जिल्ला शिक्षा कार्यालयले गरेको सिफारिसलाई आधार मान्न मिल्ने नदेखिने।

अतः यी निवेदक आफैँले भरेको सिटरोल फाराम र एस.एल.सी.को चारित्रिक प्रमाणपत्र तथा परीक्षा नियन्त्रण कार्यालयबाट मिति २०६९।१०।१० मा दिएको पत्रमा समेत निजको जन्ममिति २०१२।२।१२ भनी उल्लेख भएको देखिएको र निज निवेदक नेपाल विद्युत् प्राधिकरणको मिति २०६९।९।२७ को पत्रअनुसार मिति २०७०।२।१२ मा सेवा निवृत्त भई उक्त पत्रअनुसारको काम नै सम्पन्न भई प्रस्तुत निवेदनको औचित्यसमेत समाप्त भइसकेको हुँदा निवेदन मागबमोजिम निजको जन्ममिति २०१५।८।९ कायम गरी सोअनुसार निजलाई ५८ वर्ष उमेर पुग्ने अवधिसम्म सेवामा काम गर्न दिनु भनी परमादेशसमेतको आदेश जारी गर्नुपर्ने अवस्था विद्यमान नदेखिने।

तसर्थ उल्लिखित तथ्य, प्रमाण र कानूनका आधारमा भरेको सिटरोल फाराम र एस.एल. सी.को चारित्रिक प्रमाणपत्र तथा परीक्षा नियन्त्रण

कार्यालयबाट मिति २०६९।१०।१० मा दिएको पत्रमा समेत निजको जन्ममिति २०१२।२।१२ भनी उल्लेख भएको देखिएको र नेपाल विद्युत् प्राधिकरणको मिति २०६९।९।२७ को पत्रअनुसार मिति २०७०।२।१२ मा निवेदक सेवा निवृत्त भई उक्त पत्रअनुसारको काम नै सम्पन्न भई प्रस्तुत निवेदनको औचित्यसमेत समाप्त भइसकेको हुँदा निज निवेदकको जन्ममिति २०१५।८।९ कायम गरी सोअनुसार निजलाई ५८ वर्ष उमेर पुग्ने अवधि मिति २०७३।८।९ सम्म सेवामा काम गर्न दिनु भनी परमादेशसमेतको आदेश जारी गर्नुपर्ने अवस्था विद्यमान नदेखिएकाले निवेदन मागबमोजिम परमादेशसमेतको आदेश जारी गर्नु परेन। प्रस्तुत रिट निवेदन खारेज हुने।

उपरजिस्ट्रार: शिवलाल पाण्डेय

कम्प्युटर: सिजन रेग्मी

इति संवत् २०७४ साल फागुन ८ गते रोज ३ शुभम्।

३

**मा.न्या.श्री हरिकृष्ण कार्की र मा.न्या.श्री टंकबहादुर मोक्तान,** ०७२-CR-०८८७, आवेशप्रेरित हत्या कर्तव्य ज्यान, *नेपाल सरकार वि. दिपक खत्री*

फौजदारी अपराध हुनको लागि आपराधिक कार्य (Actus reus) र आपराधिक मनसाय (Mens rea) हुनै पर्दछ । आपराधिक कार्यमा आपराधिक मनसाय (Mens rea) को कुन प्रकृतिको विद्यमानता रहेको छ भन्ने कुरा सजाय निर्धारणमा महत्त्वपूर्ण हुन्छ । मानसिक तत्त्वको स्वरूपको आधारमा नै अपराधको गाम्भीर्य मापन गरी दायित्व बहन गराउने गरिन्छ । अनिच्छित तथा अन्जानमा भएको कामको लागि गम्भीर कसुर मानी दण्डित गरिनु न्याय र कानूनका मान्य सिद्धान्तको विपरीत हुने।

आवेशप्रेरित हत्यामा तत्कालै उठेको रिसको कारण मौकामा प्रहार गरी हत्या गरेको हुँदा त्यसमा मनसाय तत्त्वको अभाव रहन्छ । आवेशमा उत्तेजित अवस्था कुन हदसम्म थियो भनी गणितीय हिसाबले यकिन गर्न नसकिने भए पनि प्रतिवादी र मृतकबीचको सम्बन्ध र व्यवहार, मानवीय संवेदनशीलता, कुनै खास घटना वा परिस्थिति जस्ता कुरालाई आँकलन गर्न सकिन्छ। आवेशको उत्तेजना मृतकको क्रियाकलापबाट अचानक उत्पन्न भई त्यसको प्रभावले अभियुक्तले क्षणिकरूपमा आत्मनियन्त्रण गुमाएको अवस्था हुनुपर्ने। आवेशप्रेरित हत्यामा पीडितको कुनै कार्यबाट प्रतिवादी उत्तेजित भई आवेशमा आई आत्मनियन्त्रण गुमाई पीडितको कार्यको प्रतिक्रियाको रूपमा तत्कालीन अवस्थामा नै पीडितउपर हमला गरेको र सोही कारणबाट पीडितको मृत्यु भएको हुन्छ। यस्तो अवस्थामा प्रतिवादीले आंशिक प्रतिरक्षाको जिकिर लिन र प्रमाणित भएमा सो सुविधा प्राप्त हुन सक्ने।

भवितव्यलाई आकस्मिक घटना वा दुर्घटनाको रूपमा लिइन्छ। यसलाई दुर्घटनाको रूपमा लिइने हुँदा भवितव्य हुनलाई घट्न पुगेको घटना घटाउनेसम्मको कुनै कारण तथा रिसइवी नभएको देखिनु पर्ने, आफूले गरेको कामबाट कुनै दुष्परिणाम आउन सक्ने अवस्था तथा सम्भावना नरहेको देखिनु पर्ने, त्यस्तो दुष्परिणामको इच्छा तथा पूर्वज्ञानसमेत नभएको हुनुपर्ने साथै वैध काम वैध साधनको प्रयोग गरी पर्याप्त सावधानी अपनाई गरेको पनि पुष्टि हुनुपर्दछ। भवितव्य हत्यामा प्रतिवादीले मानिसउपर ताकेर प्रहार गरेको नभई सावधानीपूर्वक कुनै कार्य गर्दा दुर्भाग्यवश वा भवितव्यवश मानिसलाई लाग्न गई सो कारणबाट मानिसको मृत्यु भएको हुन्छ । त्यस्तो अवस्थामा ज्यानसम्बन्धीको महलको ५ नं. आकर्षित हुने र प्रतिवादीले सोअन्तर्गतको सुविधा प्राप्त गर्न सक्ने।

प्रतिवादी दिपक खत्रीको चोटको कारण मृतक श्रीधर खत्रीको मृत्यु भएको नभई मृतकले अत्याधिक रक्सी खाएको अवस्था हुँदा बाबु छोराबीच धकेला धकेल हुँदा लडेर ढुङ्गाको सिलौटामा ठोक्किएर टाउकोमा चोट लागेको कारणबाट मृतक श्रीधर खत्रीको मृत्यु भएको भन्ने जाहेरवाला पूर्णबहादुर खत्री र घटना

विवरण कागज गर्ने खमिसरा खत्रीको बकपत्रबाट देखिएको र सो कुरालाई Autopsy Report बाट पनि पुष्टि हुन आएको देखिएको, कुनै हतियार प्रयोग भएको पनि नदेखिएको, मार्ने मनसायसमेत नरहेको अवस्थामा आकस्मिक रूपमा भएको कार्य मुलुकी ऐन, ज्यानसम्बन्धी महलको १४ नं. मा परिभाषित कसुरभित्रको आवेशप्रेरित हत्याअन्तर्गतको नदेखिई मुलुकी ऐन, ज्यानसम्बन्धी महलको ५ नं. मा परिभाषित कसुरभित्रको देखियो । यस अवस्थामा प्रतिवादीलाई अभियोग दाबीबमोजिम मुलुकी ऐन, ज्यानसम्बन्धी महलको १४ नं. बमोजिम सजाय नगरी मुलुकी ऐन, ज्यानसम्बन्धी महलको ५ नं. को कसुरमा ऐ.६(२) नं. बमोजिम १ (एक) वर्ष कैद सजाय गर्ने गरी भएको सुरू फैसला सदर गर्ने गरी पुनरावेदन अदालत, तुलसीपुरबाट भएको फैसलालाई अन्यथा मान्नु पर्ने नदेखिने।

तसर्थ माथि विवेचित आधार कारणसमेतबाट मृतक श्रीधर खत्रीको मृत्यु लडेर सिलौटामा ठोक्किएर भएको भन्ने जाहेरवाला तथा मौकाका मानिसहरूको बकपत्रबाट देखिएको र सो कुरालाई Autopsy Report बाट पनि पुष्टि हुन आएको देखिएको, कुनै हतियार प्रयोग भएको पनि नदेखिएको, मार्ने मनसायसमेत नरहेको अवस्थामा मुलुकी ऐन, ज्यानसम्बन्धी महलको १४ नं. मा परिभाषित कसुरभित्रको आवेशप्रेरित हत्याअन्तर्गतको कसुरबाट भएको नदेखिई मुलुकी ऐन, ज्यानसम्बन्धी महलको ५ नं. मा परिभाषित कसुरभित्रको भवितव्य ज्यानअन्तर्गतको कसुरबाट भएको देखिएकाले प्रतिवादी दीपक खत्रीलाई मुलुकी ऐन, ज्यानसम्बन्धी महलको ५ नं. को कसुरमा ऐ.६(२) नं. बमोजिम १ (एक) वर्ष कैद सजाय गर्ने गरी सुरू दाङ देउखुरी जिल्ला अदालतबाट मिति २०७०।११।६ मा भएको फैसला सदर गर्ने गरी पुनरावेदन अदालत, तुलसीपुरबाट मिति २०७१।८।८ मा भएको फैसला मिलेको देखिँदा सदर हुने।

उपरजिस्ट्रार: शिवलाल पाण्डेय

इति संवत् २०७४ साल पुस ४ गते रोज ३ शुभम्।

## इजलास नं. १२

१

**मा.न्या.श्री विश्वम्भरप्रसाद श्रेष्ठ र मा.न्या.डा.श्री आनन्दमोहन भट्टराई,** ०६७-WO-०१८८, उत्प्रेषण / परमादेश, *उमेशकुमार यादव वि. गाउँ विकास समितिको कार्यालय, मुवलवा रौतहटसमेत*

निवेदकलाई सेवाबाट अवकाश दिने गरी भएको निर्णय विशेष सजाय भएको र सो निर्णय गर्नुअघि निवेदक स्थायी कर्मचारी भएको कारण नियम २३१ अन्तर्गतको कार्यविधि पूरा गरी स्पष्टीकरण माग गरी सो स्पष्टीकरणमा चित्त नबुझेमा मात्र विशेष सजाय गर्नुपर्ने देखिन्छ । निवेदकलाई गरेको सजाय विशेष सजायअन्तर्गतको भएकोले यस प्रकृतिको सजाय नियम २३० बमोजिम गाउँ विकास समितिले मात्र गर्न सक्ने देखिन्छ। निवेदकलाई दिइएको अवकाश पत्र हेर्दा अवकाश दिने निर्णय गाउँ परिषद्को बैठकबाट भएको देखियो। नियम २३० को कानूनी व्यवस्था हेर्दा विशेष सजाय गाउँ विकास समितिले मात्र दिन सक्नेमा गाउँ परिषद्को बैठकबाट मिति २०६६।७।८ गते दिइएको भनिएको अवकाश स्थानीय स्वायत्त शासन नियमावली, २०५६ को दफा २३० को प्रतिकूल देखिई क्षेत्राधिकारको त्रुटिसमेत देखिन आउने।

न्यायिक निर्णय होस् वा अर्ध न्यायिक प्रकृतिको निर्णय होस् ती निर्णयहरू गर्दा आरोपित व्यक्तिलाई लागेको आरोपको पुष्टि वा खण्डन गर्दा प्रचलित कानूनको आधारमा आरोपितलाई लगाएको आरोपको स्वतन्त्र तथा शंकारहित तवरबाट पुष्टि हुने गरी आधार कारण खोली प्राकृतिक न्यायको

सिद्धान्तको पूर्ण पालना हुने गरी निर्णय गरिनु पर्छ । नियमित रूपमा तोकिएको जिम्मेवारी पूरा गरिरहेका एउटा राष्ट्र सेवकलाई आधार र कारण नखोली केवल औपचारिकता पूरा गर्ने मनसायपूर्वक स्वेच्छाचारी तवरले गरिएका निर्णय राष्ट्र सेवक कर्मचारीहरूलाई कारबाही गर्नेसम्बन्धी प्रचलित कानून तथा यस अदालतबाट समय समयमा प्रतिपादित सिद्धान्तका दृष्टिले उपयुक्त मान्न नसकिने ।

विवादित विषयमा निर्णय गर्ने अधिकारीले कानूनबमोजिम आफूमा भएको निर्णय गर्ने अधिकारको प्रयोग गर्दा निजको कानूनबमोजिमको जिम्मेवारी र निजलाई कानूनले तोकेको अधिकारको सीमाको अधीनमा रही निर्णय गर्नुपर्नेमा कानूनसम्मत तवरले स्थायी नियुक्ति प्राप्त गरी परीक्षणकाल व्यतित गरेका कर्मचारीलाई स्थानीय स्वायत्त शासन नियमावली, २०५६ को नियम २३१, २३२ र २३३ को कार्यविधि पूरा नगरी नियम २३० को विपरीत हुने गरी दिइएको मिति २०६६।७।८ गतेको गाउँ परिषद्को निर्णय र स्थानीय विकास मन्त्रालयका सचिवले गरेको मिति २०६७।३।३२ गतेको निर्णय प्रचलित कानून तथा प्राकृतिक न्यायको सिद्धान्तका दृष्टिले प्रतिकूल देखिन आउने ।

कानूनले अधिकार नदिएको विषयमा निर्णय गर्न नमिल्ने हुँदा आफूलाई अख्तियार नभएको निकाय गाउँ परिषद्ले गाउँ विकास समितिले प्रयोग गर्ने नियम २२९ र २३० को अधिकार प्रयोग गरी निवेदकलाई सेवाबाट अवकाश दिने भनी गरेको गरेको निर्णय स्वत: शून्य हुने देखिन आउने ।

तसर्थ, विवेचित तथ्य स्थानीय स्वायत्त शासनसम्बन्धी कानून तथा आधार कारणको रोहमा मुडवलवा गाउँ परिषद्को बैठकबाट निवेदक उमेशकुमार यादवलाई कार्यालय सहायक पदबाट मिति २०६६।७।८ गते अवकाश दिने भनी गरिएको निर्णय र सो निर्णयउपर परेको पुनरावेदन खारेज गर्ने गरी स्थानीय विकास मन्त्रालयबाट मिति २०६७।३।३२ गते गरेको निर्णय स्थानीय स्वायत्त शासन नियमावली, २०५६ को नियम २३० र २३५ को विपरीत देखिँदा उत्प्रेषणको आदेशद्वारा बदर गरिदिएको छ । अब निजलाई तुरून्त पुनर्वहाली गराई मिति २०६६।७।८ गते अवकाश दिइएको दिनदेखि निजको पुनर्बहाली नभएसम्म निजको पदमा बहाल रहेकाले पाएसरहको तलब भत्तालगायतको सम्पूर्ण सेवा सुविधाहरू उपलब्ध गराउनु भनी विपक्षीका नाउँमा परमादेशसमेत जारी हुने ।

इजलास अधिकृत: दुर्गाप्रसाद भट्टराई

इति संवत् २०७४ साल पुस २३ गते रोज १ शुभम् ।

२

**मा.न्या.श्री विश्वम्भरप्रसाद श्रेष्ठ र मा.न्या.डा.श्री आनन्दमोहन भट्टराई,** ०७०-WO-०२८८, उत्प्रेषण / परमादेश, *देवेन्द्र न्यौपानेसमेत वि. शिक्षा मन्त्रालय, सिंहदरबार, काठमाडौंसमेत*

सामुदायिक विद्यालयको सञ्चालन, रेखदेख र व्यवस्थापनको लागि ऐनको दफा १२ ले विद्यालय व्यवस्थापन समितिको व्यवस्था गरेको छ । सो समितिमा अभिभावक, स्थानीय तहका पदाधिकारी, बुद्धिजीवी, शिक्षाप्रेमी, चन्दादाता, संस्थापक र विद्यालयका शिक्षकसमेत रहन्छन् । प्रधानाध्यापकले सो समितिको सदस्य सचिवको काम गर्दछन् । यस्तो सर्वपक्षीय प्रतिनिधित्व रहेको व्यवस्थापन समितिले विद्यालयको व्यवस्थापन गर्ने सन्दर्भमा कुनै गुरूयोजना बनाउँदैन, दीर्घकालीन सोच राखेर कुनै कार्य गर्दैन, केवल आफ्नो गठमेलका शिक्षक कर्मचारी भर्ना गर्ने र संस्थागत हितभन्दा व्यक्तिगत वा वर्गीय हितमा कार्य गर्छ भन्ने कुरा सोच्न पनि सकिँदैन । यस्तो गर्नु "व्यवस्थापन" शब्दको उपहास गरेको मान्नुपर्ने ।

प्रमुख जिल्ला अधिकारी, मालपोत कार्यालयका प्रमुख, जिल्ला शिक्षा अधिकारी जस्ता जिल्ला स्तरीय महत्त्वपूर्ण पदाधिकारीहरू संलग्न

समितिले विद्यालयले जग्गा बेच्न वा भाडा लगाउने नाममा विद्यालयको जग्गाको खण्डीकरण हुँदा र लामो समयको लागि भाडावाला पक्षले संरचना बनाउँदासमेत रोक्न खोजेको देखिँदैन । विद्यालयले जस्तो अनुमति माग्यो त्यस्तै अनुमति दिने कार्य सो समितिले गरेको देखिन्छ। शिक्षा नियमावलीको नियम १६० ले विद्यालयको नामको जग्गा बिक्री वा धितो राख्न प्रतिबन्ध लगाएको छ । तर विद्यालयको हित सम्बर्द्धन यसरी हुन्छ भन्ने कुरा स्पष्ट नगरी ५० वर्ष जग्गा भाडामा दिँदा जग्गा बेचेजस्तै हुन्छ भन्नेसम्म पनि विद्यालय व्यवस्थापन समिति वा सम्पत्ति संरक्षण समिति कसैले हेक्का राखेको देखिएन । सहमति दिँदा सहज रूपमा दिने तर कुनै जिम्मेदारी वा उत्तरदायित्व बोक्नु पर्दा पन्छिने आम प्रवृत्ति यहाँ पनि देखियो । त्यसैले चितवन उच्च मा.वि. को जग्गा बेच्ने भाडा दिनेसमेतका समग्र कार्यहरूमा विद्यालय व्यवस्थापन समिति र विद्यालय सम्पत्ति संरक्षण समितिले चरम लापरवाही गरेको देखिने।

पेट्रोल पम्पलाई भाडामा दिएको जग्गाको हकमा सो करार बदर गर्ने प्रमुख जिल्ला अधिकारीबाट २०६९।२।२ मा निर्णय भइसकेको र सोउपर रविन्द्रकुमार पियाको पुनरावेदन (०७०-CR-०५०५) परेकोमा उक्त निर्णय सदर गरेको विशेष अदालतको २०६९।११।६ को फैसला आजै सदर हुने फैसला भएकोबाट पेट्रोल पम्पले उपयोग गरेको जग्गा विद्यालयले फिर्ता लिई व्यवस्थापन गर्न सकिने स्थितिको सिर्जना भएको छ। अन्य भाडाका करारहरू पनि कानूनबमोजिम पुनरावलोकन गरी विद्यालयको हित संरक्षण गर्न विद्यालय व्यवस्थापन समिति र विद्यालय सम्पत्ति संरक्षण समितिले समन्वयात्मक रूपमा कार्य गरी निर्णय गर्न सक्ने नै हुन्छ। त्यसैले यहाँ यति भन्नु पर्याप्त हुन्छ कि माथि गरिएको विश्लेषणबाट चितवन उच्च माध्यमिक विद्यालयको सम्पत्तिको सुरक्षा, संरक्षण र व्यवस्थापन गर्ने जिम्मेवारी भएका विद्यालय व्यवस्थापन समिति, प्रधानाध्यापक वा विद्यालय सम्पत्ति संरक्षण समिति, जिल्ला शिक्षा समितिसमेतबाट सो जिम्मेवारी उचित तवरमा निर्वाह भएको भन्न सकिने अवस्था नदेखिने।

जग्गा भाडाको सन्दर्भमा बिगतका भाडा सम्झौताबाहेक पनि रिट निवेदनमा विपक्षी उच्च मा.वि. ले राजमार्गसँग जोडिएको जग्गा भाडामा दिनेसम्बन्धी बोलपत्रको विषयलाई उठाइएको छ । लिखित जवाफ हेर्दा उक्त कुरालाई स्वीकार गर्दै २०७०।३।२५ मा बोलपत्र प्रकाशित गरी २०७०।४।३१ मा बोलपत्र स्वीकृत गरी संरक्षण निर्माण सेवालाई ब्लक A, C, D र देवकोटा मेडिकललाई ब्लक B भाडामा दिने निर्णय भएको कुरा उल्लेख गरिएको पाइयो । यस कार्यमा विद्यालय सम्पत्ति संरक्षण समितिबाट मिति २०६९।२।१४ मा अनुमति लिइएको भन्ने पनि लिखित जवाफमा उल्लेख गरिएको पाइयो। यस्तो अनुमति दिँदा विद्यालयको अधिकतम हितलाई ध्यानमा राखी भाडा लगाउनु भनी सहमति दिइएको भन्ने लिखित जवाफ छ । तर विद्यालयलाई चारैतिरबाट पर्खालले घेरा गरी विद्यालय वा बन्दीगृह के हो नछुट्टिने गरी केवल भाडा प्रयोजनको लागि संरचना बनाउने गरी करार गर्न मिल्छ भन्न मिल्ने नदेखिँदा विद्यालय सम्पत्ति संरक्षण समितिबाट दिइएको मिति २०६९।२।१४ को सहमति शिक्षा नियमावली, २०५९ को शब्द र मर्मअनुरूप नदेखिने।

विद्यालयको जग्गाको व्यवस्थापन प्राविधिक, शिक्षाविद्‌लगायतका सरोकारवालाहरूको संलग्नतामा एउटा गुरूयोजना निर्माण गरी विद्यालयको विकास एवम् दीर्घकालीन हितसमेतलाई मध्यनजर गर्दै गरिनु पर्छ । आज विद्यालय जे अवस्थामा छ त्यस्तै अव्यवस्थित र स्खलित अवस्थामा रहनुपर्छ भन्ने छैन यो विद्यालयभन्दा कम स्रोत साधन भएका विद्यालयहरूले पनि चुस्त व्यवस्थापनमार्फत प्रगति गरेका छन्। चितवन उच्च मा.वि. को लिखित जवाफ

हेर्दा त्यस्तो केही गरिएको मात्र होइन त्यसतर्फ आँखा खोलेर हेरिएकोसम्म पनि पाइएन । विद्यालयको हाता खुला र फराकिलो रहँदा, पर्याप्त खेल मैदान र बागबगैंचा कायम रहँदा आदर्श शैक्षिक वातावरण निर्माणमा मद्दत पुग्छ । चितवन उच्च मा.वि. को गतिविधिहरू हेर्दा जग्गा बिक्री गरी र भाडामा लगाई जग्गाको खण्डीकरण र विद्यालय हातालाई स्थायी रूपमा संकुचित बनाइएको पाइयो । यस दृष्टिबाट विद्यालय व्यवस्थापन समितिले ऐनको दफा १६ तथा नियमावलीको नियम १५८(१) अन्तर्गका दायित्व पूरा गरेको देखिएन । तसर्थ चितवन उच्च मा.वि. को कि.नं. १७२ को जग्गा भाडामा लगाउने विद्यालय व्यवस्थापन समितिको २०७०।३।९ को निर्णय र उक्त निर्णयबमोजिम २०७०।३।२५ मा प्रकाशित सूचना र त्यसपछि बोलपत्र खोल्ने भाडामा दिने आदि निर्णय र सो सन्दर्भमा गरिएका पत्राचारहरू समेत उत्प्रेषणको आदेशले बदर हुने ।

विद्यालयको खुल्ला जग्गा संकुचित बनाउनेतर्फ कुनै कार्य नगर्नु, अस्थायी टहराहरू भत्काउनु यसअघि भए गरेका भाडासम्बन्धी करारहरू विद्यालयको हितमा छन् वा छैनन् खुला रहेको जग्गा पुनः विद्यालयको कब्जा र भोगमा ल्याउन र गुरूयोजना समाहित गर्न सकिने अवस्था छ वा छैन सोसमेत हेरी विद्यालयको हितमा पुनरावलोकन गर्नू । भाडाको रकम दुरूपयोग हुन नदिई बैंकमा राखी विद्यालयको विकासमा खर्च गर्नु र भाडा संकलनलाई मात्र उद्देश्य बनाई विद्यालयको जग्गामा स्थायी संरचना निर्माण गर्ने गरी जग्गा लिजमा दिने कार्य नगर्नु नगराउनु भनी विपक्षीहरूका नाउँमा परमादेशको आदेशसमेत जारी हुने ।

इजलास अधिकृतः रामप्रसाद बस्याल

कम्प्युटर: रामशरण तिमिल्सिना

इति संवत् २०७३ साल फागुन ११ गते रोज ४ शुभम् ।

यसै लगाउको निम्न मुद्दाहरूमा पनि यसैअनुसार फैसला भएका छन्:-

- ०७०-WO-०४९४, उत्प्रेषण / परमादेश, *देवेन्द्र न्यौपानेसमेत वि. शिक्षा मन्त्रालय, सिंहदरबारसमेत*
- ०७१-WO-०१४७, उत्प्रेषण / परमादेश, *देवेन्द्र न्यौपानेसमेत वि. शिक्षा मन्त्रालय, सिंहदरबारसमेत*
- ०७१-WO-०७१६, उत्प्रेषण / परमादेश, *देवेन्द्र न्यौपानेसमेत वि. शिक्षा मन्त्रालय, सिंहदरबारसमेत*
- ०७२-WO-०२४९, उत्प्रेषण / परमादेश, *विष्णुहरि कोइरालासमेत वि. शिक्षा मन्त्रालय, सिंहदरबारसमेत*
- ०७२-MS-०००६, अदालतको अवहेलना, *विष्णुहरि कोइरालासमेत वि. शिक्षा मन्त्रालय, सिंहदरबारसमेत*

३

**मा.न्या.श्री विश्वम्भरप्रसाद श्रेष्ठ र मा.न्या.डा.श्री आनन्दमोहन भट्टराई,** ०७१-RC-०१६३, कर्तव्य ज्यान, *नेपाल सरकार वि. बुद्धिलाल जिमी*

मृतकको शरीरमा देखिएका यत्रतत्र घाउचोटबाट मृतकको मृत्यु भऱ्याङबाट लडेर भएको हो भन्न सक्ने विश्वासलायक अवस्थासमेत देखिएको छैन भऱ्याङबाट लडी मरेको तथ्यलाई मिसिल संलग्न कुनैपनि प्रमाण कागजले समर्थन गरेको देखिँदैन । मृतकको करङसमेत भाँचिने गरी चोट प्रहार गरेको देखिन्छ । साथै मृतकलाई पटकपटक प्रहार गरेको भन्ने पनि लासजाँच मुचुल्का पोस्टमार्टम रिपोर्टमा उल्लिखित बेहोराबाट पुष्टि हुन्छ । भऱ्याङबाट लडेको भन्ने कहीँकतै मिसिलबाट देखिन नआएको र मृतकलाई परेको घा चोटबाट पनि भऱ्याङबाट लडी घा चोट लागेको भन्ने पुष्टि हुन आउँदैन । अतः अधिकारप्राप्त अधिकारीसमक्ष प्रतिवादीले गरेको साबिती बयान, लासजाँच मुचुल्का, पोस्टमार्टमसमेतबाट समर्थित भएको पाइयो । यसबाट मृतकको मृत्यु भऱ्याङबाट

लडेर भएको नभई प्रतिवादीको कुटाईको चोटपटकबाट नै मृत्यु भएको पुष्टि हुन आउने।

अतः उल्लिखित आधार कारणबाट श्रीमती भगाएको रिसमा वृद्ध महिलालाई टर्चलाइटसमेतले बारम्बार मृत्यु नहुन्जेल कुटपिट गरेको र यसरी गरेको कुटपिटबाट वारदातस्थलमा नै मृतकको मृत्यु भएको देखिएबाट प्रतिवादीको मृतकलाई मार्ने मनसाय थिएन भनी मान्न मिल्ने देखिएन । मृतकलाई टर्चलाइटले शरीरका विभिन्न भागमा कुटपिट गरी कर्तव्य गरी मारेको देखिँदा अभियोग दाबीबमोजिम ज्यानसम्बन्धी महलको १३(३) नं. बमोजिम सर्वस्वसहित जन्मकैदको सजाय हुने गरी भएको पुनरावेदन अदालत, धनकुटाको मिति २०७२।१।८ को फैसला मिलेकै देखिँदा साधक सदर हुने।

इजलास अधिकृतः केदारनाथ पौडेल

इति संवत् २०७४ साल भदौ १५ गते रोज ५ शुभम्।

४

**मा.न्या.श्री विश्वम्भरप्रसाद श्रेष्ठ र मा.न्या.श्री बमकुमार श्रेष्ठ,** ०६८-CI-००४९, अंश नामसारी, *सोरठी थरूनीसमेत वि. चिन्नु थारू*

प्रतिवादीहरूले मिति २०२१।०१।०१ मा नै अंशबन्डा भई छुट्टिई भिन्न भएको भनी जिकिर लिएको पाइन्छ । सो मिति २०२१।०१।०१ मुलुकी ऐन, सातौं संशोधन, २०३४।०९।२७ भन्दा अघिको देखिँदा प्रस्तुत ३० नं. को कानूनी व्यवस्थाबमोजिम व्यवहार प्रमाणले वादी प्रतिवादीबीच अंशबन्डा भएको पुष्टि हुनुपर्ने देखिन्छ । वादी प्रतिवादी दुवै पक्ष तथा कुनै किसिमको प्रमाणबाट व्यवहार प्रमाणले वादी प्रतिवादीबीच मिति २०२१।०१।०१ मा अंशबन्डा भएको पुष्टि हुन सकेको देखिँदैन । यसरी रीतपूर्वक वा व्यवहार प्रमाणले वादी प्रतिवादीको बीचमा अंशबन्डा भएको नदेखिँदा अंशबन्डा गरिदिनु पर्ने नै देखिने।

मुलुकी ऐन, स्त्रीधनको महलको ४ र ५ नं. को कानूनी प्रावधानबमोजिम प्रतिवादी सोरठी थरूनीले आफ्नी आमाबाट प्राप्त गरेको कि.नं.११८ र ४० को जग्गाहरू माइती घरतर्फबाट आएकोले पैतृक सम्पत्ति भन्न मिल्ने देखिँदैन । राजीनामा थैली उल्लेख भए पनि सगोलको थैली हाली खरिद गरेको भन्ने स्पष्ट प्रमाण छैन । माइती आमाको नाउँबाट प्राप्त उक्त कि.नं.११८ र ४० को जग्गाहरू निजी आर्जन तथा स्त्रीधन भई बन्डा लाग्ने नदेखिँदा सो कित्ता जग्गासमेत बन्डा लाग्ने गरी पुनरावेदन अदालत, बुटवलबाट मिति २०६६।०२।२६ मा भएको फैसला सो कि.नं.११८ र ४० को हकमा सम्म मिलेको देखिएन। कि.नं.११८ र ४० को जग्गासमेत सगोलको पैतृक सम्पत्ति भई बन्डा लाग्ने हो भनी प्रत्यर्थी वादीतर्फबाट उपस्थित कानून व्यवसायीहरूले गर्नुभएको बहस जिकिरसँग सहमत हुन नसकिने।

तसर्थ, पुनरावेदक प्रतिवादी सोरठी थरूनीको नाउँमा दर्ता रहेको कि.नं.११८ र ४० को जग्गा प्रतिवादी सोरठी थरूनीको निजी आर्जनको देखिँदा बन्डा लाग्ने गरी पुनरावेदन अदालत, बुटवलबाट मिति २०६६।०२।२६ मा भएको फैसला सो हदसम्म मिलेको नदेखिँदा केही उल्टी भई सो कि.नं.११८ र ४० को जग्गा बन्डा नलाग्ने ठहर्छ । तायदातीमा उल्लिखित अरू सम्पत्ति बन्डा लाग्ने गरी भएको फैसला सो हदसम्म मिलेकै देखिँदा सदर हुने।

इजलास अधिकृतः कालीबहादुर साम्यु लिम्बू

इति संवत् २०७४ साल फागुन २३ गते रोज ४ शुभम्।

यसै लगाउका निम्न मुद्दाहमा पनि यसैअनुसार फैसला भएका छन्:

- ०६८-CI-००५०, हालैको बकसपत्र दर्ता बदर दर्ता नामसारी, *सोरठी थरूनीसमेत वि. चिन्नु थारू*
- ०६८-CI-००५१, हालैको बकसपत्र दर्ता बदर दर्ता नामसारी, *सोरठी थरूनीसमेत वि. चिन्नु थारू*

५

**मा.न्या.श्री विश्वम्भरप्रसाद श्रेष्ठ र मा.न्या.श्री बमकुमार श्रेष्ठ,** ०७३-WO-१२५०, उत्प्रेषण, *भकूलादेवी सुडेनीसमेत वि. उच्च अदालत, पाटन, हरिहरभवनसमेत*

विपक्षी राजाराम महतोले अंश मुद्दामा मिति २०७३।४।१८ मिलापत्र गरेको सो मिलापत्र गर्नुभन्दा अगावै मिति २०७३।४।१६ मा निवेदन दाबीका जग्गाहरूको ५ भागको १ भाग रोक्का गरिपाउन काठमाडौं जिल्ला अदालतमा निवेदन दिएको देखिन्छ र दाबीका जग्गाको ५ भागको १ भाग जग्गासम्म उच्च अदालत, पाटनको मिति २०७३।७।४ को आदेशबाट रोक्का भएको छ । उक्त चेक अनादर मुद्दामा वादी दाबीबमोजिम हुने ठहरी मिति २०७३।१२।३१ मा फैसला भइसकेको भन्नेसमेत लिखित जवाफबाट देखिएको छ । चेक अनादर मुद्दाको फैसला कार्यान्वयनको तहमा नै सोको दायित्व र के कुन सम्पत्तिबाट ठहरेबमोजिमको बिगो भरी पाउने हो सो सम्बन्धमा कानूनबमोजिम निर्णय हुने अवस्थासमेत रहे भएकै देखिने।

अंश मुद्दामा मिलापत्र हुनुअगावै नै चेक अनादर मुद्दा दर्ता भएको र यसरी कारोबारपश्चात् मात्र अंश मुद्दामा मिलापत्र भएको देखिँदा विपक्षी शिव शंकर महतोको अंश भागसम्मको जग्गा मात्र रोक्का राख्ने गरी उच्च अदालत, पाटनबाट भएको आदेशमा कुनै त्रुटि देखिन नआउने।

तसर्थ, उल्लिखित आधार कारणबाट रिट निवेदकहरूको नाउँमा दर्ता रहेको जग्गाहरूमध्ये विपक्षी शिव शंकर महतोको अंश भागसम्मको जग्गा रोक्का राख्ने गरी भएको उच्च अदालत, पाटनको मिति २०७३।७।४ को आदेश र सो आदेश कानूनसम्मत नै देखिँदा कुनै परिवर्तन गरिरहनु परेन भनी भएको मिति २०७३।१२।१७ को आदेश त्रुटिपूर्ण देखिन नआएकोले प्रस्तुत रिट निवेदन खारेज हुने।

इजलास अधिकृतः केदारप्रसाद पौडेल

कम्प्युटर: विष्णुदेवी श्रेष्ठ

इति संवत् २०७४ साल कात्तिक १७ गते रोज ६ शुभम्।

## इजलास नं. १३

१

**मा.न्या.श्री ईश्वरप्रसाद खतिवडा र मा.न्या.श्री प्रकाशमान सिंह राउत,** ०७२-WO-०५७२, उत्प्रेषण / परमादेश, *गणेश ठकुल्ला वि. पोखरा विश्वविद्यालय लेखनाथ, कास्कीसमेत*

विश्वविद्यालयबाट सम्पादन हुने कार्य कानून तथा न्यायसङ्गत हुनुपर्दछ । यसमा पक्षपात वा स्वेच्छाचारिता देखिनु नहुने।

विश्वविद्यालयले निवेदक गणेश ठकुल्लालाई छात्रवृत्ति छनौट परीक्षामा सामेल गराएको र निज सो परीक्षामा अर्का उम्मेदवारले भन्दा बढी अङ्क ल्याई उत्तीर्णसमेत भएको अवस्थामा पहिले छात्रवृत्ति परीक्षाको लागि आवेदन फाराम भर्दा हुन गएको सामान्य त्रुटि वा अप्रस्टता (अस्पष्टता) लाई आधार बनाएर छात्रवृत्ति सुविधा दिन इन्कार गर्नु उचित हुँदैन । निवेदक गणेश ठकुल्ला अध्ययनरत रही आएको र निजले अम्मरबहादुर शाहीभन्दा बढी अङ्क प्राप्त गरेको देखिएको हुँदा निज अम्मरबहादुर शाहीलाई छात्रवृत्ति सुविधा प्रदान गर्दा यी निवेदकलाई प्रदान नगर्नुबाट समानतापूर्ण व्यवहार नभएको तथ्य पुष्टि हुने।

BE Civil for Diploma Holders मा रीतपूर्वक दरखास्त गर्ने दुर्गम कोटाकै विद्यार्थी अम्मरबहादुर शाहीलाई छनौट गरी निज छात्रवृत्ति कोटामा भर्ना भई कलेजसमेत रोजी अध्ययन गरी आएको भन्ने विपक्षीको लिखित जवाफमा जिकिर लिएको देखिन्छ। निज अम्मरबहादुर शाही BE Civil

for Diploma Holders कार्यक्रममा समावेश भई निजले कलेजसमेत रोजी अध्ययन गरी आएको तथ्यमा विवाद छैन। दुर्गम क्षेत्रका बासिन्दा निज अम्मरबहादुर शाहीलाई प्रस्तुत रिट निवेदनमा विपक्षीसमेत बनाएको पाइएन । यस अवस्थामा निजलाई प्रदान गरिएको सुविधामा प्रतिकूल असर पर्ने गरी अहिले कुनै आदेश जारी गर्नु उचित नदेखिने।

विपक्षी छात्रवृत्ति छनौट समितिको मिति २०७२।१०।१३ को निर्णयले छात्रवृत्ति प्राप्त गरी उपभोग गरी आएको हुँदा सो निर्णय बदर गरी अम्मरबहादुर शाहीको अध्ययन कार्य प्रभावित हुने गरी उत्प्रेषणको आदेश जारी गर्नु न्यायोचित हुँदैन । विश्वविद्यालयको छनौट प्रक्रियामा रहेको त्रुटि वा कमजोरीका कारणबाट निवेदक गणेश ठकुल्लालाई असर परेको देखिँदा सो कार्यको दायित्वसमेत स्वयम् विश्वविद्यालयले नै वहन गर्नु न्यायोचित हुन्छ । विश्वविद्यालय व्यवस्थापनको कमजोरी वा त्रुटिपूर्ण काम कारबाहीको दुष्परिणाम कुनै विद्यार्थीलाई वहन गराउनु वा सुविधाबाट वञ्चित गर्नु उचित नहुने।

अत: विवेचित आधार र कारणबाट यी रिट निवेदकलाई अनुचित तवरबाट छात्रवृत्ति पाउने अवसरबाट वञ्चित गरिएको देखिँदा निजलाई विश्वविद्यालयको जुनसुकै स्रोतबाट भए पनि छात्रवृत्ति प्रदान गर्ने पर्ने भएकाले रिट निवेदक गणेश ठकुल्लालाई BE Civil for Diploma Holders विषयमा अध्ययनका सन्दर्भमा रोल नं. १२४४ का व्यक्ति अम्मरबहादुर शाहीलाई प्रदान गरिएसरहको छात्रवृत्ति सुविधा प्रदान गर्नु, गराउनु भनी विपक्षीहरूका नाममा परमादेश जारी हुने।

इजलास अधिकृत: विकास श्रेष्ठ

इति संवत् २०७४ साल कात्तिक २८ गते रोज ३ शुभम्।

२

**मा.न्या.श्री ईश्वरप्रसाद खतिवडा र मा.न्या. श्री बमकुमार श्रेष्ठ,** ०६७-WO-०५४८, उत्प्रेषण / परमादेश, *निमानन्द खनाल वि. प्रधानमन्त्री तथा मन्त्रिपरिषद्को कार्यालय, सिंहदरबारसमेत*

मिति २०६७।८।१६ को निर्णयबमोजिम दिइएको अनुमति हाललाई स्थगन गर्ने भनी मिति २०६७।८।२९ मा मन्त्रीज्यूबाट निर्णय भएपश्चात् पर्यटन तथा नागरिक उड्डयन मन्त्रालयबाट च.नं.६० मिति २०६७।८।२९ को पत्रमार्फत नेपाल नागरिक उड्डयन प्राधिकरणलाई सो कुराको अवगत गराइएको देखिन्छ। साथै सोहीअनुरूप Air Arabia लाई पत्राचार भइसकेको भन्ने नेपाल नागरिक उड्डयन मन्त्रालयको लिखित जवाफसमेतबाट देखिन्छ। Air Arabia लाई उडान भर्न दिइएको अनुमति स्थगन भएपछि त्यसलाई फुकुवा गरिएको भन्ने कुरा कहीँकतैबाट देखिन नआउने।

यसरी निवेदकबाट जुन कार्यको लागि आदेश जारी गरिपाउँ भनी माग गरिएको हो सो कार्य नै स्थगन भएको भन्ने माथि उल्लेख भएको पत्रहरूको बेहोरासमेतबाट देखिएकोले निवेदकबाट माग भएको आदेशको औचित्य नै समाप्त भइसकेको हुँदा मागबमोजिमको आदेश जारी गरिरहनुपर्ने अवस्थाको विद्यमानता देखिएन। अतः उत्प्रेषण / परमादेश जारी गरिपाउँ भन्ने निवेदकको प्रस्तुत निवेदन खारेज हुने।

इजलास अधिकृतः शिवप्रसाद आचार्य

इति संवत् २०७४ साल चैत १९ गते रोज २ शुभम्।

३

**मा.न्या.श्री ईश्वरप्रसाद खतिवडा र मा.न्या.श्री बमकुमार श्रेष्ठ,** ०७१-WO-०२६७, उत्प्रेषण / परमादेश, *खुशीराज गौतम वि. प्रधानमन्त्री तथा मन्त्रिपरिषद्को कार्यालय, सिंहदरबारसमेत*

वस्तुतः मा.वि. शिक्षक र नि.मा.वि. शिक्षक तहगत दृष्टिले पनि फरकफरक हैसियत र जिम्मेवारी रहेका पद हुन् । उल्लिखित दुवै पदलाई समान हैसियतको पद भनी मान्न मिल्दैन । फरकफरक हैसियतको पद भएकोले ती

पदहरूको शिक्षकलाई फरकफरक सुविधा निर्धारण गर्नु स्वाभाविक देखिन्छ। निम्न माध्यमिक शिक्षक प्रथम श्रेणी र माध्यमिक शिक्षक द्वितीय श्रेणीको पदको स्तर तथा प्रकृतिमा समानता नदेखिने।

माध्यमिक विद्यालय शिक्षक र निम्न माध्यमिक विद्यालय शिक्षक पद नामले नै फरकफरक पदका शिक्षक हुन्। शैक्षिक योग्यता, तालिम र अनुभव बढी हुँदैमा वा अर्को पदसरहको योग्यता छ भन्ने आधारमा त्यस्तो पदको लागि प्रदान गरिएसरहको सुविधा दाबी गर्नु कानूनसङ्गत हुँदैन। आफू नियुक्ति भएको पदको लागि निर्धारित सेवा, सर्त र सुविधा नै निजले पाउने हुन्छ। शैक्षिक योग्यता, तालिम वा अनुभव बढी हुनेले बढी तलब र कम हुनेले कम तलब पाउने भन्ने पनि नहुने।

हाम्रो वर्तमान सन्दर्भमा हेर्दा योग्यता, तालिम र अनुभवको आधारमा तलब सुविधा निर्धारण गर्ने गरेको नभई पदको तह वा श्रेणीका आधारमा निर्धारण गर्ने गरेको पाइन्छ। के कुन पद, तह र श्रेणीका शिक्षकलाई के कति तलबमान तोक्ने भन्ने कुरा नेपाल सरकारको नीतिगत निर्णयको विषय हो। अमुक पदका लागि यति नै तलबमानलगायतका सुविधा तोकिनु पर्दछ भनी दाबी गर्न मिल्ने देखिँदैन। तर यसको तात्पर्य तलबमान वा सुविधा तोक्ने कुरामा सरकारले कुनै उचित आधार नअपनाई अविवेकपूर्ण र स्वेच्छाचारी निर्णय गर्न सक्छ भन्ने पनि होइन। सरकारले प्रदान गर्ने सेवा, सहुलियत वा सुविधा समानहरूका बीच भेदभाव नहुने गरी समान रूपमा नै प्रदान गरिएको हुनुपर्दछ। अर्को शब्दमा भन्दा असमानहरूका बीच पनि एउटै र उस्तै मापदण्ड अपनाई निरपेक्ष रूपमा समान व्यवहार गर्नुपर्दछ भन्ने होइन। असमान वा फरकफरक अवस्थितिका मानिसहरूका बीच तार्किक रूपमा फरक व्यवहार गरिनु समानताको हक प्रतिकूल हुँदैन। तर यसरी गरिने वर्गीकरण भने स्वच्छ, न्यायपूर्ण र तर्कपूर्ण (Fair just and Reasonable) हुनु पर्ने।

पदको नाम, विद्यालयको तह, सम्हाल्नु पर्ने जिम्मेवारी तथा सेवाका सर्तसम्बन्धी अन्य कुराका सन्दर्भमा हेर्दा माध्यमिक विद्यालय र निम्न माध्यमिक विद्यालयका शिक्षकको हैसियत फरक–फरक देखिन्छ। यी दुवै पद उस्तै र एउटै हैसियतका पद नभएकोले फरकफरक तहका विद्यालयका शिक्षकहरूको हैसियतसमेत फरकफरक रहने स्वाभाविक हुन्छ। निम्न माध्यमिक विद्यालयका शिक्षकले मा.वि.का शिक्षकसरह समान रूपमा तलब, सुविधा र ग्रेड पाउने पर्छ भन्ने कुरा युक्तिसङ्गत हुँदैन। प्रस्तुत विवादका सन्दर्भमा हेर्दा निवेदकउपर विभेद गरिएको अर्थात् समान तह, पद र हैसियतका मानिसका बीच फरक व्यवहार गरिएको देखिन आएको छैन। फरकफरक तहका विद्यालयका शिक्षकहरूलाई फरकफरक तलब, भत्ता आदि सुविधा प्रदान समानताको सिद्धान्त प्रतिकूल हुने गरी असमान व्यवहार गरेको मान्न मिलेन। अतः निवेदन मागबमोजिम रिट आदेश जारी गर्नु परेन रिट निवेदन खारेज हुने।

इजलास अधिकृत: सोमराज काफ्ले

कम्प्युटर: अर्जुन पोखे्रल

इति संवत् २०७५ साल असार ४ गते रोज २ शुभम्।

४

**मा.न्या.श्री ईश्वरप्रसाद खतिवडा र मा.न्या.श्री टंकबहादुर मोक्तान,** ०७३-CR-०६३१ र ०७३-CR-१३२०, कर्तव्य ज्यान, *नेपाल सरकार वि. भोला मण्डल र भोला मण्डल वि. नेपाल सरकार*

बाबु छोराबीच अंशसम्बन्धी विवाद रहेको र आँपको बाँडफाँडमा विवाद भई बाबु छोराबीच हात हालाहालको स्थिति पैदा भई बाबुले प्रहार गरेको लौराले आफ्नो हातमा लागेपछि आवेशमा आई आफूलाई नियन्त्रण गर्न नसकी बाँसको लौराले पिता (मृतक) लाई प्रहार गर्दा मृतकको टाउकोसमेतमा लाग्न गएको गम्भीर चोटका कारण निजको मृत्यु

भएको भन्ने देखिन आएको छ । बाबु छोराबीच अंशबन्डासम्बन्धी विवाद हुनु अस्वाभाविक नभएको र सो नै पिताको ज्यानै लिनु पर्ने कारण हो भनी मान्न तर्कसङ्गत हुने देखिँदैन । यस स्थितिमा प्रतिवादीले आफ्नो पिता (मृतक) लाई मार्ने मनसायले प्रहार गरेको मानी अभियोग दाबीअनुसार निजले मुलुकी ऐन, ज्यानसम्बन्धी महलको १३ (३) नं. अनुसार सजाय गर्नु कानून एवम् न्यायसङ्गत हुने देखिन नआएकाले अभियोग दाबीअनुसार प्रतिवादीलाई सजाय हुनुपर्ने भन्ने वादी नेपाल सरकारको पुनरावेदन जिकिरसँग सहमत हुन नसकिने ।

प्रतिवादी भोला मण्डल र निजका पिता (मृतक) चुल्हाई मण्डलका बीच आँप बाँडफाँडको विषयमा तत्काल झगडा परी दोहोरो भनाभन, कुटपिट हुँदा प्रतिवादीले तत्काल उठेको रिस थाम्न नसकी सोही रिसको आवेगमा आई आफ्नो आत्मसंयम र आत्मनियन्त्रण गुमाई बाँसको भाटाले आफ्नो बाबु मृतक चुल्हाई मण्डललाई प्रहार गर्दा निज भुइँमा लडेपछि चुल्हाई मण्डललाई उपचार गर्न लैजाने क्रममा बाटोमा मृत्यु भएको मिसिल प्रमाणबाट देखिन्छ । यसप्रकार वारदातको अवस्था स्थितिलाई हेर्दा प्रतिवादीले गरेको उक्त कार्य मुलुकी ऐन, ज्यानसम्बन्धी महलको १४ नं. मा वर्णित आवेशप्रेरित हत्या भएको भन्ने नै देखिने ।

अतः विवेचित आधार र कारणसमेतबाट प्रतिवादी भोला मण्डललाई मुलुकी ऐन, ज्यानसम्बन्धी महलको १४ नं. अनुसार आवेशप्रेरित हत्या (Murder by provocation) मा दश वर्ष कैद सजाय हुने ठहर्‍याएको सुरू सप्तरी जिल्ला अदालतको मिति २०७१।१०।१२ को फैसला सदर हुने ठहर्‍याएको पुनरावेदन अदालत, राजविराजको मिति २०७३।२।२६ को फैसला मिलेकै देखिँदा सदर हुने ।

इजलास अधिकृतः गीता श्रेष्ठ

कम्प्युटर : उत्तरमान राई

इति संवत् २०७४ साल पुस ६ गते रोज ५ शुभम् ।

## इजलास नं. १४

१

**मा.न्या.डा.श्री आनन्दमोहन भट्टराई र मा.न्या.श्री बमकुमार श्रेष्ठ,** ०७०-CR-१३९०, बिना इजाजत रूख काटी चोरी निकासी गरेको, *सुरेन्द्रबहादुर बम वि. नेपाल सरकार*

प्रतिवादी सुरेन्द्रबहादुर बमले अवैध तवरबाट साल जातका ६ वटा रूख कटान गरी चोरी निकासी गराएको तथ्य शङ्कारहित तवरबाट प्रमाणित भएको देखिन्छ । साल जातका ठूला रूख भएकाले ६ वटा रूखको काठ ४२० क्यू. फिट हुनु स्वभाविक देखिन्छ । अभियोग दाबीबमोजिमको परिमाणका काठ कटानी र निकासी नगरेको र घटी बिगो कायम हुनुपर्ने भए प्रमाण ऐन, २०३१ को दफा २७(१) बमोजिम सो कुरा प्रमाणित गर्ने प्रमाणको भार प्रतिवादीमा नै रहने देखिन्छ । तर, प्रस्तुत मुद्दामा प्रतिवादीले त्यसप्रकारको प्रमाण प्रस्तुत गर्न सकेको देखिन नआउने ।

अवैध तवरबाट प्रतिवादीले कटान गराएको काठको परिमाण ४२० क्यू. फिट र मूल्य रू.३,३६,०००।- नै कायम गर्नु तथ्यसङ्गत र मनासिब देखिँदा निजले ४२० क्यू. फिट काठ (मूल्य रू.३,३६,०००।-) अवैध तवरबाट कटान गराई निकासी गरेको प्रमाणित भएको देखिँदा वन ऐन, २०४९ को दफा ५०(१)(घ)(४) बमोजिम बिगोको दोब्बर अर्थात् रू.६,७२,०००।- (छ लाख बहत्तर हजार) जरिवाना र ३ (तीन) महिना कैद सजायसमेत हुने ठहर्‍याई पुनरावेदन अदालत, दिपायलबाट भएको फैसला मिलेकै देखिँदा पुनरावेदकको पुनरावेदन जिकिरसँग सहमत हुन नसकिने ।

अतः विवेचित आधार, कारण र प्रमाणबाट प्रतिवादी सुरेन्द्रबहादुर बमले ४२० क्यू. फिट काठ (मूल्य रू.३,३६,०००।-) अवैध तवरबाट कटान गराई

निकासी गरेको प्रमाणित भएको देखिँदा निजलाई वन ऐन, २०४९ को दफा ५०(१)(घ)(४) बमोजिम बिगोको दोब्बर अर्थात् रू.६,७२,०००।- (छ लाख बहत्तर हजार) जरिवाना र ३ (तीन) महिना कैद सजायसमेत हुने ठहऱ्याई पुनरावेदन अदालत, दिपायलबाट भएको मिति २०७०।९।२८ को फैसला मिलेकै देखिँदा सदर हुने ।

इजलास अधिकृत: कोशलेश्वर ज्ञवाली

इति संवत् २०७४ साल माघ ३ गते रोज ४ शुभम् ।

२

**मा.न्या.डा.श्री आनन्दमोहन भट्टराई र मा.न्या. श्री बमकुमार श्रेष्ठ,** ०७०-CR-१६९१, लागु औषध ब्राउन सुगर, *नेपाल सरकार वि. सुशील थापासमेत*

प्रतिवादीमध्येका देवबहादुर खत्रीको हकमा विचार गर्दा निजको अधिकारप्राप्त अधिकारीसमक्षको बयानमा सहअभियुक्तले पोल गरेको र निज साबिती भए तापनि अदालतसमक्ष इन्कारी भई बयान गरेको देखिन्छ । निजको साथबाट कुनै पनि लागु औषध बरामद भएको देखिँदैन । वादी नेपाल सरकारबाट निजले लागु औषध कारोबार वा सेवन गरेको भन्ने कुनै सबुत प्रमाण पेस गरेको देखिँदैन । केवल मौकामा साबित भएको र सहअभियुक्तको पोलकै एक मात्र आधारमा अन्य कुनै ठोस सबुद प्रमाणबेगर निजलाई समेत ऐनको दफा १४(१)छ(१) बमोजिम कसुरदार ठहऱ्याई सजाय गर्न मनासिब नदेखिँदा ठोस सबुद प्रमाणको अभावमा अभियोग दाबीबाट सफाइ पाउने गरी पुनरावेदन अदालत, बुटवलबाट भएको फैसला मिलेकै देखिने ।

प्रतिवादी कृष्ण अर्यालको हकमा विचार गर्दा निजबाट कुनै दसी बरामद भएको देखिँदैन । निजले आरोपित कसुरमा इन्कार रही अदालतमा बयान गरेको, जाहेरवाला तथा प्रतिवेदकले निजलाई लागु औषध दुर्व्यसनी हो भनी अदालतमा व्यक्त गर्न सकेको देखिँदैन । निजउपरको अभियोग दाबी अन्य स्वतन्त्र प्रमाणबाट पुष्टि हुन नआएको र बिनाआधार दोषी ठहर गर्न नमिल्ने भई सुरू जिल्ला अदालतबाट सफाइ दिने गरी भएको फैसला सदर गरेको पुनरावेदन अदालत, बुटवलबाट भएको फैसला मिलेकै देखिँदा अन्यथा भन्न नमिल्ने ।

अतः विवेचित आधार, कारण र प्रमाणसमेतबाट प्रतिवादीहरूमध्येका सुशील थापालाई लागु औषध नियन्त्रण ऐन, २०३३ को दफा १४(ङ) अन्तर्गतको कसुर देखिँदा ऐ. ऐनको दफा १४(१) ङ बमोजिम १ (एक) वर्ष कैद, अन्य प्रतिवादीहरू देवबहादुर खत्री र कृष्ण अर्यालले अभियोगबाट सफाइ पाउने ठहऱ्याई पुनरावेदन अदालत, बुटवलबाट मिति २०७०।०२।१२ मा भएको फैसला मिलेकै देखिँदा सदर हुने ।

इजलास अधिकृतः कोशलेश्वर ज्ञवाली

कम्प्युटर: अभिषेककुमार राय

इति संवत् २०७४ साल माघ ३ गते रोज ४ शुभम् ।

३

**मा.न्या.डा.श्री आनन्दमोहन भट्टराई र मा.न्या.श्री बमकुमार श्रेष्ठ,** ०७०-CR-०४१५, कर्तव्य ज्यान, *नेपाल सरकार वि. सुशील कुँवर*

प्रतिवादी र मृतकबीच पूर्वरिसइवी भएको कुरा मिसिल संलग्न प्रमाणबाट देखिएको छैन त्यसैगरी मृतकलाई मार्नै पर्ने मनसाय साथ हानेको पनि देखिँदैन । यसरी मारौं भन्ने नियतले नभई मृतक रक्सी खाई घरमा आई भात खाने वा चाउचाउ खाने सन्दर्भमा उठेको सामान्य विवादमा पहिला हानेबाट तत्काल उठेको रिसमा जोखिमी हतियारको प्रयोग नगरी वारदातस्थलमा भएको मारतौल (ह्यामर) ले टाउकोमा प्रहार गरेको कारण दाजु कृष्ण कुँवरको मृत्यु हुन गएको पाइन्छ । प्रतिवादीले मृतकलाई मार्ने नै मनसायले जोखिमी हतियार प्रयोग नगरी सामान्य विवादमा तत्काल उठेको रिसले मारतौल (ह्यामर) प्रहार गरेबाट मृतकको मृत्यु हुन गएको पाइन्छ । यस्तो प्रकृतिको

कसुरमा मुलुकी ऐन, ज्यानसम्बन्धीको महलको १३ नं. आकर्षित हुने नभई सोही महलको १४ नं. आकर्षित हुने हुँदा निज प्रतिवादीलाई ज्यानसम्बन्धीको महलको १४ नं. को कसुरमा सोहीबमोजिम १०(दस) वर्ष कैद हुने ठहऱ्याएको पुनरावेदन अदालत, पाटनबाट भएको फैसला मिलेकै देखिँदा सो फैसलालाई अन्यथा गर्नुपर्ने नदेखिने।

अतः विवेचित आधार, कारण र प्रमाणसमेतबाट प्रतिवादीले मृतक दाजु कृष्ण कुँवरको ज्यान मार्ने पूर्वमनसाय र ज्यान लिनुपर्नेसम्मको इवीसमेत केही नरहेको र लुकी चोरी हानेको अवस्थासमेत नभई उसै मौकामा उठेको रिस थाम्न नसकी तत्काल घटनास्थलमा फेला परेको सामान्य औजार मारतौलले प्रहार गर्दा सोही चोटको कारण मृतकको मृत्यु भएको देखिँदा प्रतिवादी सुशील कुँवरलाई मुलुकी ऐन, ज्यानसम्बन्धीको महलको १४ नं. ले १० (दश) वर्ष कैद हुने ठहऱ्याई पुनरावेदन अदालत, पाटनबाट मिति २०६९।०९।२२ मा भएको फैसला मिलेकै देखिँदा सदर हुने।

इजलास अधिकृतः कोशलेश्वर झवाली

इति संवत् २०७४ साल माघ ३ गते रोज ४ शुभम्।

## इजलास नं. १६

१

**मा.न्या.श्री प्रकाशमान सिंह राउत र मा.न्या.श्री बमकुमार श्रेष्ठ,** ०७१-CR-१५४२, नकबजनी चोरी, *नेपाल सरकार वि. विकास खवास थारू*

प्रतिवादीले अदालतमा बयान गर्दासमेत मिति २०७०।११।१० मा खडा भएको मुचुल्कामा सि.नं.३ मा चिह्न लगाइएको (क), (ख), (ग), (घ), (ङ), (च), (छ), (ज), (ञ), (ट), (ठ), (ढ) र (ण) मा उल्लिखित सामानसम्म मैले चोरी गरेको हुँ । सोबाहेक अरू सामानहरू मेरो नै हो भनी उल्लेख गरी लेखाएको हुँदा बरामद भएकोमध्ये जाहेरवालाले मेरो हो भनी सनाखत गरी बुझी लगेको सामानबाहेक अरू सामानहरू चोरी भयो भन्नलाई शङ्कारहित वस्तुनिष्ठ प्रमाण प्रस्तुत भएको मिसिलमा देखिँदैन। बिगो कायम गर्ने सन्दर्भमा भरपर्दो र विश्वसनीय आधार र प्रमाण भनेको बरामद भएको दशीको सामान नै हो । जसले कसुरसँग सम्बन्ध रहेको देखिनुपर्छ। प्रस्तुत मिसिलबाट चोरी भयो भनिएकोमध्ये बिगो रू.७७,४९०।- बराबरको धनमालसम्म जाहेरवालाले सनाखत गरी बुझी लिएको अवस्थाले आधारयुक्त, शङ्कारहित, विश्वसनीय प्रमाणको अभावमा दाबीबमोजिमको बिगो बराबरको अन्य सरसामान पनि चोरी भयो भन्न सकिने स्थिति रहेको नपाइने।

फौजदारी कसुरमा कसुर प्रमाणित हुनको लागि शङ्कारहित विश्वसनीय प्रत्यक्ष प्रमाणको आवश्यकता पर्दछ । यस्तो प्रकृतिको विवादमा बिगो यकिन गर्नको लागि आवश्यक पर्ने आधार र प्रमाण भनेको बरामद भएको दशीको सामान नै हो। त्यसैले सैनिक विशेष अदालतबाट जाहेरवालाले सनाखत गरी उल्लेख गरेको सामानहरूमध्ये मूल्य खुलेको सामानहरूको जम्मा मूल्य बिगो रू. ७७,४९०।- कायम गरी त्यसकै आधारमा प्रतिवादीलाई सजाय तोकी भएको फैसलालाई अन्यथा मान्नुपर्ने नदेखिने।

अतः विवेचित आधार प्रमाणहरूबाट जम्मा बिगो रू.७७,४९०।- कायम गरी प्रतिवादी विकास खवास थारूले पहिलो पटक आरोपित कसुर गरेको ठहऱ्याई सैनिक विशेष अदालतबाट मिति २०७१।१०।१५ मा भएको फैसला मिलेको देखिँदा सदर हुने।

इजलास अधिकृत: विष्णुप्रसाद आचार्य

इति संवत् २०७५ साल साउन १६ गते रोज ४ शुभम्।

२

**मा.न्या.श्री प्रकाशमान सिंह राउत र मा.न्या.श्री बमकुमार श्रेष्ठ,** ०७४-CR-०७३७, जबरजस्ती

करणी, *पाहुना भन्ने पहना थारू वि. नेपाल सरकार*

जबरजस्ती करणीको अपराध कायम हुन लिङ्गको पूर्ण प्रवेश वीर्य स्खलन र योनिच्छेदन फाटेको हुनु आवश्यक छैन वीर्य स्खलनसहित वा रहित स्त्री जनेन्द्रीय (योनि) को बाह्य भागभित्र आंशिक लिङ्ग प्रवेश गराउनु वा लिङ्ग प्रवेश गराउने प्रयत्न गर्नु मात्र पनि जबरजस्ती करणीको अपराध हुने देखिँदा प्रस्तुत मुद्दामा प्रतिवादीले जाहेरवालीलाई जबरजस्ती करणी गरेको देखिन आउने।

तसर्थः प्रतिवादी पाहुना भन्ने पहना थारूलाई पीडित वर्ष ९ की नाबालिक परिवर्तित नाम ६५ सो १३३ लाई जबरजस्ती करणी गरी जबरजस्ती करणीको महलको १ र ३(१) नं. विपरीतको कसुर गरेको पुष्टि भएको हुँदा निज प्रतिवादी पाहुना भन्ने पहना थारूलाई सोही महलको ३(१) नं. बमोजिम १०(दश) वर्ष कैद सजाय र पीडित ६५ सो १३३ लाई प्रतिवादी पाहुना भन्ने पहना थारूबाट सोही महलको १० नं. बमोजिम रू.५०,०००।- (पचास हजार) क्षतिपूर्ति भराई पाउने भनी गरेको सुरू जिल्ला अदालतको फैसला सदर हुने ठहऱ्याएको उच्च अदालत, तुलसीपुर, नेपालगञ्ज इजलासबाट भएको फैसलालाई अन्यथा भन्न नमिल्ने।

अतः उल्लिखित कानून तथा विवेचित आधार प्रमाणबाट यी प्रतिवादी पाहुना भन्ने पहना थारूले पीडित वर्ष ९ की नाबालिक परिवर्तित नाम ६५ सो १३३ लाई जबरजस्ती करणी गरी जबरजस्ती करणीको महलको १ र ३(१) नं. विपरीतको कसुर गरेको पुष्टि भएको हुँदा निज प्रतिवादी पाहुना भन्ने पहना थारूलाई सोही महलको ३(१) नं. बमोजिम १०(दश) वर्ष कैद सजाय हुने ठहर गरी पीडित ६५ सो १३३ ले प्रतिवादी पाहुना भन्ने पहना थारूबाट सोही महलको १० नं. बमोजिम रू.५०,०००।- (पचास हजार) क्षतिपूर्ति भराई पाउने ठहऱ्याई बाँके जिल्ला अदालतबाट भएको फैसला सदर गरी उच्च अदालत, तुलसीपुर, नेपालगञ्ज इजलासबाट मिति २०७४।१।१९ मा भएको फैसला मिलेको देखिँदा सदर हुने।

इजलास अधिकृतः सरिता रिजाल

इति संवत् २०७५ साल जेठ १३ गते रोज १ शुभम्।

## इजलास नं. १७

१

**मा.न्या.श्री सपना प्रधान मल्ल र मा.न्या.श्री तेजबहादुर के.सी.,** ०७२-CI-१९४३, बहाल दिलाई घर खाली गराई चलन चलाई पाऊँ, *कमान सिंह थारू वि. महेश्वरनाथ योगी*

पुनरावेदक प्रतिवादी कमानसिंह थारूले पनि सोही जग्गाबाट कित्ताकाट भई कायम रहेको कि.नं. २५३७ को ज.वि. ०-१-१० जग्गामा आफैँले घर बनाई बसेको हो भन्ने जिकिर लिएको देखिन्छ। पुनरावेदक प्रतिवादीको उक्त जिकिरतर्फ विचार गर्दा, उक्त जग्गामा प्रतिवादीले साबिकमा नै घर बनाई बसेको भए निजले साबिकका जग्गाधनी मुन्नदेवीउपर नै साबिकमा नै नालेस उजुर गरी आफूले घर बनाएको प्रमाणहरू पेस गरी उक्त घर आफूले नै बनाएको भनी प्रमाणित र सो कायम गराउन सक्नुपर्ने थियो। त्यसो गर्न नसकी यी वादीले पारित लिखतद्वारा खरिद गरेको जग्गा घरलाई, उक्त घर आफूले बनाएको भन्ने जिकिर प्रमाण र कानूनद्वारा समर्थित हुन आएको देखिएन। अचल सम्पत्तिको हकको प्रमाण नै स्रेस्ता र लिखत प्रमाण हुन्। उक्त कि.नं. को जग्गा र सो जग्गामा रहेको घर प्रतिवादीले बनाएको भन्ने कुनै स्रेस्ता, लिखत प्रमाण, रसिद र बिल आदिबाट समर्थित एवम् पुष्टि हुन आएको देखिँदैन। आफ्ना नाउँमा जग्गा दर्ता कायम नहुँदै प्रतिवादीले मौखिक सर्तमा जग्गा खरिद गर्छु भनी पक्की घर नै निर्माण गरेको भन्ने मानी जग्गा खरिद गर्ने वादीले घरसहित राजीनामा पारित गरेको अवस्थालाई

अनदेखा गरी उक्त जग्गामा बनेको घरमा प्रतिवादीको हक कायम गराई लिनुदिनु गराउनु कानून र न्यायको रोहमा मनासिब नहुने ।

अधिकारप्राप्त निकायबाट वादीले घर जग्गा लिनुदिनु गरी हक हस्तान्तरण भएको भन्ने राजीनामाको लिखतबाट नै देखिइरहेको स्थितिमा उक्त जग्गामा बनेको घर म प्रतिवादीले बनाएको भन्ने निजको मौखिक भनाइको कुनै औचित्यता नै हुने देखिँदैन । जग्गामा हक प्राप्त नहुँदै घर निर्माण गरिसकेको थिएँ भन्ने प्रतिवादीको जिकिर तथ्ययुक्त प्रमाणबाट पुष्टि गर्न नसकेको हुँदा यी वादीको उक्त जग्गामा बनेको घर यिनै प्रतिवादीले निर्माण गरे गराएका होलान् भन्ने मान्नु न्यायसङ्गत नहुने र त्यसतर्फ थप प्रमाण बुझ्नुपर्छ कि भन्नका लागि आफ्नो जिकिर पुष्ट्याईं हुने प्रतिवादीले कुनै कागजात नै पेस गर्न नसकेकाले अदालत, आफैँले नै अरू थप प्रमाणहरू पनि बुझिरहनु आवश्यक देखिन नआउने ।

पुनरावेदक प्रतिवादी कमान सिंह थारूले उक्त विवादको कि.न. २५३७ को जग्गाको हक स्वामित्व आफूमा निहित रहेको भन्न सकेको अवस्था पनि कहीँकतैबाट देखिँदैन । कानूनको रीत पुऱ्याई पारित लिखतबाट हक हस्तान्तरण गरी प्राप्त गरेको जग्गामा रहेको घर अन्यथा प्रमाणित नभएसम्म सोही जग्गाको जग्गाधनीकै मान्नुपर्ने ।

मालपोत कार्यालय बर्दियाबाट पारित भएको मिति २०७०।४।३० को राजीनामा लिखतबाट साबिक कि.नं. ५५२ कित्ताफोड भई कायम भएको विवादित कि.नं. २५३७ को घर जग्गा लिनुदिनु गरी हक हस्तान्तरण कार्य भएको देखिरहेको स्थितिमा सो जग्गामा बनेको घर यी पुनरावेदक / प्रतिवादीले बनाएका होलान् भनी अनुमानकै भरमा उक्त जग्गा घरमा प्रतिवादीको नै हकदैया रहन्छ भन्न मिल्ने देखिएन । वादीले अधिकारप्राप्त सरकारी निकायबाट पारित राजीनामा लिखतबाट उक्त घर जग्गामा प्राप्त गरेको हकविपरीत पुनरावेदक प्रतिवादीले उक्त विवादित कि.नं.२५३७ को जग्गाको हक स्वामित्व आफूमा रहेको भन्न सकेको अवस्था पनि कहीँकतैबाट नदेखिने ।

बहालसमेत दिलाई पाउँ भन्ने वादीको दाबीतर्फ विचार गरी हेर्दा, वादी र प्रतिवादीबीच बहाल लिनेदिने सर्त सम्झौता भएको कुनै कागज लिखत प्रमाण भए गरेको देखिँदैन । यस्तो अवस्थामा माग दाबीबमोजिम बहाल दिलाई दिन युक्तिसङ्गत नहुने भनी समेत भएको पुनरावेदन अदालत, नेपालगञ्जको फैसला मनासिब नै देखिने ।

तसर्थ, बर्दिया जिल्ला अदालतबाट मिति २०७२।१।३१ मा भएको फैसला मनासिब ठहर गरी सदर गरेको पुनरावेदन अदालत, नेपालगञ्जको मिति २०७२।१०।१० को फैसला मिलेकै देखिँदा सदर हुने ।

इजलास अधिकृतः नगेन्द्रकेशरी पोखरेल

कम्प्युटर: विष्णुदेवी श्रेष्ठ

इति संवत् २०७४ साल वैशाख २८ गते रोज ५ शुभम् ।

२

**मा.न्या.श्री सपना प्रधान मल्ल र मा.न्या.श्री तेजबहादुर के.सी.,** ०७२-RB-००३१, करारको यथावत् परिपालना, *गणेशबहादुर गुरूङ वि. भौतिक पूर्वाधार तथा यातायात मन्त्रालय, सिंहदरबार, काठमाडौँ*

पुनरावेदक निवेदकलाई मिति २०७०।७।९ मा च.नं. क.प्र.।१३।विविधा।४३।२३ बाट सञ्चालक समितिको मिति २०७०।६।८ को बैठक नं. ४५४ को निर्णयबमोजिम दफा ८(ख) बमोजिम सम्झौता भङ्ग गरिएको र भाडासम्बन्धी हिसाब फरफारक गर्नु भन्ने बेहोराको पत्र प्रेषित गरिएको देखिन्छ । सो पत्र प्रेषित भएको १ वर्षपछि मिति २०७१।७।२६ को च.नं. ११ मिति २०७१।७।२६ को पत्रबाट करारबमोजिमको घर जग्गा खाली गर्नेबारे पत्र लेखिएको देखियो । यसरी

करारका एक पक्षबाट करार सम्झौतामा उल्लिखित १ वर्षको अवधिपछि करार रद्द भएको जानकारी दिएको पाइयो । करार सम्झौतामा उल्लिखित व्यवस्थाबमोजिम एक वर्षअगावै करार भङ्ग हुने जानकारी गराई १ वर्षको अवधि व्यतित भएपछि करार रद्द गर्ने गरी भएको निर्णयलाई मान्यता दिई गरेको काम कारबाहीलाई करार सम्झौताविपरीत भएको भनी अन्यथा गर्नुपर्ने अवस्था नदेखिने।

करार जीवितै रहेको अवस्थामा मात्र करारको यथावत् परिपालनाका लागि व्यवधान उत्पन्न भएमा उक्त करार ऐन, २०५६ को दफा ८७ को व्यवस्थाबमोजिम अन्तरिम प्रकृतिको उपचार प्राप्त गर्न सकिनेमा करार सम्झौता नै रद्द भइसकेको अवस्थामा करारको यथावत् परिपालनाका लागि उक्त व्यवस्थाबमोजिमको उपचार प्राप्त गर्न सक्ने अवस्था नदेखिएको भनी करारबमोजिमको अन्तिम उपचारको निम्ति करार सम्झौतामा उल्लिखित मध्यस्थताको प्रक्रियाद्वारा नै विवादको निरूपण गर्नुपर्ने गरी भएको पुनरावेदन अदालत, पोखराको आदेश मनासिब नै देखिने।

तसर्थ, पुनरावेदक निवेदक र विपक्षी तत्कालीन नेसनल कन्ट्रक्सन कम्पनी नेपाल लिमिटेडबीच भएको करार रद्द भइसकेको देखिएको र करार सम्झौतामा नै मध्यस्थता ऐन, २०५५ बमोजिम विवाद निरूपण गर्नेसमेत उल्लेख भएको अवस्थामा निवेदकको मागबमोजिम करार ऐन, २०५६ को दफा ८७(२) बमोजिमको आदेश जारी हुनुपर्ने अवस्था देखिएन भनी पुनरावेदन अदालत, पोखराबाट मिति २०७२।१।२ मा भएको आदेश मिलेकै देखिँदा सदर हुने।

इजलास अधिकृतः नगेन्द्रकेशरी पोखरेल

कम्प्युटर: विष्णुदेवी श्रेष्ठ

इति संवत् २०७४ साल वैशाख २८ गते रोज ५ शुभम्।

## इजलास नं. १८

**मा.न्या.श्री तेजबहादुर के.सी. र मा.न्या.श्री पुरूषोत्तम भण्डारी,** ०७३-WO-०९५९, उत्प्रेषण / परमादेश, *सचिन के सुनुवार वि. उच्च अदालत (तत्कालीन पुनरावेदन अदालत) पाटन*

कानूनबमोजिम दर्ता गरी सञ्चालनमा रहेको साहरिन इन्टरनेसनल हाउजिङ प्रा.लि. का प्रोप्राइटर रहेका यी निवेदकको वतन कहिले कता कहिले कता र अन्तैअन्तै हुने गरी वतन परिवर्तन गरी रहे पनि निज बिना वतन रहेका थिए भनी अनुमान लगाउन सकिँदैन। उक्त प्रकाशकुमार ढुङ्गानाको जाहेरी रहेको मुद्दामा यी निवेदकको नाउँमा म्याद तामेल भएको मिति २०६९।८।२५ गतेको समयमा आफ्नो वतन कहाँ थियो भनी प्रस्तुत निवेदन दर्ता गरेको समयसम्म खुलाउन नचाहनुले यी निवेदक सफा हातले रिट निवेदन लिएर आएका रहेछन् भनी मान्न सक्ने स्थिति देखिन नआउने।

अदालतले म्याद जारी गर्ने स्थान भनेको जाहेरवालाले देखाएको वतन हुने र जाहेरवालाले प्रतिवादीको वतन निजले गरेको बयान वा व्यावसायिक कामको सिलसिलामा उल्लेख गरेको वतन नै हुन आउँछ । अदालत, आफैँले शून्यतामा रहेर कसैको नाउँमा वतन कायम गरी आफैँ म्याद जारी गर्ने गर्दैन र जाहेरवाला वा मुद्दा दर्ता गर्ने पक्षले पनि प्रतिवादीको वतन आफैँ कायम गर्ने नभई निजले उल्लेख गरेको वा व्यावसायिक कामको सिलसिलामा उल्लेख गरेको वतन वा नागरिकताबमोजिमको वतन नै हुने देखिन जाने।

व्यावसायिक सिलसिलमा यी निवेदकले उल्लेख गरेको वतन काठमाडौं महानगरपालिका वडा नं. ४ लोसालमा म्याद तामेल गर्दा निजले उक्त वतन परिवर्तन गरेको देखिन्छ । निजले उल्लेख

गरेको निजको घर वास भएको वतन का.म.न.पा.-४ लोसालमा म्याद जारी भएको छ । निजउपर बैकिङ कसुरका मुद्दा लागेपछि सो चाल पाई निजले घरबासै बिक्री गरी डेराको माध्यमबाट वतन परिवर्तन गर्दै हिँड्न लागेपछि निजलाई यकिन रूपमा म्याद तामेल गर्न सक्ने स्थिति नै हुन सक्दैन। यसै कारणले नै उच्च अदालत, पाटनले अ.बं.११० नं. बमोजिमको प्रक्रिया पूरा गरी सार्वजनिक सूचना जारी गरी निवेदक विरूद्धको आरोपको प्रतिवाद गर्ने कानूनबमोजिमको अधिकार प्रदान गरेकै देखिन आयो । मिति २०७१।९।२४ गते थुनछेक गर्ने क्रममा अदालतमा उपस्थित रहेका यी प्रतिवादीले सोही अदालतबाट मिति २०७१।१०।२९ गते भएको फैसलाको काम कारबाहीको सम्बन्धमा अ.बं.२०८ नं. मा व्यवस्था भएको म्यादभित्र सम्म पनि जानकारी प्राप्त गर्न सकेका थिएनन् भनी विश्वास गर्न सक्ने स्थिति नरहने।

तसर्थ, विवेचित तथ्य तथा आधार कारणको आधारमा पुनरावेदन अदालत, पाटनको मिति २०७१।१०।२९ गतेको फैसलाको तपसिल खण्डको (च) बमोजिम सुरू म्यादै गुजारी बस्ने प्रतिवादी सचिन के सुनुवारलाई मुलुकी ऐन, अ.बं. २०८ नं. बमोजिम पुनरावेदन म्याद नदिई भएको फैसलाको तपसिल खण्ड (च) ले निजको कानूनी तथा संवैधानिक हक हनन् भएको नदेखिएको हुँदा निवेदन मागबमोजिम आदेश गर्न मिलेन। निवेदन खारेज हुने।

इजलास अधिकृत: दुर्गाप्रसाद भट्टराई

इति संवत् २०७४ साल पुस २० गते रोज ५ शुभम्।

## इजलास नं. १९

१

**मा.न्या.श्री पुरूषोत्तम भण्डारी र मा.न्या.श्री डम्बरबहादुर शाही**, ०७२-CR-१४१४, नक्कली बाबु बनी नागरिकता दिलाउने उद्योग, *कृष्णप्रसाद थपलियासमेत वि. नेपाल सरकार*

पुनरावेदक प्रतिवादीहरूले कसुर गरेको देखिए तापनि के कस्तो कसुर गरेका हुन्, के कस्तो सजाय हुने हो, कसुरको मात्राअनुसार सजाय तोक्नु न्यायोचित हुने हुँदा कुनै पनि कसुरदारलाई कसुरको मात्राभन्दा बढी सजाय गर्नु फौजदारी न्यायको मर्मविपरीत हुने हुँदा अपराधको गाम्भिर्यता र सो कार्यमा निर्वाह गरेको भूमिकाको आधारमा सजायको निर्धारण गरिनु न्यायोचित हुन जाने हुन्छ। निज निवेदक प्रतिवादीहरूको कसुरको गाम्भिर्यसमेतलाई विचार गर्दा विदेशीलाई नागरिकता दिलाउन झुट्टा विवरणमा सनाखत गरेको देखिए तापनि सो सनाखतबापत निजहरूले के कति आर्थिक लाभ लिएको हो सोको विवादरहित तवरबाट पुष्टि हुन नसक्नुका साथै रकम बरामद भएको नदेखिएसमेतबाट अपराध भइसकेको नदेखिएको र अपराध हुने कार्य गर्ने उद्योगसम्म गरेको देखिन्छ । यस्तो अवस्थामा निज प्रतिवादीहरूलाई जरिवाना मात्र गर्दा पनि कसुरको मात्राअनुसार सजाय पर्याप्त हुने भई न्यायको मकसद पूरा हुने नै देखिने।

अतः निज निवेदक प्रतिवादीहरू रामकुमार उप्रेती र कृष्णप्रसाद थपलियालाई नेपाल नागरिकता ऐन, २०६३ को दफा २१(२) अनुसार जनही रू.१२,५००।– (बाह्र हजार पाँच सय) रूपैयाँ जरिवाना हुने ठहर्छ । सो ठहर्नाले मिति २०६८।११।१८ मा नुवाकोट जिल्ला अदालतले नेपाल नागरिकता ऐन, २०६३ को दफा २१(२) को कसुरमा ऐ.ऐ.को दफा २१(७) बमोजिम ७(सात) महिना कैद हुने गरी भएको फैसला मिति २०६९।१२।१८ मा पुनरावेदन अदालत, पाटनले सदर गरेको फैसला मिलेको नदेखिँदा केही उल्टी भई प्रतिवादी रामकुमार उप्रेती र प्रतिवादी कृष्णप्रसाद थपलियालाई नेपाल नागरिकता ऐन, २०६३ को दफा २१(२) अनुसार १२,५००।- (बाह्र

हजार पाँच सय) रूपैयाँ जरिवाना हुने।

इजलास अधिकृत: गिता श्रेष्ठ

कम्प्युटर: अर्जुन पोखरेल

इति संवत् २०७४ साल माघ २६ गते रोज ६ शुभम्।

- यसै लगाउको ०७२-CR-०७७९, नक्कली बाबु बनी नागरिकता दिलाउने उद्योग, *देवेन्द्र न्यौपाने वि. नेपाल सरकारसमेत* भएको मुद्दामा पनि यसैअनुसार फैसला भएको छ।

२

**मा.न्या.श्री पुरूषोत्तम भण्डारी र मा.न्या.श्री डम्बरबहादुर शाही**, ०७२-CR-१४१५, नक्कली बाबु बनी नागरिकता दिलाउने उद्योग, *हरिप्रसाद उप्रेती वि. नेपाल सरकार*

प्रतिवादीलाई जन्म, मृत्यु तथा अन्य व्यक्तिगत घटना (दर्ता गर्ने) ऐन, २०३३ बमोजिम गरिएको सिफारिसमा सोही ऐनअनुसार कारबाही नगरी नेपाल नागरिकता ऐन, २०६३ बमोजिमको कसुर कायम गरी सजाय गरेको न्यायको रोहमा उचित मान्न नसकिने।

सम्बन्धित व्यक्तिले फारममा भरेको बेहोरा नै सिफारिस कर्ताको लागि जानकारीको मूल स्रोत हुने भएकोले स्थानीय जनप्रतिनिधिसमेत भई बाबुले आफ्नो छोरीको जन्म दर्ता तथा नाता प्रमाणपत्र बनाउन आउँदा निजहरूलाई उक्त कागजातहरू नदिनु पर्ने कुनै कारण तथा अवस्थासमेत नरहेको अवस्थामा जन्म, मृत्यु तथा अन्य व्यक्तिगत घटना (दर्ता गर्ने) ऐन, २०३३ ले दिएको अधिकार प्रयोग गरी दिएको उक्त सिफारिसलाई दूषित मनसाय युक्त आपराधिक कार्य गरेको मान्न सकिएन। सम्बन्धित व्यक्तिले फारममा भरेको बेहोरा नै सिफारिस कर्ताको लागि जानकारीको मूल स्रोत हुने भएकोले स्थानीय जनप्रतिनिधिसमेत भई बाबुले आफ्नो छोरीको जन्म दर्ता तथा नाता प्रमाणपत्र बनाउन आउँदा निजहरूलाई उक्त कागजातहरू नदिनु पर्ने कुनै कारण तथा अवस्थासमेत नरहेको अवस्थामा जन्म, मृत्यु तथा अन्य व्यक्तिगत घटना (दर्ता गर्ने) ऐन, २०३३ ले दिएको अधिकार प्रयोग गरी दिएको उक्त सिफारिसलाई दूषित मनसाय युक्त आपराधिक कार्य गरेको मान्न नसकिने।

अन्य प्रतिवादीहरूले निज प्रतिवादी हरिप्रसाद उप्रेतीसमेत संलग्न रही रकम लिने खाने नियतले कुनै कार्य गर्‍यो भनी भन्न सकेको अवस्था मिसिल संलग्न कागजातहरूले पुष्टि गर्न सकेको देखिएन। प्रतिवादीहरू मध्येको रामकुमार उप्रेतीले अधिकारप्राप्त अधिकारीसमक्ष गरेको बयानको स.ज.नं.१२ मा अनुसूची फारममा सिफारिस गर्ने गा.वि.स. सचिवलाई मैले निज छुङ्ता लामा, भक्तबहादुरको छोरी होइनन् भनी खुलस्तरूपमा नबताएको भनेसमेतबाट तत्कालीन गा.वि.स. सचिव निज निवेदक प्रतिवादी हरिप्रसाद उप्रेतीले यी भक्तबहादुर गुरूङ र छुङ्ता लामा बाबु छोरी होइन भनी जानी जानी सिफरिस गरेको भन्न मिलेन। निज निवेदक प्रतिवादीले विदेशीलाई नागरिकता दिलाउन के कस्तो प्रकारको झुट्ठा विवरण वा सहयोग गर्‍यो तथा के कति आर्थिक लाभ लियो भन्नेसमेत पुष्टि हुन नसकेको अवस्थामा स्थानीय जनप्रतिनिधिसमेत भई झुट्ठा विवरण लिई स्थानीय व्यक्ति भक्तबहादुर गुरूङ पिता बनी आफ्नो कान्छी छोरी छुङ्ता लामा गुरूङ हो भनी ऐनले तोकेको विवरण र फारामसमेत भरी सहिछाप लगाई जन्म दर्ता तथा नाता प्रमाणपत्रको सिफारिस लिन आएको अवस्थामा ऐनले तोकेबमोजिमको निजले जन्म दर्ता तथा नाता प्रमाणपत्र दिनुलाई आरोपित कसुर गरेको मान्न नसकिने।

कसैलाई पनि कसुरदार ठहर गर्नुपूर्व आरोपितको मनसाय, अपराधको गाम्भिर्यतासमेतलाई विचार गर्नुपर्ने हुँदा प्रस्तुत वारदातमा निवेदक प्रतिवादी हरिप्रसाद उप्रेतीले जन्म दर्ता तथा नाता प्रमाणपत्र दिनुको मनसाय विदेशीलाई नेपाली नागरिकता दिनु नभएर स्थानीय भक्तबहादुर गुरूङको कान्छी छोरी छुङ्ता लामालाई विदेश पढ्न जान र छात्रवृत्तिसम्बन्धी

अन्य कागजातहरू बनाउनको लागि दिएको भन्ने मिसिल संलग्न प्रमाणहरूबाट मालाकाररूपमा पुष्टि भइरहेको अवस्थामा दूषित मनसायबिना "जन्म, मृत्यु तथा अन्य व्यक्तिगत घटना (दर्ता गर्ने) ऐन, २०३३" ले दिएको अधिकार तथा दायित्व रीतपूर्वक पालना गरिदिएको प्रमाणपत्र कागजातलाई अन्य गैरकानूनी कार्यमा प्रयोग गर्छ भने यस्तो प्रमाणपत्र दिनेलाई दोषी मानी कारबाही गर्नु अन्याय पूर्ण हुन जान्छ। जन्म दर्ता तथा नाता प्रमाणपत्रको सिफारिस र नागरिकताको सिफारिस भनेको फरक विषय हो । यस्तो फरक विषयमा सफा नियत राखी दिएको कागजातहरूलाई अन्य प्रतिवादीहरूले विदेशीलाई नागरिकता दिलाउन प्रयोग गर्छ भने सो कार्यको भागिदार सफा नियतले जन्म दर्ता तथा नाता प्रमाणपत्रको सिफारिस गर्ने निज निवेदकलाई झुट्ठा विवरण दिई विदेशीलाई नेपाली नागरिकता दिलाउन सहयोग गरेको भनी नेपाल नागरिकता ऐन, २०६३ को दफा २१(२) को कसुर कायम गरी सजाय गर्नु न्यायको रोहमा उचित मान्न नसकिने।

अतः उल्लिखित आधार र कारणहरूसमेतबाट प्रतिवादीहरूमध्येको भक्तबहादुर गुरूङ बाबु र छुड्ता लामा गुरूङ छोरी बनी झुट्ठा विवरण दिई निज निवेदक प्रतिवादीलाई झुक्यानमा पारी ऐनले तोकेको रीतपूर्वकको ढाँचामा निवेदन लिई आई स्थानीय जनप्रतिनिधिसमेतले सनाखत गरी दिएको अवस्थामा बनाइदिएको कागजलाई जानीजानी विदेशीलाई नागरिकता दिलाउन सिफारिस गरी सहयोग गरेको भन्न नमिल्ने।

व्यक्तिगत घटना विवरणको जानकारीको आधिकारिकता सम्बन्धित व्यक्ति नै हुने र निजले फारममा भरेको बेहोरा नै मूल स्रोत हुने भएकोले स्थानीय बाबु र जनप्रतिनिधि भई छोरीको जन्म दर्ता तथा नाता प्रमाणपत्र बनाउन रीतपूर्वकको फाराम भरी सिफारिस माग्न आएको अवस्थामा तत्कालीन गा.वि.स. सचिव निज निवेदक प्रतिवादी हरिप्रसाद उप्रेतीले दिएको जन्म दर्ता र नाता प्रमाणपत्रको सिफारिस कानूनसम्मतको नै रही निज निर्दोष रहेको पुष्टि हुनआएको देखिँदा सुरू नुवाकोट जिल्ला अदालतले मिति २०६८।११।२८ मा निज प्रतिवादीलाई आरोपित कसुर ठहऱ्याई नागरिकता ऐन, २०६३ को दफा २१(२) को कसुर कायम गरी ऐ.को २१(७) बमोजिम ७ सात महिना कैद सजाय गरेको पुनरावेदन अदालत, पाटनले मिति २०६९।१२।१८ मा सदर गरेको फैसला उल्टी हुने र निवेदक प्रतिवादीले आरोपित कसुरबाट सफाइ पाउने।

इजलास अधिकृत: गीता श्रेष्ठ

इति संवत् २०७४ साल माघ २६ गते रोज ६ शुभम्।

३

**मा.न्या.श्री पुरूषोत्तम भण्डारी र मा.न्या.श्री डम्बरबहादुर शाही**, ०७३-CI-०९९०, लिखित तथा दर्ता बदर दर्ता, *हृदय राउत अहिर वि. बलकेशिया अहिरनीसमेत*

लोग्नेको देहावसानपछि छोराहरूले आमाप्रतिको दायित्व पूर्णरूपले पालन नगरेको कारण घरको पुरूष व्यवहारकर्ताको दायित्व आइपरेको र अन्य आयस्रोतको माध्यम नभएको तथा आफ्नो स्वास्थ्य उपचारसमेत गर्नुपर्ने कारणबाट व्यवहार चलाउनको लागि मुलुकी ऐन, अंशबन्डाको १९ नं. को कानूनी परिधिभित्र रही केही अर्थात् आधाभन्दा कम जग्गा बिक्री गरी व्यवहार चलाएको अवस्थालाई अन्यथा भन्नुपर्ने अवस्था देखिँदैन । उक्त जग्गा बिक्री गर्दा अर्को छोरा साक्षी रहेको तर वादी पुनरावेदकलाई सम्म साक्षी नराखेकै कारणबाट मात्र व्यवहार चलाउनको लागि घरको मुख्यले केही जग्गा बिक्री गरेको र उक्त जग्गा बिक्री गर्दा अंशबन्डाको १९ नं. को परिधिभित्र रही गरेको व्यवहारले वैधानिकता पाउँदैन भनी भन्नु कानूनसङ्गत नदेखिने।

मुलुकी ऐन, लेनदेन व्यवहारको ८ नं.ले

घरको मुख्य भई व्यवहार गर्नेले अंशबन्डाको १९ नं. बमोजिम अचलमा आधीसम्म व्यवहार चलाउन पाउने कानूनी व्यवस्था रहेको तथा आफूले लिखत गरी बिक्री गरिदिएको जग्गाको आधाभन्दा बढी ०-१९-१५ जग्गा प्रतिवादी बलकेशिया अहिरनीको नाममा रहेको भनी निजको भनाइसमेत रहेको कुरालाई यी वादी निवेदकले अन्यथा भन्न सकेको नदेखिएबाट प्रत्यर्थी प्रतिवादी बलकेशिया अहिरनी घरको मुख्य व्यक्ति भएको र घरको मुख्य व्यक्तिले पैतृक सम्पत्तिको आधा आफूखुस गर्न मुलुकी ऐन, अंशबन्डाको १९(१) ले बाधा पुर्‍याएको नदेखिने ।

अतः विवेचित आधार, कारण र प्रमाणसमेतबाट घर व्यवहार सञ्चालन गर्न अचल सम्पत्ति आधीभन्दा कम ज.वि. ०-७-० जग्गा बलकेशियाले बिक्री गरेको कार्य कानूनसङ्गत नै भएको हुँदा ३ खण्डको १ खण्ड लिखत दर्ता बदरसमेत गरिपाउँ भन्ने वादीको दाबी नपुग्ने ठहर गरी सुरू बारा जिल्ला अदालतको मिति २०७१।१२।११ को फैसलालाई सदर गर्ने गरी पुनरावेदन अदालत, हेटौंडाबाट मिति २०७२।११।१४ मा भएको फैसला मिलेकै देखिँदा सदर हुने ।

इजलास अधिकृतः गीता श्रेष्ठ

इति संवत् २०७४ साल माघ २६ गते रोज ६ शुभम् ।

## एकल इजलास

**मा.न्या.श्री विश्वम्भरप्रसाद श्रेष्ठ,** ०७३-WO-१३३४, उत्प्रेषण / परमादेश, *चुडाबहादुर खड्का वि. प्रधानमन्त्री तथा मन्त्रिपरिषद्को कार्यालय, सिंहदरबारसमेत*

भूकम्प पीडितहरूबाट परेको निवेदनलाई छनौट गर्न अवलम्बन गर्नुपर्ने कुनै निश्चित पद्धति प्रणाली कुनै कानूनले तोकेको पनि देखिँदैन । भूकम्प पीडितहरूमध्येबाट नै गोलाप्रथाको आधारमा १५००।- जना व्यक्तिले राहतस्वरूप ट्याक्सी नम्बर पाउन सक्ने र निवेदक पनि सो कारबाहीमा सहभागी भइसकेको हुँदा समानता भएन भन्ने निवेदकको भनाइ मनासिब देखिन नआउने ।

भूकम्प पीडितको लागि वितरण गरिने नयाँ ट्याक्सी नम्बरको प्रयोग काठमाडौं उपत्यकाभित्र मात्र प्रयोग गर्ने वा उपत्यकाबाहिर पनि प्रयोग हुन सक्ने हो भन्ने विषय नेपाल सरकारको नीतिगत तथा व्यवस्थापकीय प्रकृतिको विषय हो । त्यस्तो प्रशासनिक विषयमा रिट क्षेत्राधिकारभित्र प्रवेश गरी न्यायालयबाट कुनै आदेश जारी गर्नु उपयुक्त हुने नदेखिने ।

अतः निवेदकसमेत सहभागी रहेको राहतस्वरूप नेपाल सरकारले अवलम्बन गरेको ट्याक्सी नम्बर वितरण प्रक्रियाको विषयमा असर पर्ने गरी निवेदकले लिएको निवेदन दाबी रिटसम्बन्धी संवैधानिक व्यवस्था तथा सैद्धान्तिक मूल्य मान्यताअनुकूल नदेखिँदा पहिलो दृष्टिमा नै कारण देखाउ आदेश जारी गर्न तथा विपक्षीहरूबाट लिखित जवाफ मगाइरहनु पर्ने देखिएन । तसर्थ प्रस्तुत रिट निवेदन खारेज हुने ।

इजलास अधिकृतः महेश खनाल

इति संवत् २०७४ साल असार ६ गते रोज ३ शुभम् ।

"मेलमिलाप गरौं, विवाद नबढाऔं"
- सर्वोच्च अदालत, मेलमिलाप समिति